नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» शनिबार, माघ २७, २०७४ » Saturday, February 10, 2018 » www.newsofnepal.com » नेसं ११३८ शिल्लागा १० » वर्ष २४, अंक ३१ » पृष्ठ १२ » मूल्य रु १०/–

२ { डाक्टरलाई एक सजेसन
५ { कांग्रेसको प्रदेशसभा संसदीय दलको विधान पारित
९ { ओलीको 'ग्रिन सिग्नल'ले पौडेल पहिलो मुख्यमन्त्री
१० { वित्तीय अनुशासन कायम गर्न बोर्डको कडाइ

# सिंहदरबारभित्रको कथा

◆ कहिले बन्छन् भत्किएका भवन ◆ २० वर्षमा पनि कार्यान्वयन भएन निर्णय

गंगा बराल, काठमाडौं

सिंहदरबारभित्र रहेका केही ठूला भवन अझै पनि बनाइएको छैन। भूकम्प गएको ३१ महिना बितिसकेको छ। सर्वसाधारण जनताले न्याय र राहत नपाएझैं सिंहदरबारभित्रका केही ठूला भवन पनि मर्मतसम्भारको पर्खाइमा रहेका छन्।

सिंहदरबारभित्र रहेको संसद्को बैठक बस्ने प्रतिनिधिसभाको पुरानो भवन भूकम्पले काम नलाग्ने गरी भत्किएको छ। यो भवनसहित सिंहदरबार पश्चिम लङ भवनलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बनाउने भएको छ। सिंहदरबार पश्चिम लङ भवन निर्माण हुँदै छ तर संसद् भवन भने निर्माण शुरू भएको छैन। सिंहदरबार सचिवालय पुनर्निर्माण समितिका प्रशासकीय अधिकृत रामप्रसाद बेल्बासेले पहिले नै बनाइएको गुरुयोजनाअनुसार काम भइरहेको जनाउनुभयो।



शहरी विकास मन्त्रालयअन्तर्गत रहेको सचिवालयले भवन निर्माणका साथै सरसफाइ, बोटबिरुवा संरक्षणका साथै अन्य जिम्मेवारी पनि लिएको छ। २०३० सालमा विकसित भएको सोचअनुसार सरकारले लामो समयको गृहकार्यपछि २०३७ सालमा मात्र सचिवालयको स्थापना गरेको थियो।

सिंहदरबारभित्र रहेको ८ सय ८ रोपनी जग्गामा साना ठूला गरी ५ भन्दा बढी भवन छन्। सर्वोच्च अदालत र राष्ट्रिय अनुसन्धान विभाग पनि सिंहदरबार परिसरमै रहेका छन्। ३१ वटा मन्त्रालयमध्ये सिंहदरबारबाहिर स्वास्थ्य मन्त्रालय मात्र रहेको छ। गृह मन्त्रालय नजिकैको खाली जग्गामा सर्वोच्चको भवन बनाउने भनिए पनि अन्तिममा आएर भइरहेको ठाउँमा ३० रोपनी जग्गा थप गरिएको छ। भवन बनाउन सर्वोच्चलाई ५५ रोपनी जग्गा छुट्याइएको थियो।

अहिले रक्षा मन्त्रालय र राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको भवन बनिरहेको छ। रक्षा मन्त्रालय निर्माण खर्च १९ करोड ३३ लाख रहेको छ। निर्माण कम्पनीसँगको सम्झौताअनुसार २०७७ को असारसम्म रक्षा मन्त्रालयको भवन बनाइसक्नुपर्नेछ। गृह मन्त्रालयसँगै बन्दै गरेको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको ४ तले भवन २०७५ मंसिरसम्म सकिने सम्झौता छ।

सचिवालयकी सूचना अधिकारी तथा प्रशासन शाखाकी वरिष्ठ सहायक आरती पौडेलले भर्खरै मात्र राष्ट्रिय सुरक्षा परिषद्को भवन, संसद् सचिवालयको १ नम्बर र २ नम्बर भवनमा तला थप गरिएको जनाउनुभयो। उहाँका अनुसार सचिवालयको १ नम्बर भवनका लागि २ करोड ९५ लाख २८ हजार रुपियाँ, २ नम्बर भवनका लागि ३ करोड ७८ लाख र सुरक्षा परिषद्को भवनका लागि १ करोड ९० लाख रुपियाँ लागत छुट्याइएको छ। यी ३ वटै भवनको लगभग निर्माण सम्पन्न भएको छ। राष्ट्रिय सतर्कता केन्द्रका लागि गत जेठमा भवन बनिसकेको छ।

शहरी विकास मन्त्रालयको पछिल्लो भागमा ११ करोड ५६ लाख रुपियाँमा बनेको सतर्कताको नयाँ भवनमा राष्ट्रिय योजना आयोग बसेको छ। सतर्कता केन्द्र अहिले शिक्षा मन्त्रालयमा रहेको छ। योजना आयोगको आफ्नै भवन नभएकाले पटकपटक सरिरहनुपरेको छ।

भूकम्पअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमै रहेको आयोगले भूकम्पपछि केही दिन पालमा कार्यालय चलाएको थियो भने त्यसपछि सञ्चार मन्त्रालयसँगै रहेको मुद्रण विभागमा सरेको थियो।

नेपाल टेलिभिजनको उत्तरतर्फ रहेको पुतली बगैंचामा संसद्को नयाँ भवन बनाउने सचिवालयको गुरुयोजना रहेको छ। सरकारले संसद् भवन बनाउन चासो नदिँदा २०५५ सालमा क्याबिनेटले पास गरेको निर्णय २० वर्षसम्म पनि कार्यान्वयन हुन सकेको छैन। यसका लागि १ सय ५१ रोपनी छुट्याइएको छ। सिंहदरबारमा भौतिक योजना, पर्यटन, कृषि, श्रम, महिला बालबालिका तथा समाजकल्याण, सञ्चार मन्त्रालयलगायतका भवनलाई टाइप डिजाइन भवन भनिन्छ। शिक्षा, परराष्ट्र, अर्थलगायतका मन्त्रालयका भवन ब्रिटिस शैलीका छन्।

# उम्मेदवारको नाम बुझाउन आयोगको पत्र

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोग नेपालले सिट संख्याअनुरूप प्रतिनिधिसभाको समानुपातिक प्रणालीबाट निर्वाचित हुने उम्मेदवारको नाम बुझाउन दलहरूलाई पत्राचार गरेको छ।

आयोगले निर्वाचन भएको ६५ दिनपछि समानुपातिकतर्फको सिट संख्या सार्वजनिक गरी सो पत्र पठाएको हो। समानुपातिकतर्फ थ्रेस होल्ड कटाएका पाँचवटा दललाई पत्राचार गरिएको आयोगका प्रवक्ता नवराज ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

उक्त पत्रमा दलहरूलाई आफूले पाएको सिट संख्या र समावेशीको कलस्टरअनुसार यही माघ २९ गते साँझ ५ बजेभित्र निर्वाचित उम्मेदवारको नामावली पठाउन आग्रह गरिएको छ। प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवको अध्यक्षतामा शुक्रबार बसेको आयोगको बैठकपछि उक्त पत्र पठाइएको हो।

थ्रेस होल्ड तीन प्रतिशत तोकिएको थियो। निर्वाचनमा सहभागी ४९ मा तीन प्रतिशतभन्दा कम मत प्राप्त गर्ने ४४ दल रहेका छन्।

समानुपातिक निर्वाचन कार्यालयका निर्वाचन अधिकृत एवम् सचिव वेगेन्द्रराज शर्माका अनुसार नेकपा एमालेले ४१, नेपाली कांग्रेसले ४०, नेकपा माओवादी (केन्द्र)/समाजवादी जनता पार्टी/जनजागरण पार्टी नेपालले १७, राष्ट्रिय जनता पार्टी नेपालले ६ र संघीय समाजवादी फोरम, नेपाल ६ सिट प्राप्त गरेका छन्।

नेपालको संविधान-२०७२ को धारा ८४ को उपधारा (८) मा संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ। दलहरूले प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राष्ट्रियसभातर्फ प्राप्त गरेको महिलाको सिट संख्याको आधारमा समानुपातिकतर्फबाट महिलाको संख्या कम्तीमा एक तिहाइ पुर्‍याउनुपर्नेछ। सोहीअनुरूप महिलाको सिट संख्यासमेत उल्लेख गरेर पत्राचार गरिएको प्रवक्ता ढकालले बताउनुभयो।

एक तिहाइ पुर्‍याउन (एमाले)ले कम्तीमा ३७, कांग्रेसले कम्तीमा २०, माओवादी केन्द्र/जनता पार्टी/जनजागरण पार्टीले कम्तीमा १६, राष्ट्रिय जनता पार्टीले कम्तीमा ६ र फोरमले कम्तीमा ५ जना महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनुपर्नेछ। यसो गर्दा एमालेले चार, कांग्रेसले २०, माओवादी र फोरमले एक, एक पुरुषलाई मात्र समानुपातिक सांसद बनाउन सक्नेछन्। राजपाले सबै महिला पठाउनुपर्नेछ।

दलहरूले सम्बन्धित समावेशी समूहको प्रतिनिधित्व हुने गरी अन्तिम बन्दसूचीको समावेशी समूहको प्राथमिकता क्रमका आधारमा उम्मेदवार छनोट गरी आयोगमा पठाउनुपर्नेछ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (५) बमोजिम केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिबाट उम्मेदवारको नामावली निर्णय गर्नुपर्नेछ।

# पूर्वसांसदलाई दुई प्रकारका लोगो

नेपाल समाचारपत्र
काठमाडौं

संसद् सचिवालयले पूर्वसांसदलाई लोगो वितरण गरेको छ। संविधान बनाएबापत पूर्वसांसदले सचिवालयबाट निःशुल्क रूपमा लोगो पाउनेछन्। यस्तै पूर्वसांसद मञ्चमा सदस्य भएपछि अर्को लोगो र परिचयपत्र पाउनेछन्।

संसद् सचिवालयले माघ १५ गतेबाट लोगो दिन थालेको छ। पहिलो र दोस्रो संविधानसभाका सदस्यलाई लोगो उपलब्ध गराइएको सचिवालयका प्रवक्ता डा. भरतराज गौतमले बताउनुभयो।

संसद्को राज्य व्यवस्था समितिले संविधानसभाका पूर्वसांसदलाई लोगो दिने निर्णय गरेको थियो। संसद्का जिन्सी इकाइ (स्टोर)का शाखा अधिकृत विनोदकुमार मालीले ११ सय २४ सांसदलाई लोगो दिइने जानकारी दिनुभयो।

'पहिलोपटक पाँच सय लोगो तयार भएका छन्, यी सकिन लागेपछि फेरि मगाउँछौं।' -माली भन्नुभयो। लोगोको बीचमा नेपालको संविधानको पुस्तक छ भने एकछेउमा चन्द्र र अर्को छेउमा सूर्य अंकित छ। देश सातवटा संघमा विभाजन भएकाले सात जनाको फोटोसमेत लोगोमा छ।

लोगोको डिजाइन ८१ वर्षका कलाकार टेकवीर मुखियाले गरेका हुन्। लोगो बनाएबापत सचिवालयले उनलाई ७५ हजार रुपियाँ उपलब्ध गराएको छ। लोगो बनाउँदा तीन सय ५० रुपियाँसँगै कर जोडिएको छ। संसद् बैठक सकिएको दिन गत असोज २८ गते संसद्मा तत्कालीन सभामुख ओनसरी घर्तीले संविधान बनाएबापत सांसदहरूलाई लोगो प्रदान गरिने प्रतिबद्धता जनाउनुभएको थियो।

नेकपा एमालेका पूर्वसांसद रामकुमार भट्टराईले भने लोगो आकर्षक नभएको टिप्पणी गर्नुभयो। 'हल्ला गरेपछि राम्रो र आकर्षक दिनुपर्दथ्यो, टार्ने काममात्र भयो।' -उहाँको असन्तुष्टि थियो।

दोस्रो संविधानसभामा शुरूमा निःशुल्क उपलब्ध गराइएको लोगो हराएपछि ४ हजार ९ सय ६० रुपियाँ तिरेर अर्को लिनुपर्दथ्यो। सुनजडित भएकाले महँगो भएको जिन्सी इकाइ (स्टोर)ले जनाएको छ। अबको लोगो कम मूल्यमा बन्ने बताइएको छ।

२०५७ सालमा स्थापना भएको पूर्वसांसद मञ्चले पनि गत असारबाट आफ्ना सदस्यलाई 'पूर्वसांसद' लेखिएको लोगो वितरण गरेको छ। मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले मञ्चमा आबद्ध हुने सांसदको संख्या बढिरहेको बताउँदै साढे चार सय पूर्वसांसदले सदस्यता लिएको जानकारी दिनुभयो।

मञ्चमा आजीवन सदस्यताबापत २ हजार रुपियाँ बुझाउनुपर्छ। मञ्चले दिएको लोगोको बीचमा नेपालको नक्सा र झण्डा रहेको छ भने त्यसभन्दा तल लालिगुराँसको चित्र छ। ५९औं संसद् दिवसको उपलक्ष्यमा गत असार १६ गते संसद् भवन बानेश्वरमा आयोजित कार्यक्रममा तत्कालीन गृहमन्त्री जनार्दन शर्माले यसको शुरुआत गर्नुभएको थियो। उक्त मञ्चको संस्थापक अध्यक्ष रामहरी जोशी हुनुहुन्थ्यो भने पूर्वसभामुख तारानाथ रानाभाट निवर्तमान अध्यक्ष हुनुहुन्छ।

(क्रमशः पृष्ठ ९ मा)

# प्रदेश सांसदलाई किस्तामा घडेरी

नेपाल समाचारपत्र
हेटौंडा

हेटौंडामा ३ नम्बर प्रदेशका सांसदहरूले पाउने सुविधा थपिँदै गएको छ। सांसदका लागि हेटौंडा उपमहानगरपालिकाको नेतृत्वमा धेरै सुविधा थपिने भएको छ।

प्रदेशसभा बैठकका लागि हेटौंडा आएका सांसदहरूले होटल तथा लजमा ४० प्रतिशत छुट पाइरहेका छन्। प्रदेश सांसदहरूलाई बस्न भाडाको घर खोज्नुनपर्ने गरी काम थालिएको छ। यहाँका सरकारी घरमा सांसदहरूलाई राख्ने गरी तयारी यसै उहाँहरूलाई सहुलियतमा घडेरी उपलब्ध गराउने निर्णय शुक्रबार भएको छ।

सांसदहरूलाई उपमहानगर क्षेत्रमा घर बनाउन घडेरी दिने भएको हो। हेटौंडा नगर विकासको स्वामित्वमा रहेको जग्गालाई प्रदेश सांसदलाई घडेरीका रूपमा दिने सर्वदलीय निर्णय गरिएको छ।

उपमहानगर मेयर हरिबहादुर महतको प्रस्तावमा सांसदहरूलाई घडेरी दिने निर्णय भएको हो। हेटौंडा-८, कमानेमा रहेको सात बिगाहा जग्गामध्ये प्रदेश सांसदहरूलाई सहुलियत दरमा घडेरी दिने निर्णय भएको छ। यस्तो सुविधा मकवानपुरका ६ जना प्रदेश सांसदलाई भने दिइनेछैन।

मकवानपुरबाहेकका प्रदेश सांसदहरूलाई दश धुरका दरले घडेरी दिइने बताउँदै मेयर महत भन्नुहुन्छ- 'प्रदेश सांसदहरूलाई बस्न सरकारी जग्गामा बनेका घर उपलब्ध गराउने भनेका छौं।'

घडेरी किनेबापत्को रकम प्रदेश सांसदहरूले पाँच वर्षसम्ममा भुक्तानी गरे हुनेछ। सांसदहरूले किस्ताबन्दीमा मासिक पैसा दिने गरी पदावधिभर घडेरीको रकम भुक्तानी गरे हुने भएको छ। सांसदले आफूले पाउने मासिक रकमबाट किस्ताबन्दीमा रकम उपलब्ध गराउनुपर्ने र पाँच वर्षभित्र पूरै भुक्तानी गर्न मिल्ने गरी सर्वदलीय निर्णय गरिएको छ।

नगर विकासको स्वामित्वमा रहेको हेटौंडाको हुप्रचौर र कमाने क्षेत्रमा जग्गा प्लटिङ गरेर सर्वसाधारणलाई बढाबढमा सयौं घडेरी बिक्री गरिएको थियो। आफ्नै स्वामित्वमा रहेको जग्गा बिक्री गर्न कानुनी बाधा हुने नभएपछि उपमहानगर यस्तो निर्णयमा पुगेको हो।

देशका अन्य ६ वटा प्रदेश र प्रतिनिधिसभाका सदस्यलाई घर भाडामा लिएर बस्नुपर्ने बाध्यता भइरहेको समयमा हेटौंडामा भने प्रदेश सांसदलाई भाडाको घरमा बस्नुनपर्ने गरी सरकारी क्वार्टर व्यवस्था गर्ने गरी कामको थालनी गरिएको हो।

(क्रमशः पृष्ठ ९ मा)

मन्त्रिपरिषद्को बैठक

# बम्जनको ध्यान क्षेत्र 'धार्मिक वन' घोषित

काठमाडौं, (नेस)



सरकारले तपस्वी रामबहादुर बम्जनले ध्यान गरेको बारा जिल्लाको वनक्षेत्रलाई धार्मिक वन घोषणा गरेको छ।

मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले सो निर्णय गरेको सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले जानकारी दिनुभयो।

यसैगरी बैठकले राष्ट्रियसभामा मनोनित हुने तीन सदस्यको नाम तोक्ने जिम्मा प्रधानमन्त्रीलाई दिएको छ भने राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई नेपाली सेनाका मानार्थ सहायकरथीको दर्जा दिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# विद्यार्थी नभएका सामुदायिक विद्यालय बन्द गरिने

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले कम विद्यार्थी भएका विद्यालयको तह घटाउने र अत्यन्तै न्यून विद्यार्थी भएका विद्यालय बन्द गर्ने कार्यविधि बनाएको छ।

त्यस्तैका महानगर क्षेत्रभित्र सञ्चालन हुने सबै विद्यालय गुठीमार्फत सञ्चालन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गर्ने तयारी गरेको छ। कम्पनी ऐनअन्तर्गत सञ्चालन हुने व्यवस्थालाई निरुत्साहित गर्न महानगरपालिकाले यस्तो व्यवस्था ल्याएको हो।

आगामी शैक्षिक सत्र २०७५ बाट लागू गर्ने गरी नयाँ कार्यविधि तयार गरेको महानगरपालिका शिक्षा विभागले विद्यालयको अनुगमनलाई कडाइ गर्ने भएको छ।

त्यसैगरी शिक्षक सरुवा गर्ने अधिकार कार्यपालिकालाई दिएको छ। सरुवा हुन चाहने शिक्षक र विद्यालयले सहमति दिएपछि मात्रै शिक्षक सरुवा गर्ने व्यवस्था गरेको छ। नियुक्ति र बढुवाको विषयमा भने केही उल्लेख गरेको छैन।

त्यसैगरी सबै विद्यालयमा सूचना र प्रविधिलाई अनिवार्यरूपमा प्रयोग गर्नुपर्ने नियम बनाइएको छ। सूचना प्रविधिले सबै विद्यार्थीको पढाइ र लेखाइमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने जनाउँदै कामपाले सबै सरकारी र निजी विद्यालयमा सूचना प्रविधिको प्रयोगलाई महत्त्व दिएको छ। कामपा शिक्षा विभाग प्रमुख प्रल्हाद अर्यालले कार्यविधि स्वीकृत भएपछि विद्यालय शिक्षामा नयाँ व्यवस्था लागू हुने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'कार्यविधि तयार गरेका छौं, कार्यपालिकाको बैठकले पारित गरेपछि लागू हुनेछ। कामपाको अब बस्ने कार्यपालिकाको बैठकले कार्यविधि स्वीकृत गर्ने भएको छ।'

अधिकांश स्थानीय गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले पारित गरेको कार्यविधिमा तत्काल विद्यालय व्यवस्थापन समिति गठन गरी अध्यक्षमा वडा अध्यक्ष राख्ने निर्णय गरेका छन्। तर कामपाले तयार गरेको कार्यविधिमा अभिभावलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाएर वडा अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधिलाई अनिवार्यरूपमा समितिको सदस्यमा राख्ने गरी कार्यविधि तयार गरेको छ।

'हामीले स्थानीय तहका प्रतिनिधिलाई भन्दा पनि अभिभावकलाई नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष राख्ने गरी कार्यविधि बनाएका छौं।' -कामपा शिक्षा विभागका प्रमुख अर्यालले भन्नुभयो।

उहाँले विद्यालयका प्रमुख व्यक्ति अभिभावक भएकाले अभिभावककै अध्यक्षतामा विद्यालय व्यवस्थापन समिति गठन गर्नेगरी कार्यविधि तयारी गरेको जानकारी दिनुभयो।

कार्यविधिमा एउटा कक्षा कोठामा ४० जना विद्यार्थी रहने व्यवस्था गरेको छ। शिक्षा नियमावलीमा ५० जना उल्लेख भए पनि कामपाले महानगर क्षेत्रभित्रका विद्यालयमा एउटा कक्षामा ४० जना हुनुपर्ने गरी कार्यविधि बनाएको छ।

हाल काठमाडौं महानगरपालिकाभित्र ६ सय ५० संस्थागत र करिब सय सामुदायिक गरी करिब ७ सय ५० विद्यालय रहेका छन्। सामुदायिक विद्यालयमा करिब २ हजार शिक्षक कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको अधिकार कटौती गरेपछि कार्यविधि तयार गरेको कामपाले कार्यविधिको विषयमा सबै सरोकारवालासँग छलफल गरिसकेको छ। शिक्षाविद्, शिक्षक संघ-संगठन, कर्मचारी, अभिभावक, निजी विद्यालयको छाता संगठन प्याब्सन र एनप्याब्सनलगायतका निकायसँग छलफल गरेको थियो।

# महानगर

डाक्टर सधैं हतारमा हुन्छ। उसलाई परिवारभन्दा पनि बिरामीको बढी याद आउँछ। संवेदनशील काम भएकाले यसमा प्रेस्टिज र रिस्क दुवै छ। १५ घन्टा काम गर्दा पनि उसले थाकें भन्न पाउँदैन। हप्ताको सात दिन दशैंतिहार जतिबेला पनि स्टयान्डबाइ हुनुपर्ने। गज्जबको पेसा छ यो। आफू बिरामी भए पनि अरूको उपचार गर्नुपर्ने। बिरामी भएर बस्न नपाइने।

Go Ahead

# डाक्टरलाई एक सजेसन



कमल ढकाल
dhakal_kamal@hotmail.com

उमेर अंक हो कि उमेर उमेर मात्र हो? प्रश्न गम्भीर छ। उत्तर पनि गम्भीर बन्छ। कर्मयोगीको उमेर अंक जस्तै हुन्छ। सत्य मोहन जोशी र माधव घिमिरे सय वर्षमा हिँड्दै हुनुहुन्छ। उहाँहरूका लागि उमेर अंक बराबर हो। ४१ वर्षकै उमेरमा संसार तहल्का पिट्ने मदन भन्डारीको हत्या भयो र पनि आजसम्म बाँचिरहेका छन्। कोही कतै सय वर्ष पुगेका उहाँभन्दा जेठा मान्छेको नाम पनि कसैले सुनेको हुँदैन।

समयअनुसार फेरिन्छ मान्छे। १० देखि १५ वर्षलाई एक युग मान्ने हो भने प्रत्येक मान्छे १० देखि १५ वर्षमा परिवर्तन हुन्छ। १० को बच्चा २० मा युवा हुँदै ३० मा बिहेबारी र ४०, ५० र ६० हुँदै प्रत्येक १० वा २० वर्षमा पूरै फेरिन्छ। आफ्नो उमेरको आयतनअनुसार जीवनको उचाई लिएको छ वा छैन मुख्य कुरा त्यही हो।

राजधानीको बिजुली बजारको धोवीखोला पुलनजिकै रहेको नि:सन्तान केन्द्रकी संस्थापक डाक्टर उमा श्रीवास्तवलाई पनि उमेरले अधवैंसे बनाएको छ। यस उमेरमा उमाले भने जिउको आयतन मात्र बढाएकी छैनन् आफ्नो नामलाई पनि फरक ढंगमा लैजाँदै छिन्। सँगै पढेका सहपाठी को-को कहा-कहाँ होलान् उमा भने आफ्नो नामको अगाडि जोडिएको डाक्टरलाई आफ्नै दिलसँग जोड्दै रोगीसँग भावनात्मक सम्बन्धका आधारमा अगाडि बढिरहेकी छिन्।

एक महिला भएको नाताले आफ्नै वर्गको हितका लागि महिला स्वास्थ्य र प्रजनन्बाट काम शुरू गरेकी उमा आज नेपालमा प्रजनन् हर्मन विशेषज्ञको रूपमा परिचित छन्। नि:सन्तानलाई सन्तान दिन लागिपरेकी उनको संस्था नेपालमै पहिलो टेस्ट ट्युब बेबी उत्पादन गर्ने संस्था रहेछ। अहिलेसम्म आफ्नो संस्थाबाट ४ हजारभन्दा बढी नि:सन्तानले सन्तान उत्पादन गरेका रहेछन्।

डाक्टरहरूले पाउने पुरस्कार श्री ५ दीपेन्द्र युवा वैज्ञानिक पुरस्कार २०५५ मा पाएकी उमाले चिकित्सक पेसाबाट नाम दाम र इनाम बटुलेकी छन्। बानेश्वरको सामान्य परिवारमा हुर्किएकी उमाले १९८४ सोभियत संघ युक्रेनबाट एमबीबीएस गरेकी हुन्। ३ वर्ष टिचिङमा महिला स्वास्थ्यमा चिकित्सक पेसा गरेकी उमाले ब्रिटिस काउन्सिल छात्रवृत्तिमा लन्डन युनिभर्सिटीबाट प्रजनन् हर्मन विशेषज्ञका रूपमा आफ्नो नामलाई परिवर्तन गरिन्।

पहिले ३ जना मिलेर खोलिएको रिप्रोडक्टरी हेल्थमा साथीहरू विदेश जाने वा आ-आफ्नो काम गर्न थालेपछि उनी एक्ली भइन्। कहिल्यै विदेश बस्ने मन नभएकै कारण उमाले संस्थालाई एक्लै चलाइन्। ३ कोठाबाट शुरू भएको उनको संस्था आज हजारौंको आस्थाको केन्द्र बनेको छ। अहिले उनको नि:सन्तान केन्द्रमा जँचाउन आउने नेपाली मात्र नभएर अमेरिकन भेटनरी डाक्टर, फिलिपिनोलगायतका छन्।

मान्छेले समय क्रमको घोटाइबाट आफ्नो जीवन जिउने धारणा बनाउँछ। उमालाई पनि शहरका नामुद धनाढ्य हुन वा बैंकहरू अस्पताल बनाउन पर्‍यो भनेर आउँदारहेछन्। पैसाभन्दा पनि खुसी महत्त्वपूर्ण हुने कुरा बुझेकी उमा गरिबलाई उपचार गरेर तीनको खुसी हेर्न पाउँदा औधी रमाएकी रहिछन्। डाक्टरले आफ्ना बिमारीलाई क्लाइन्ट भनाउन ठूला अस्पताल नखोल्ने उनको धारणा अहिलेसम्म यथावत् रहेछ।

डाक्टर बन्ने हैन। इच्छा भएर मात्र बन्ने हो। यो कुरा सरकारले बुझ्नैपर्ने भएको छ। एमबीबीएस सक्नेबित्तिकै पैसाको लागि कुद्ने चलन बढ्दो छ। त्यस्ता डाक्टरलाई उमाको सल्लाह छ। एमबीबीएसपछि एमएस र त्यसपछि स्पेसल गर्नुपर्छ। २० वर्ष लाग्छ एउटा राम्रो डाक्टर बन्न। पैसाको पछि लागेर डाक्टर व्यापारी बन्ने हैन पैसालाई पछि लगाउने काम हो डाक्टरको। डाक्टर बन्नेलाई सजेसन हो यो उमाको।

कुराकानीका क्रममा आफूलाई लागेको जिज्ञासा सोधें- 'एउटा डाक्टरले सधैं पीडासँग खेल्नुपर्छ तैपनि किन उ हँसिलो सुखिलो देखिन्छ ?' जवाफ आयो- 'डाक्टरले बिमारीको पीडा कम गर्न गरेको उपचारले ल्याएको खुसी देख्न सक्नुपर्छ त्यसले नै उसलाई खुसी बनाउँछ डाक्टर बिमारीको सोसियलदेखि शारीरिक पीडा बुझ्ने भएन भने डक्टर बन्न सक्दैन।'

डाक्टर सधैं हतारमा हुन्छ। उसलाई परिवारभन्दा पनि बिरामीको बढी याद आउँछ। संवेदनशील काम भएकाले यसमा प्रेस्टिज र रिस्क दुवै छ। १५ घन्टा काम गर्दा पनि उसले थाकें भन्न पाउँदैन। हप्ताको सात दिन दशैंतिहार जतिबेला पनि स्टयान्डबाइ हुनुपर्ने। गज्जबको पेसा छ यो। आफू बिरामी भए पनि अरूको उपचार गर्नुपर्ने। बिरामी भएर बस्न नपाइने।

डाक्टरको लागि रिग्रेट भनेकै फेमेलीसँग टाइम दिन नपाउनु हो। जुन उमामा पनि छ। छोरा त्रिलोक आमाकै पदचापमा छन्। छोरी तृप्ती अमेरिकामा छिन्। छोरीले उमालाई तेस्रो पुस्तामा उकालिसकिन्। पति इन्जिनियर छन्। डाक्टरी पेसाको लागि छोरी रुवाउँदै लन्डन जानु परेको घटना उमासँग छ। महिलासँग दयालु मन हुन्छ। त्यसविपरीत बच्चाको लागि कठोर बन्न परेका घटनाले कहिलेकाहीं डाक्टर भएकोमा रिग्रेट हुन्छ।

आजकाल डाक्टर निकै सस्तो हुँदैछ। ३०/४० लाखको इँटाजस्तै भइसक्यो। पैसा भएर डाक्टर बन्ने हैन। इच्छा भएर मात्र बन्ने हो। यो कुरा सरकारले बुझ्नैपर्ने भएको छ। एमबीबीएस सक्नेबित्तिकै पैसाको लागि कुद्ने चलन बढ्दो छ। त्यस्ता डाक्टरलाई उमाको सल्लाह छ। एमबीबीएसपछि एमएस र त्यसपछि स्पसल गर्नुपर्छ। २० वर्ष लाग्छ एउटा राम्रो डाक्टर बन्न। पैसाको पछि लागेर डाक्टर व्यापारी बन्ने हैन पैसालाई पछि लगाउने काम हो डाक्टरको। डाक्टर बन्नेलाई सजेसन हो यो उमाको।

डाक्टर भएपछि सक्सेसफुल हुनु जरुरी छ। थ्योरी भएर मात्र हुँदैन। प्राक्टिकल हुनु जरुरी छ। बिरामीले डाक्टरलाई नलेज दिन्छ। त्यसैले ऊसँग झर्कने तर्कने हैन मायाले काम गर्नुपर्छ। बिरामीलाई परिवारझैं सम्झनुपर्छ। सिन्सयरिटी हुनुपर्छ। डेडिकेसन रअप टु डेट हुनुपर्छ। ट्रेनिङ सेमिनारमा जानुपर्छ। नयाँ टेक्नोलोजिसँग जानकार हुनुपर्छ। तब मात्र एक राम्रो डाक्टरको जन्म हुन्छ।

मान्छेले मन्दिरजस्तो मान्छ डाक्टर वा ऊ बस्ने ठाउँ। मान्छे आउने-जाने गर्छन्। एकदमै ठूलो आस्था लिएर। त्यो आस्था टिकाइराख्नु डाक्टरको कर्तव्य हो। डाक्टरका लागि चुनौती पनि त्यही हो। यो डाक्टरले रोग च्वाट्टै पार्छ यही सोचेर मान्छे आउँछन् मेडिकल हो निको हुन पनि सक्छ नहुन पनि भनेर कोही भन्दैन। यस्तो प्रतिकूल कुरालाई अनुकूल बनाएर व्यवहार गर्नुपर्छ डाक्टरले।

# नाम फेरिएका ५ बलिउड फिल्म



रश्मी थापा

केह समयअघि मात्र सञ्जयलीला भंसाली निर्देशित बलिउड फिल्म *पद्मावत* रिलिज भयो। रिलिजअघि *पद्मावती*को नामले बहुचर्चित यो फिल्मले चरम विवादको बाबजुद राम्रो ब्यारिक रेकर्ड राख्न सफल भयो। तर नाम परिवर्तन गरेर रिलिज गरिएको *पद्मावत* नै बलिउडको पहिलो फिल्म भने होइन।

बलिउडमा त्यस्ता केही फिल्म छन्, जो विभिन्न मामलाका कारण नाम परिवर्तन गरी रिलिज भएका थिए। यी फिल्ममध्ये केही नाम काटिएर रिलिज गरिएका छन् भने केहीमा नामको अगाडि पछाडिका शब्द थपिएका छन्। ती फिल्म यस्ता छन्।



## आर...राजकुमार

शाहिद कपुर अभिनित यस फिल्मको नाम पहिले *रेम्बो राजकुमार* राखिएको थियो। तर पछि हलिउड फिल्म *रेम्बो*का मुख्य अभिनेता तथा निर्देशक सिल्वेस्टरले आपत्ति जनाएका कारण फिल्मको नाम आर... राजकुमार राखिएको थियो।



## बिल्लु

इरफान खान तथा शाहरुख खान अभिनित यो फिल्मको पनि रिलिजअगाडि नाम परिवर्तन गरिएको हो। यो फिल्मको नाम पहिले *बिल्लु बारबर* तय भएको थियो। तर बारबर अथवा नाई समुदायका मानिसले फिल्ममा बारबर शब्दको गलत तरिकाले प्रयोग गरिएको भनेर विरोध गरेपश्चात् शाहरुख खानले बिल्लु बारबारबाट बारबर शब्द हटाउने निर्णय गरेका थिए।



## टोटल सियापा

सन् २०१४ मा रिलिजमा आएको यो फिल्मको नाम पहिले *अमनकी आशा* राखिएको थियो। यो नामप्रति केही भारतीय मिडिया समूहको अधिकार थियो। यस नामप्रति आपत्ति आएपछि नाम बदलेर *टोटल सिपाया* राखिएको थियो।



## दाग - द फाएर

सन् १९९९ मा रिलिज सञ्जय दत्तको यस फिल्मको नाम पहिले *दाग* मात्र राखिएको थियो। यही नामको बलिउड फिल्म सन् १९७३ मै रिलिज भइसकेको थियो। जसमा नायक राजेश खन्ना मुख्य भूमिकामा थिए। सो फिल्मका निर्माताले यो फिल्मको नामप्रति आपत्ति जनाएका कारण यस नामको पछाडि द *फायर* थपिएको थियो।



## गोलीयोकी रास लीला

सञ्जय लीला भंसाली पहिले पनि फिल्मको नामका कारण विवादमा परेर फिल्मको नाम परिवर्तन गरिसकेका निर्देशक हुन्। उनको फिल्म *गोलीयोकी रास लीला*को नाम रिलिजभन्दा अघि *रामलीला* राखिएको थियो। तर सेन्सर बोर्डको अवरोधका कारण नाम परिवर्तन गर्नुपरेको थियो। यो फिल्ममा पनि *पद्मावत*मा जस्तै रणवीर सिंह र दीपिका पादुकोण प्रमुख भूमिकामा थिए।

## कृले ब्युँतायो बिहानी शो

# मन पराइयो अनमोलको न्यु लुक्स



विदुर गिरी

शुक्रबार रिलिजमा आएको बहुप्रतिष्ठित फिल्म *कृ*ले सिनेमा हलको बिहानी शोसमेत ब्युताउँदै सुखद् ओपनिङ गरेको छ। 'पहिले-पहिले मर्निङ शोमा १०/२० जना मान्छे देखिन्थे। शुक्रबार त *कृ* हेर्न चाहने दर्शकको भीडले धेरैजसो हल हाउसफुल देखियो', वितरक गोपाल कायस्थले *नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै भने- 'हिन्दी फिल्म *प्याडम्यान*सँगै रिलिजमा आए पनि *कृ*को ओपनिङ राम्रो भयो।'



निर्माण शुरू भएयता अर्थात् २ वर्षदेखि नै चर्चामा रहेको अनमोल केसी स्टारर यो फिल्मको रिलिजअघि नै बुधबार र बिहीबार राजधानीका धेरैजसो हलबाट नगदमै टिकट बिक्री भयो। मल्टिप्लेक्स हलहरूले यसअघिका फिल्मलाई अनलाइन टिकट बुकिङको सुविधा दिँदै आएकोमा *कृ*का लागि भने अनलाइन बुकिङ लिएन, सीधै टिकट बिक्री गऱ्यो। 'पहिले त अनलाइन बुकिङ नै नलिएको देखेर टेन्सन भएको थियो, तर पछि बुझियो अनलाइन बुकिङको साटो सीधै पहिले नै टिकट बिक्री गरिएको रहेछ', फिल्मका निर्माता सुवास गिरीले भने- 'यो सिस्टम हिन्दी फिल्म *पद्मावत*बाट शुरू गरिएको रहेछ र *कृ*मा पनि ट्रायल गरिएको रहेछ। बिहीबार रातिसम्म नै एडभान्समा ७५ प्रतिशत टिकट भइसकेको रिपोर्ट पाउँदा खुसी लाग्यो। शुक्रबारको रिजल्ट र अडियन्स रेस्पोन्सले उत्साहित बनाएको छ। स्टक्चरमा बनाएको फिल्मले राम्रो परिणाम दिने आशा गरेका छौं।'

अनमोललाई नयाँ लुक्समा प्रस्तुत गरिएको फिल्म हेर्नका लागि यसपटक सिंगल र मल्टिप्लेक्स दुवै हलमा दर्शकको ओइरो लागेको छ। यसअघि उनका फिल्म मल्टिप्लेक्स हलमा मात्र हाउसफुल हुने गर्थे। फिल्मका अर्का निर्माता तथा अनमोल पिता भुवन केसीले दर्शक प्रतिक्रिया राम्रो पाएको बताए। 'पब्लिक रिभ्यु राम्रो आएको छ। फिल्म हेर्ने सबैले मेसेज ओरेन्टड छ भनेका छन्। अनमोलको एक्सन र डिफरेन्ट लुकिङ दर्शकले मन पराए', भुवनले भने- 'अनमोलले *कृ*मा जुन काम गरेको छ, त्यो गभरमेन्टले गर्नुपर्ने काम हो भन्ने भनाइ अडियन्सको पाएँ। यसले इन्टरटेनमेन्टसँगै राम्रो मेसेज पनि दिएको छ।'

करिब ३ करोड रुपियाँको लगानीमा २ वर्ष लगाएर निर्माण गरिएको फिल्मले शुक्रबार मात्रै अल नेपाल १ सय १७ शो पाएको छ। हिन्दुस्तानको *पद्मावत* चलिरहेको र *प्याडम्यान*समेत थपिएको अवस्थामा यो नेपाली फिल्मले पाएको शो संख्या अत्याधिक हो। 'यसपालि क्यास बुकिङले पनि राम्रो काम गऱ्यो। अनलाइनबाट टिकट बुकिङ गर्दा बुकिङमा हाउसफुल, हल खाली देखिन्थ्यो। तर *कृ*को सवालमा क्यास बुकिङ सिस्टमले बुकिङ र हल दुवै हाउसफुल देखियो', भुवनले भने- 'काठमाडौंबाहिरबाट पनि राम्रो रेस्पोन्स आएको छ।'

थोरै तर उत्कृष्ट फिल्ममात्र खेली चुजी स्टारका रूपमा देखा पर्दैआएका अनमोल दुई वर्षको अन्तरालपछि *कृ*मा देखिएका हुन्। अनमोललाई फिल्मको कथाको मागअनुसार प्रस्तुत गर्न फिल्म निर्माणमा २ वर्ष समय लागेको थियो। यसको कथाअनुसार लामो समय घरमै व्यायाम गराउने र सिकाउने मान्छेको व्यवस्था गरी अनमोलको सिक्स प्याक बडी निर्माण गरिएको थियो भने यसको १४ मिनेट लामो रोमाञ्चकारी क्लाइमेक्स सिनका लागि १९ दिन खर्च गरिएको थियो। त्यसका लागि काठमाडौंमा उपलब्ध सबै लाइट *कृ*ले लगिदिँदा अन्य फिल्मको सुटिङका लागि लाइटकै अभाव भएको थियो। निर्माण युनिटले भनेजस्तो सरसुविधा उपलब्ध गराएपछि द्वन्द्व निर्देशक चन्द्र पन्त र छायांकार पुरुषोत्तम प्रधानले यसको क्लाइमेक्स दृश्यका लागि ठूलो मेहनत गरेका थिए भने अनमोलले पनि उत्तिकै लगनशील भई काम गरेका थिए।

अनमोलको क्रेजलाई हेरेर आनन्दले काम गराउने व्यवस्था मिलाउन काठमाडौंबाहिरको सुटिङ सेड्युलमा उनका लागि चौबिसै घण्टा बडी गार्ड उपलब्ध गराइएको थियो। बलिउड फिल्ममा जस्तै यसको सुटिङ ३ चरण लगाएर गरिएको थियो। पहिलो चरणको सुटिङका लागि अनमोलले शरीर तयार गर्न समय लिएका थिए। त्यसपछिको सुटिङका लागि उनले तौल र शरीर घटाएका थिए भने तेस्रो चरणको सुटिङअन्तर्गत गीतमा रोमान्टिक देखिन आफूलाई मेन्टेन गरेका थिए। अघिल्ला फिल्ममा लभर ब्वाइको भूमिका गरी मन जितेका अनमोल यसमा एंग्री ब्वाइका रूपमा जमेका छन्। यसको एउटा गीत २ साताअघि मात्र स्कटल्यान्डमा गएर खिचिएको थियो। फिल्म सुपर काजल फिल्म्स र सुवास इन्टरटेमेन्ट प्रोडक्सनको ब्यानरमा भुवन केसी र सुवास गिरीले निर्माण गरेका हुन्। केहीअगाडि मात्र फिल्म *लुट-२* बाट फिल्म सम्पादक विधामा *लक्स कामना फिल्म अवार्डस् २०७४* चुमेका सुरेन्द्र पौडेलले यसको निर्देशन गरेका छन्।

फिल्ममा अनमोलका साथ अनुपविक्रम शाही फरक भूमिकामा देखिएका छन्। हिरोका रूपमा देखिँदै आएका अनुपविक्रम यसमा नेगेटिभ हिरोका रूपमा छन्। माया प्रेमका साथ बदलाको कथामा बनेको फिल्ममा बलिउडमा समेत स्थापित मोडल अदिती बुढाथोकीले नायिकाका रूपमा डेब्यु पाएकी छिन्। फिल्ममा संगीत अलमोडा उप्रेती राणा र विशेष पाण्डे, नृत्य रेनेशा वान्तवा राई, एञ्जिला र विक्रम, द्वन्द्व चन्द्र पन्त, छायांकन पुरुषोत्तम प्रधान तथा सम्पादन र कथा लेखन निर्देशक पौडेलकै रहेको छ।

## विरहीले ल्याए टालाटुली बाटुली



गायक सूर्यबिरही साउद र रश्मी रिजालद्वारा स्वरवद्ध र अराज केशवको रिमिक्स गीतको भिडियो सार्वजनिक गरिएको छ। *टालाटुली बाटुली नाच मेरी पुतली* बोलको फरक शैलीको गीतको म्युजिक भिडियो बिहीबार सार्वजनिक भएको हो।

*टालाटुली बाटुली नाच मेरी पुतली* बोलको गीत सुदूर तथा मध्यपश्चिमको थेगोलाई समावेश गरी पहिलोपटक तयार पारिएको फरक शैलीको देउडा फ्युजन डान्सिङ गीत हो। सुदूर तथा मध्यपश्चिमका बालबालिकाहरू बालपनका बेला दौतरीहरूसँग कपडाका सानासाना टालाटुली बटुलेर पुतली बनाई रमाइलो गरी खेल खेल्ने चलन छ। काठमाडौंको त्रिभुवन पार्क र भद्रकालीमा छायांकन गरिएको म्युजिक भिडियो बसिबियाँलो म्युजिक प्रालि अनामनगर काठमाडौंले बजारमा ल्याएको हो।

विक्रम चौहानको निर्देशन रहेको *टालाटुली बाटुली नाच मेरी पुतली* म्युजिक भिडियोमा शेर साउँद, करिश्मा ढकाल र करन साउँदले अभिनय गरेका छन्। बी स्टार फिल्मस् कम्पनीले तयार पारेको म्युजिक भिडियोमा छायांकन प्रकाश खड्का र मिलन विकको सम्पादन रहेको छ। सूर्यबिरही साउँद, तिलक ओली र योगेश बुढाको रचना रहेको गीतमा संगीत सूर्यबिरही साउदको रहेको छ। संगीत संयोजन विनोद बाजुरालीले गरेका छन्।

सूर्य बिरहीले यसअघि *सुदूरको चेलो म त, म त भैंसी गोठालो, बाध्यताले पठाउन लाग्यो परदेश, नरो मेरी सुवाँ, प्रीति फूल सारी दे, बिन्ति शैलेश्वरी, वनमारा वनैभरि छ, तेरो मेरो माया बबाली, जन्मभूमिको माया, यो लोटाउनो रांगोल*गायतका दर्जनौं चर्चित गीत बजारमा ल्याइसकेका छन्।

## नाटककार डा. थापा सम्मानित

लमजुङ, (नेस)। लमजुङमा नेपाली नाट्य विधामा खोज अनुसन्धान गर्ने डा. अशोक थापालाई सम्मान गरिएको छ। मञ्जरी नाट्य समूह लमजुङले डा. थापालाई सम्मान गरेको हो।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक समेत रहेका डा. थापालाई नाटक *पानीघट्ट*का लेखक तथा निर्देशक पुरु लम्साल र मञ्जरी नाटक समूह लमजुङका अध्यक्ष एवं *पानीघट्ट* नाटकका संयोजक केदार बोहोराले संयुक्तरूपमा सम्मानपत्रद्वारा सम्मान गरेका हुन्।



*आधुनिक नेपाली नाटकमा विसंगतिबोध* शीर्षकमा विद्यावारिधी गरेका साथै नाटकको खोज अनुसन्धानको क्षेत्रमा उनले पुऱ्याएको योगदानको उच्च कदर गर्दै सम्मान गरिएको हो। पोखरामा स्थायी बसोबास गरिहेका डा. थापा नेपाली नाटकको क्षेत्रमा लामो समयदेखि क्रियाशील छन्। उनले प्रदेश नं. ४ को नाटक र रंगमञ्चको वस्तुस्थितिका बारेमा अनुसन्धान गरेका छन्।

मञ्जरी नाटक समूह लमजुङको दोस्रो प्रस्तुतिका रूपमा प्रदर्शित नाटक *पानीघट्ट*का बारेमा जानकारी दिन लमजुङ आएको अवसरमा डा. थापालाई सम्मान गरिएको मञ्जरीले जनाएको छ।




# साहित्य

दुःख सत्यलाई भेट्टाउने पहिलो बाटो हो।
– बायरन

कविता कल्पनाको अभिव्यक्ति हो।
– पर्सी बिल शेली

# वनकुसुम महाकाव्य र देवकोटा

केशव अधिकारी

वि.सं. १९६६ मा जन्मेर अल्पायुमै २०१६ सालमा निधन हुने नेपाली साहित्यका महान् प्रतिभा तथा नेपाली साहित्यका महाकविको सम्मान पाएका लक्ष्मीप्रसाद देवकोटाले सयौँ फुटकर कविता, खण्डकाव्य तथा महाकाव्यसमेत लेखेका छन्। कविता विधाबाहेक कथा, निबन्ध, नाटक आदि विधामा समेत आफ्नो प्रतिभालाई सफलताका साथ पोख्न सकेका छन्। बाजी राखेर १० दिनमा महाकाव्य लेखी पूरा गर्न सफल देवकोटाले ६ वटाभन्दा बढी महाकाव्य नै लेखेका छन् भने खण्डकाव्य पनि धेरैवटा लेखेका छन्।

उनै लक्ष्मीप्रसादले लेखेका महाकाव्यमध्ये वनकुसुम महाकाव्य पनि एउटा उत्कृष्ट सिर्जनाको रूपमा रहेको पाइन्छ। यसभित्रका विभिन्न छन्दमा पोखिएका १० सर्गहरू हेर्दा कवि देवकोटा कहिले प्रकृतिको रमाइलो खोकिलामा रमाउन पुगेका छन् त कहिले आकाश वा शून्यमा हराउन पुगेका छन्। लावण्य देशका राजा महेन्द्रलाई देखाएर उमेर वृद्ध भए पनि मन बूढो नहुने भएकोले बूढा राजा महेन्द्रलाई मन्दारिका नामकी २४ वर्षिया कान्छी रानीका वशमा पारेका छन्।



कवि देवकोटाले महाकाव्यको प्रथम सर्गका १ देखि ६ श्लोकसम्मका श्लोकहरू शार्दूलविक्रीडित छन्दमा र बाँकी रहेका ८४ श्लोकहरू वसन्ततिलका छन्दमा रची जम्मा ९० श्लोकको पहिलो सर्ग रहेको छ। पहिलो सर्गको शुरुमा कविले मङ्गलाचरण सकेपछि लावण्य देश वा नगरका राजा महेन्द्र बूढा भइसकेका भए पनि २४ वर्ष उमेरकी मन्दारिका नामकी कान्छी रानीसँग खूब भुलेका छन्। कान्छी रानीले राजालाई खूब कज्याएकी छन्। राजाले रानीलाई माया गर्ने नाममा आफैँ रानीका वश परी बन्धनमा जेलिएका छन्। महाकाव्यको दोस्रो सर्गमा ९९ श्लोकहरू द्रुतविलम्बित छन्दमा रचना गरिएका छन्। यस सर्गमा कान्छी रानी पूरै सिँगारिएर बूढा राजालाई आफ्नै वशमा राख्न सफल भएकी छन्। उता राजाकी जेठी रानी भने सरल र धर्ममा निकै मन राख्ने खालकी छन्। तर जेठी रानीलाई राजदरबारको ढोका बन्द छ। जेठी रानीकै छोरा राजकुमार उत्तम वा नरेन्द्र १८ वर्षका नवयुवक छन्। उनी कान्छी रानीका लगि आँखाकै कसिङ्गर बन्न पुगेका छन्।

महाकाव्यको तेस्रो सर्ग स्वागता छन्दमा रचना भएर जम्मा ५६ श्लोकको आयाममा मात्र फैलिएको छ। यस सर्गमा कान्छी रानीले देख्न नसकेका राजकुमार नरेन्द्र वा उत्तम बूढा राजाका लागि भने आँखाको नानीसरह छन्। कन्छी रानीको वशमा सम्पूर्णरूपले फसिसकेका हुनाले राजकुमारमाथि कान्छी रानीले जस्तो व्यवहार गरे पनि त्यसको प्रतिवाद गर्न उनी सक्दैनन्। आफ्नो गर्भबाट जन्मेको छोरालाई राज्यको उत्तराधिकारी बनाउने सपना देख्छिन् कान्छी रानी। यही इच्छा पूरा गर्न र राजा महेन्द्रका विश्वासिला र युवक सेनापतिलाई आफ्नो वशमा पार्नको लागि उनी आफ्नो शरीर, रुप, यौवन आदिसमेत सुम्पन तयार छन्।

यस महाकाव्यको चौथो सर्गमा जम्मा ९५ श्लोक रहेका छन्। चौथो सर्गका सबै ९५ श्लोक नै शशीवदना छन्दमा रचिएका छन्। यस सर्गमा राजकुमार उत्तम वा नरेन्द्र कान्छी आमाको घृणित व्यवहारले वाक्क भएका हुन्छन्। उनी भौतिक सुखसयलभन्दा प्राकृतिक सुखसयलको खोजी गर्न मन पराउने विचारले वनतिर लाग्छन्। एक किसानको घरमा केही रात बास बसेका राजकुमारलाई कृषक जीवनले यति धेरै तान्छ कि उनी दरबार नफर्कने निधो गर्छन्।

वनकुसुम महाकाव्यको पाँचौं सर्गमा शार्दूलविक्रीडित छन्दका जम्मा ४६ श्लोक रहेका छन्। यस सर्गमा राजकुमार नरेन्द्र वा उत्तमको भेट वनकुसुमसँग हुने भएकोले यो सर्ग निकै महत्वको रहेको छ। घोडामा सवार राजकुमार मनोरम पहाडी झरनाको सामु रोकिएर त्यसको सुन्दरता नियाल्न थाल्छन्। त्यही झरनामा एउटी विछट्टै सुन्दरी युवती नुहाउन लागेकी हुन्छिन्। उनलाई राजकुमारले राम्ररी नियाल्छन् भने सुन्दरीका नजर पनि राजकुमारमाथि गढ्छन्। युवती राजकुमारदेखि केही लजाएको जस्तो नखरा पार्छिन्। छैटौं सर्गमा हराएका राजकुमारको चिन्ताले दरबारमा खैलाबैला मच्चाएको छ। राजकुमार नरेन्द्र हराएपछि जेठी महारानी बढी चिन्तित भएर रुन थाल्छिन्। साथै राजा पनि चिन्तामा पर्छन् र मान्छे खोज्न पठाउँदा राजकुमार फेला पर्दैनन्। उता कान्छी रानीतिरको खुशीको सीमा नै रहँदैन। उनले राजा र सेनापतिलाई आफ्नो वशमा पारी आफ्नो छोरालाई राज्याभिशेक चाँडै गरिहाल्ने कुरालाई राजा स्वयम्ले पनि स्वीकृति दिएपछि राज्याभिशेकको धुमधाम तयारी हुन थाल्छ र यो छैटौं सर्ग समाप्त हुन्छ। सातौं सर्गमा राजकुमार र नुहाउँदै गरेकी युवतीको बारेको प्रसङ्ग आउँछ। सुन्दर झरनामा नुहाउँदै गरेकी युवती नुहाइसकेर घर फर्कन लाग्दा राजकुमारको घोडा उनकै पछि लागेर जान्छ। ती दुवैका बीच कुराकानी हुन्छ। नुहाउने युवती वनकुसुमले राजकुमारलाई नचिने पनि आफ्नै घरमा बास बस्ने सल्लाह दिन्छिन्। राजकुमार युवतीको घरमा बास बस्न पुग्छन्।

वनकुसुम महाकाव्यको आठौँ सर्गमा वसन्ततिलका छन्दका जम्मा ५९ श्लोक मात्र रहेका छन्। यस सर्गमा राजदरबारका ८० बर्से बूढा मन्त्री विकटाक्ष निकै बुद्धिमान् देखिन्छन्। उनलाई राजकुमार पनि भागेर बेपत्ता भएको अनि राजा पनि कान्छी रानीको प्रेममा लम्पट भई राज्यको सारा वातावरण बिग्रेको कुराले निकै चिन्तित बनाएको छ। उनकी १७ वर्षकी प्रतिभा नामकी छोरीले उनको चिन्ताको कारण बुझेकीले राजकुमारलाई खोज्न जाने आँट गरे पनि विकटाक्षले शुरुमा रोक्छन्। तर पछि प्रतिभाले एक महिनामा राजकुमारको पत्ता लगाएरै छोड्ने प्रतिज्ञा गरेपछि अनुमति दिन्छन्। आफ्नो भेष बदलेर छोरो मान्छे बनेर गएकी प्रतिभाले किसानको घरमा बसेका राजकुमारको पत्तो लगाए पनि उनी दरबारमा फर्कन नमानेका मात्र होइन कृषककी कन्यासँगको प्रेमामा फसेको कुराले प्रतिभालाई समेत चिन्तित बनाउँछ। दरबारको अवस्था खराब भएकोले राजकुमारले फर्कनै पर्ने कुरा बताउँदा फर्कने प्रतिज्ञा गरे पनि किसानको मन दुख्ला भन्ने भयले फर्कन सक्दैनन्।

यस महाकाव्यको नवौँ सर्गमा दरबारको सन्दर्भ छ। दरबारमा कान्छी रानीका पाँच वर्षीय बालक छोरा राजगद्दीमा राखिन्छन्। बूढा राजाको सम्पूर्ण अधिकार खोसेर कान्छी रानीको प्रिय पात्र सेनापति मदनको हातमा सुम्पिनाले उसले अब मनपरी गर्न थाल्छ। अब बूढा राजालाई मार्ने षड्यन्त्रका तानाबाना बुनिन थाल्छन्। जसअनुसार कान्छी रानीको छोरो राजगद्दीमा कायमै रहने आश्वासन पाएपछि कान्छी रानीकै सल्लाहनुसार उनी स्वयंले ने बूढा राजालाई विष मिसाएको सर्बत खान दिन्छिन्। दैवसंयोग प्रतिभाले गुप्तचरको रुपमा राखेकी एउटी सम्भर नामकी केटीले विष मिलाएको देखेकी हुन्छे। उसले राति नै राजाले विषालु सर्बत पिउनुअगावै कान्छी रानीलाई फकाएर सुत्न पठाई उक्त खबर गोप्यरुपमा प्रतिभा र मन्त्री विकटाक्षलाई दिन्छे। नवौँ सर्ग यही कथानकको उचाइको विन्दुमा पुगेर समाप्त हुन्छ।

अन्तिम १० औं सर्गमा सम्भरले दिएको सूचनाले भोलिपल्ट बिहानै मन्त्री विकटाक्ष राजवैद्य लिएर दरबारमा आइपुग्छन्। राजा मरिसके भन्ने निश्चयका साथ सेनापति मदन सेनालाई आफूतिर एकोहोर्‍याई राजाको श्रीपेचसमेत लगाउँछ। बूढा राजा भने मन्त्रीका साथ आएर मदनलाई धिक्कार्छन्। राजालाई जिउँदै देखेर कान्छी रानीले तत्कालै आत्मदाह गरी मर्छिन्। मदन दरबारमा थुनिएका राजकुमार र वनकुसुमलाई झिकाउँछ। साँच्चैको मदनलाई अगाडि नै प्रतिभाले विष खुवाएर मारिसकेकी हुन्छिन् भने मदनको भेष बनाएर हिँड्ने त स्वयं प्रतिभा पो दरबारमा आएकी रहिछन् भन्ने रहस्य खुल्छ। त्यसपछि कान्छी रानीले गरेको व्यवहार सम्झेर राजा दुःखी बन्छन् भने प्रतिभाले गरेको बहादुरीको कामले राजा खुशी हुन पुग्छन्। यस्ती बहादुर प्रतिभासँग राजकुमारको विवाह गरिदिने कुरा चल्छ। तर प्रतिभाले मदनलाई फसाउनको लागि मदनलाई आफ्नो शरीर बेचिसकेकी हुनाले राजकुमारसँग आफ्नो जुठो शरीर जोडी मिल्न पनि नसक्ने र आफूले पनि विष सेवन गरेको कुरा जाहेर गर्दै ढल्न पुग्छिन्। उनी मर्नुभन्दा पहिले राजकुमारको विवाह अरुसँग नभएर वनकुसुमसँगै हुनुपर्ने प्रस्ताव राख्दै प्राण त्याग गर्दछिन्।

यसरी केवल १० सर्गमा फैलिएर बिट मरेको वनकुसुम महाकाव्य लक्ष्मीप्रसाद देवकोटाको पौराणिक विषयवस्तुको कल्पनाको मीठो र सुन्दर उडान हो। महाकविको दृष्टिमा राजा, राज्यको सुखभोग आदि भन्ने कुरा तुच्छ हुन् भने मिहिनेती शरीर, प्रकृतिमा रमाएको वा रमाउन र उडान भर्न सक्ने मानसिकता महान् विषय वा प्यारा विषय वस्तु हुन्। विभिन्न छन्दहरूको प्रयोग गरेर लेख्न सक्नु उनको विद्वताको प्रमाण हो भने कल्पनामा उड्न सक्नु र स्वर्गसम्म चियाउन सक्नु निकै आनन्दको विषय हो। त्यति धेरै समयसम्म महाकाव्य लेखनको उडानमा उड्दा कम्तीमा यो नारकीय परिवेशलाई भुल्न त सकियो नि।

पुस्तक चर्चा

## पौडेलको जेल जीवन

ज्ञानमणि नेपाल कालोटोपी

काभ्रे जिल्लाका सहकारी अभियन्ता दीपकप्रसाद पौडेलले आफ्नो दोस्रो पुस्तक बजारमा ल्याएका छन्। पहिलो सहकारीसम्बन्धी खोज र अनुसन्धानमूलक पुस्तक प्रकाशन गरेका पौडेलले यसपटक अलि फरक प्रकारको पुस्तक पाठकसामु पस्किएका हुन्। सबै पुस्तकहरु साहित्य विधाका मात्र हुँदैनन्। कथा, कविता, निबन्ध र उपन्यास इतरका पनि पुस्तक हुन्छन्। लेखकहरुले तिनीहरुलाई विभिन्न तरिकाले प्रस्तुत गर्छन्। कुनै संस्मरण हुन्छन्, कुनै अनुभव, अनुभूति र दैनिकी पनि हुन्छन्। पौडेलको यो पुस्तक संस्मरण हो।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा लामो समय बिताएका पौडेलले नेपालको लोकतन्त्र र स्वतन्त्रताका लागि पनि समय खर्चिएका छन्। समाजमा विद्यमान अन्याय, अत्याचार र विभेदप्रति भित्रैदेखि विद्रोहमा उत्रने पौडेल सानै उमेरमा प्रजातान्त्रिक आन्दोलनप्रति समर्पित थिए। यसै क्रममा वि.सं. २०६० देखि ०६३ सम्म नेपालमा भएको राजनीतिक अस्थिरता र आन्दोलनमा उनको पनि उत्साहजनक सहभागिता रहेको थियो। प्रस्तुत पुस्तकमा उनले त्यस बेला आफूले भोगेका विभिन्न घटनालाई सिलसिलाबद्धरुपमा उतारेका छन्।

यसै क्रममा तत्कालीन राजा ज्ञानेन्द्रले जनतामाथि जबरजस्ती लादेका निरंकुशताका विरुद्ध लेखक पनि आन्दोलनमा थिए। आन्दोलनकै क्रममा तत्कालीन सरकारले उनलाई पक्राउ गरी खरिपाटी जेलमा ४३ दिनसम्म कठोर तरिकाले थुनेर राख्यो। जति बेला देशमा तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुशताविरुद्ध देशभरिबाट नागरिकहरुले विद्रोह गरिरहेका थिए। ०६१ फागुन ७ गतेदेखि चैत २० गतेसम्म उनीलगायत सयौं प्रजातान्त्रिक योद्धाहरु बन्दी जीवन बिताइरहेको अवस्थालाई लेखक पौडेलले यस पुस्तकमा जस्ताको त्यस्तै पारेर उतारेका छन्।

पुस्तक पढिरहँदा त्यति बेलाको झल्को पुनः मानसपटलमा फर्केर आउँछ। प्रत्येक दिनमा के भयो, कसले के भने, आन्दोलन किन गरियो, त्यसपछि के भयो भन्ने खालका चरणबद्ध घटनाक्रमहरुले उनको पुस्तकमा प्रवेश पाएका छन्। ऐतिहासिक दस्ताबेजकै रुपमा लिन सकिने यस पुस्तकलाई शोधपत्र लेख्दै गरेकाहरुले




राम्ररी अध्ययन गर्ने हो भने पक्कै उनीहरुले सफलता पाउनेछन्। त्यति मात्र नभएर जोसुकै पाठकले पनि यसबाट नौलोपना मात्रै पाउँदैनन्, तत्कालीन जनआन्दोलनको पृष्ठभूमि पनि प्रस्टै देख्नेछन्।

पौडेल व्यावसायिक लेखक त होइनन् तर उनले जुन लेखाइ प्रस्तुत गरेका छन् त्यसले उनको लेखकीय कलालाई पनि निकै रोचक तरिकाले प्रस्ट्याएको छ। कृषि, सहकारी, दुग्ध उत्पादनलगायतका क्षेत्रमा आफ्नो अधिकांश जीवन समर्पण गरेका पौडेलको यस पुस्तकलाई बौद्धनाथ प्रिन्टर्स, नयाँ बानेश्वरले बजारमा ल्याएको हो। संग्रहणीय यस पुस्तकको मूल्य ५ सय रुपियाँ राखिएको छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

माघ २७ देखि फागुन ४ गतेसम्म

### मेष

तपाईंका लागि यो साता फलदायक छ। हुन त शुरुमा रोगव्याधिको भय, शारीरिक कष्ट, थालेको काममा बाधा, आकस्मिक खर्च होला। तर मंगलबारबाट सबै समस्या समाधान हुनेछ। राज्यका तर्फबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, पढाइ वा परीक्षा प्रतियोगितामा सफलता हासिल हुनेछ। राजनीतिककर्मीहरुका लागि झनै सफलता हुने देखिन्छ। कतैबाट राम्रै आर्थिक लाभ होला।

### वृष

यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। त्यसपछि पनि के गरौं के नगरौंको अवस्था आउन सक्छ। मंगलबार र शुक्रबार भने आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राजनीतिज्ञबाट लाभ होला।

### मिथुन

धेरैजसो दिन तपाईंका लागि शुभ छन्। आँटेको काम पूरा होला। विद्यार्थीलाई विद्या, व्यापारीलाई फाइदा र राजनीतिज्ञलाई सफलता प्राप्त होला। भोजनादि सामग्री भित्रिने सम्भावना छ। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्र उपलब्धि हासिल होला। तर मंगलबारदेखि बिहीबारसम्म भने आर्थिक नोक्सानी हुने र अलि बढी नै परिश्रम गर्नुपर्ने देखिन्छ।

### कर्कट

तपाईंका लागि यो साताको शुरु र अन्त्यका गरी दुई दिनबाहेक सबै दिनहरु उपलब्धिमूलक देखिन्छन्। व्यापार व्यवसाय गरेको भए मनग्य फाइदा होला। जागिरे भए पदोन्नतिको सम्भावना, विद्यार्थी भए पठनपाठनमा सफलता हुने देखिन्छ। साथै सामान्य परिश्रमबाट पनि नचिताएको धन वा पैसा प्राप्तिको सम्भावना छ। तर आज शनिबार र शुक्रबारको दिन भने अनुकूल देखिँदैन।

### सिंह

तपाईंका लागि यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगितामा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। तर सोमबारसम्म भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, पेसा-व्यवसायमा बाधा व्यवधान, प्रतिष्ठामा आँच आउन सक्छ।

### कन्या

तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज राम्रो फलदायक छ भने भोलि तपाईंका लागि शुभ देखिँदैन। आज शनिबार, मंगलबार र शुक्रबार केही लाभ हुने देखिन्छ। सकारात्मका सोच पलाउनेछ। केही कार्यहरु सफल हुनेछन्। तर बाँकी दिनहरु भने अस्तव्यस्त हुनेछन्। मानसिक चिन्ता, अपयश, झुटा आरोपहरुको सामना गर्नुपर्ला। त्यसैले संयमता र धैर्यताको जरुरी छ।

### तुला

यो साताका धेरैजसो दिनहरु त्यति फलदायक देखिँदैनन्। साताको शुरु शनिबार नै रोगव्याधिको भय, धननाश हुने देखिन्छ। मंगलबारदेखि बिहीबारसम्म आर्थिक भार बहन गर्न गाह्रो पर्ला। तनाव, सन्ताप, मानसिक अस्थिरता नहोला भन्न सकिन्न। धैर्य गर्नुहोला। बाँकी दिनहरुमा भने आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ एवम् सहयोग प्राप्ति हुने देखिन्छ।

### वृश्चिक

यो साताका धेरैजसो दिनहरु फलदायक नै छन्। साताको शुरु शनिबार रोगव्याधिको भय, धननाश हुने देखिए पनि त्यसपछिका दिनहरुमा आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ एवम् सहयोग प्राप्ति हुने देखिन्छ। प्रतिष्ठा बढ्ने, नवीन कार्यको शुरुवात हुने, प्रतिष्ठित जनहरुसँग भेटघाट हुने सम्भावना छ। साताको अन्त्यका दिनहरु उत्तम फलदायक छन्।

### धनु

तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज शनिबार समय अनुकूल देखिँदैन भने आइतबारदेखि तीन दिनसम्म समय बलियो छ। गरेका काम सफल हुनेछन्। भोजभतेरमा सहभागी भइएला। कतैबाट केही भए पनि आम्दानी होला। तर बुधबार र बिहीबार स्वास्थ्यमा समस्या आउन सक्छ। हुन लागेको काममा बाधा आइपर्न सक्छ। सजगता अपनाउनुपर्ला।

### मकर

यो साता तपाईंका लागि धेरै नराम्रो देखिँदैन। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। सजग रहनुहोला। तर मंगलबारदेखि बिस्तारै समस्या समाधान हुँदै जानेछन्। स्वास्थ्यलाभ, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राज्यबाट लाभ हुनेछ।

### कुम्भ

तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक देखिन्छन्। उपलब्धिमूलक कार्यमा लगानी हुने, आम्दानी बढ्नाले घरयासी आवश्यकताका वस्तुहरुको अभाव नहुने, पारिवारिक सुख-सन्तोष हुनेछ। इज्जत-प्रतिष्ठा, मान-सम्मान बढ्नेछ। मंगलबारबाट भने स्वास्थ्य समस्या आउने सम्भावना छ। पारिवारिक विवाद होला। अनावश्यक झमेला आइलाग्नेछ। बिहीबारसम्म धैर्यताको खाँचो छ।

### मीन

तपाईंका लागि यो साता सुख-समृद्धिदायक छ। बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुने, सुख-सन्तोष हुनेछ। राज्यको सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियतासमेत बढ्नेछ। आफ्नो गरिरहेको व्यवसायबाट यथेष्ट फाइदा हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने आर्थिक नोक्सानी, अस्वस्थता एवम् तनाव होला।

२०७४, माघ
शनिबार
२७

{ डाइबिटिज नेपालले विगत १० वर्षदेखि भारत, बेलायतलगायतका मुलुकबाट वरिष्ठ चिकित्सकहरू उपस्थित गराई मधुमेह के हो, उपचार कसरी गर्ने, रहनसहन, खानपानका बारेमा चिकित्सक र बिरामीलाई प्रत्यक्ष जानकारीमूलक शिक्षा दिँदै आएको उहाँले जानकारी गराउनुभयो।

# नेपाल



हनुमानढोकास्थित सत्तलमा बसेर फुर्सदको समयमा चित्र बनाउँदै युवक। तस्वीर : मोनिका मल्ल/नेस

# कांग्रेसको प्रदेशसभा संसदीय दलको विधान पारित

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसको शुक्रबार बसेको केन्द्रीय समितिको आकस्मिक बैठकले प्रदेशसभामा संसदीय दल गठन र कार्य सञ्चालनसम्बन्धी विधान पारित गरेको छ। विधान पारित भएपछि सातवटै प्रदेशमा संसदीय दल गठन र कार्यसञ्चालन कसरी गर्ने भन्ने बारेको अन्योल हटेको छ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार प्रदेशसभामा संसदीय दल गठन र कार्यसञ्चालसम्बन्धी विधानबारे छलफल गर्न आकस्मिक बैठक आह्वान गरिएको थियो। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रदेशसभमा संसदीय दल गठन र कार्यसञ्चालनसम्बन्धी मस्यौदा केन्द्रीय सदस्य डा. मीनेन्द्र रिजालले प्रस्तुत गर्नुभएको थियो।

> प्रदेशसभा संसदीय दलको विधान पारित भएपछि सातवटै प्रदेशमा संसदीय दल गठन र कार्य सञ्चालनका लागि सहज भएको छ। यसअघि प्रदेशसभाका लागि संसदीय दलको नेतामा सर्वसम्मत चयन भएको सवालमा विधानअनुसार नै नेता भएको मानिनेछ।
>
> **विश्वप्रकाश शर्मा**
> प्रवक्ता

कांग्रेस नेता रिजालले प्रस्तुत गरेको मस्यौदामा केन्द्रीय सदस्यहरूले छलफल गरी परिमार्जनसहित बैठकले पारित गरेको थियो। प्रवक्ता शर्माका अनुसार प्रदेशसभाका लागि यस बीचमा सर्वसम्मतिले चयन भएका संसदीय दलको नेता विधानअनुसार नै चयन भएको मानिनेछ। विधान पारित हुनु अघिल्लो दिन बिहीबार प्रदेश नम्बर तीनमा प्रदेशसभाको संसदीय दलको नेतामा इन्द्रबहादुर बानिया सर्वसम्मत चयन भएका थिए।

बैठकमा कांग्रेसका पूर्वसभापति एवम् पूर्वप्रधानमन्त्री सुशील कोइरालाको स्मृतिमा श्रद्धाञ्जलीसमेत अर्पण गरिएको थियो। कांग्रेस केन्द्रीय सदस्य कमला पन्तका अनुसार प्रदेशसभामा संसदीय दलको नेता चयन र कार्यसञ्चालनसम्बन्धी विधान कांग्रेस संसदीय दलको विधानसँग हुबहु मिल्ने खालको छ। अब प्रत्येक प्रदेशसभामा विधानअनुसार संसदीय दलको नेता तथा संसदीय दलको कार्यसमिति चयन हुनेछ।

## हत्याका अभियुक्त १६ वर्षपछि भारतबाट पक्राउ



काठमाडौं, (नेस)। १६ वर्षअघि भएको एक हत्याकाण्डमा संलग्न रहेका आतिनी भन्ने मुखिया गुरुङलाई प्रहरीले भारतबाट पक्राउ गरी नेपाल ल्याएको छ। २०५८ साल कात्तिक १९ गते ठमेलस्थित जुलियट स्टुडियो ५४ नाम गरेको डिस्कोमा सुर्वण गुरुङलाई हत्या गरी फरार रहेका आतिनी भन्ने मुखिया गुरुङलाई प्रहरीले भारतीय प्रहरीको सहयोगमा पक्राउ गरी नेपाल ल्याएको हो।

२०६४ साल पुस १ गते जिल्ला अदालत काठमाडौंले मुखिया गुरुङलाई उक्त हत्यामा संलग्न रहेको भन्दै जन्मकैदको फैसला गरेपछि गुरुङ भारतमा लुकिछिपी बस्दै आएका थिए। हत्यापछि फरार रहेका गुरुङलाई नेपाल प्रहरीले इन्टरपोलमार्फत रेड कर्नर नोटिस जारी गरी उनको खोजीका लागि भारतीय प्रहरीलाई समेत अनुरोध गरेको थियो।

गत डिसेम्बर ८मा भारतको जयपुरस्थित विमानस्थलबाट थाइल्यान्डको बैंकक जान लागेका बेला भारतीय प्रहरीले पक्राउ गरी दिल्लको पटियालाकोर्टमा उपस्थित गराएकामा उक्त कोर्टले गुरुङलाई थप कारबाहीका लागि नेपाल सरकारलाई बुझाउन आदेश दिएपछि भारतको विदेश मन्त्रालयमार्फत उनलाई नेपाल प्रहरीको जिम्मा लगाइएको थियो। उनलाई जिल्ला अदालत काठमाडौंमा बुझाइएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक मनोज नेउपानेले जानकारी दिनुभयो।

## विज्ञान, गणित, चित्रकला तथा सांस्कृतिक प्रदर्शनी

काठमाडौं, (नेस)। काठमाडौंको वसुन्धरास्थित नेपाल मोडेल स्कुलमा आयोजित 'छैठौं नेपाल मोडेल स्कुलमा विज्ञान, गणित, चित्रकला तथा सांस्कृतिक प्रदर्शनी-२०७४' शुक्रबार सम्पन्न भयो।

सो प्रदर्शनीमा २ दर्जनभन्दा बढी वैज्ञानिक प्रयोगहरू, गणितीय र विभिन्न जातजातिको पहिचान दर्शाउने ३ दर्जन चित्रकलाहरू प्रदर्शनी गरिएको थियो। यसअघि सो प्रदर्शनीको उद्घाटन नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का वरिष्ठ वैज्ञानिक डा. दीपेन्द्रदास मुल्मीले गर्नुभएको थियो।

सो प्रदर्शनीको २५ र २६ गते गरेर ४७ वटा विद्यालयका करिब ४ हजार विद्यार्थी, ३ सय ५० जना शिक्षक र १ हजार अभिभावकले अवलोकन गरेका थिए।

पढिएका सैद्धान्तिक कुराहरूलाई प्रयोगमा ल्याउने बानीको विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको प्रिन्सिपल डिल्लीराम ढुङ्गेलले बताउनुभयो।

## यूएस आर्मीका एसिया प्यासिफिक कमान्डर नेपालमा



काठमाडौं, (नेस)। प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग संयुक्त राज्य अमेरिकाको अमेरिकी सेना प्यासिफिकका कमान्डिङ जनरल रोर्वोट वि ब्राउनले जंगी अड्डामा शिष्टाचार भेटवार्ता गर्नुभएको छ। भेटवार्तामा उहाँहरूबीच द्विपक्षीय हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको थियो।

यसअघि उहाँले टुंडिखेलस्थित सैनिक मञ्चमा रहेको वीर स्मारकमा माल्यार्पण गर्नुभएको थियो भने उहाँको सम्मानमा जंगी अड्डा परिसरमा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो। साथै, जंगी अड्डाभित्र उहाँलाई नेपाली सेनासम्बन्धी प्रस्तुतीकरणसमेत दिइएको थियो।

## बहुउद्देश्यीय भवन निर्माण सम्पन्न

काठमाडौं, (नेस)

जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको आर्थिक सहयोगमा जीआईजेडद्वारा रसुवाको उत्तरगया गाउँपालिका-२ मा बहुउद्देश्यीय भवन निर्माण भएको छ।

नेपाल-जर्मन रिकभरी कार्यक्रमसम्बन्धी रूपरेखामा आधारित उक्त भवनको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव सुरेशराज अधिकारी र उत्तरगया गाउँपालिका अध्यक्ष उपेन्द्र लम्सालले संयुक्तरूपमा उद्घाटन तथा हस्तान्तरण गर्नुभयो। २०७२ वैशाख १२ र २९ गते को विनाशकारी भूकम्पका कारण रसुवामा ६ सय ६० जनको मृत्यु तथा ७ सय ७१ जना घाइते भएका थिए। विनाशकारी भूकम्पमा साविकका अधिकांश गाविस भवनहरू क्षतिग्रस्त भएका थिए।

जर्मन विकास सहयोगले संघीय मामला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा रसुवा जिल्लामा ४ वटा विद्यालय, एक वडा भवन, जिल्ला विपत् व्यवस्थापन समितिको सचिवालय भवन तथा गोदाम घरको पुनर्निर्माण भएको छ। यसै गरी साना मझौला सामाजिक तथा उत्पादनमूलक भौतिक संरचना जस्तै गोरेटो बाटो, खानेपानी प्रणाली, सुधारिएको पानीघट्ट, ढल निकासलगायतका पुनर्निर्माणका साथै कृषिमार्फत जीविकोपार्जनका कार्यक्रमहरू, नगदेबाली कार्यक्रमहरूमा सहयोग पुऱ्याउनुका साथै २ सय जना स्थानीयलाई प्राविधिक तालिमसमेत प्रदान गरिएको छ।

उक्त पुनर्निर्माण गरिएका सम्पूर्ण भौतिक पूर्वाधारहरू सरकारको मापदण्डअनुसार निर्माण भई ऊर्जा, खानेपानी, फोहेर व्यवस्थापन साथै आधारभूत फर्निचरका साथ निर्माण भएका छन्। जर्मन विकास सहयोगले आगामी दिनमा जिल्ला प्रशासन कार्यालय रसुवालाई विपद् तथा जोखिम व्यवस्थापन सुदृढीकरण कार्यमा निरन्तर सहयोग गर्नेछ।

## मधुमेहबारे ९ दिने छलफल शुरू

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय मधुमेह सम्मेलन र जनचेतना शिक्षाका विषयमा डाइबिटिज नेपालको आयोजनामा शुक्रबारदेखि शुरू भएको कार्यक्रम फागुन ५ गतेसम्म हुने भएको छ।

उक्त सम्मेलनमा वरिष्ठ चिकित्सकहरूको प्रत्यक्ष संलग्नतामा मधुमेहको उपचारमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि आवश्यक पर्ने व्यावहारिक तथा प्रयोगात्मक सिकाइ तथा अभ्यास गरिने संस्थाका अध्यक्ष रोशनकृष्ण न्याछ्योँले जानकारी गराउनुभयो।

डाइबिटिज नेपालले विगत १० वर्षदेखि भारत, बेलायतलगायतका मुलुकबाट वरिष्ठ चिकित्सकहरू उपस्थित गराई मधुमेह के हो, उपचार कसरी गर्ने, रहनसहन, खानपानका बारेमा चिकित्सक र बिरामीलाई प्रत्यक्ष जानकारीमूलक शिक्षा दिँदै आएको उहाँले जानकारी गराउनुभयो। शुक्रबार काठमाडौंको पद्मकन्या क्याम्पसमा पहिलो दिनको कार्यक्रम डाइटिसियनका बीच प्रभावकारी भएको संस्थाका महासचिव कैलाश प्रधानले जानकारी गराउनुभयो।

कार्यक्रममा मधुमेह तीन प्रकारको हुने र यसको उचित व्यवस्थापन गर्नुपर्ने कुरा जानकारी गराइयो। पहिलो प्रकारको मधुमेह प्यान्क्रियजले इन्सुलिन बनाउन नसक्ने हुनाले शुरूबाटै इन्सुलिन लिनुपर्ने हुन्छ। दोस्रो प्रकारको आवश्यक मात्रामा इन्सुलिन शरीरले उपयोग गर्न नसक्दा हुन्छ। त्यस्तै तेस्रो प्रकारको गर्भवती महिलामा हुने मधुमेह गर्भ रहेको ३ देखि ६ महिनापछि हुन सक्छ र प्रायः बच्चा जन्मिएपछि आफै निको भई पुरानै अवस्थामा आउन सक्छ।

नेपाल सरकार
उद्योग मन्त्रालय
**उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाडौं
प्रथम पटक प्रकाशित मिति २०७४।१०।२७

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

यस विभागको Archive Management and Digitization Service कार्यको लागि यस विभागमा दर्ता हुन आएको सिलबन्दी मध्ये प्राविधिक र आर्थिक प्रस्तावहरु सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाता Radiant Infotech Nepal Pvt. Ltd. को प्रस्तावसारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(२) अनुसार जानकारी गराउन र दफा ४७ को प्रयोजनार्थ उक्त कार्यको प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित प्रस्तावदातालाई जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | कबोल गरेको रकम (मू.अ. कर सहित) | छनौट भएको प्रस्तावदाताको नाम ठेगाना |
|---|---|---|---|
| १ | Archive Management and Digitization Service कार्य | रु.३४८६०५०।- | Radiant Infotech Nepal Pvt. Ltd., Kathmandu |

## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**वृष** : धनलाभ, मान-सम्मान बढ्ने, समस्याको समाधान, वाहन-सुख।
**मिथुन** : आर्थिक लाभ, विजय, धनलाभ, प्रतियोगितामा सफलता।
**कर्कट** : गरेको काम असफल, वायु विकार, शोक-सन्ताप।
**सिंह** : पेटको समस्या, विवाद, दिनचर्या अस्तव्यस्त।
**कन्या** : आर्थिक लाभ, पढाइ-व्यवसायमा सफल, मान बढ्ने।
**तुला** : धनहानि, निरर्थक खर्च, मानसिक चञ्चलता, नेत्र विकार।
**वृश्चिक** : उपहारादि वस्तु प्राप्ति, धनलाभ, कार्यसफल, भाग्योदय।
**धनु** : धननाश, दुर्घटनाको सम्भावना, वादविवाद, खर्च वृद्धि।
**मकर** : विविध लाभ, पारिवारिक सुख, मिष्ठान्न भोजन, द्रव्यलाभ।
**कुम्भ** : सुख-सन्तोष, शारीरिक स्वस्थता, कार्यसिद्धि, आनन्दको अनुभूति।
**मीन** : राजनीतिक असफलता, राज्यभय, मान-प्रतिष्ठामा आँच, तनाव।

# नेपाल

आफ्नो मनमा अनेक कुरा मडारिइरहने र सपनामा समेत नराम्रो देख्ने गरेको प्रेम पत्रमा उल्लेख गरेकी छन्। एकातिर अध्ययनको लागि यहाँ आएको तर विद्यायका सरको सधैंभरि गाली धम्की समेत सहनुपरेको समेत दुःख व्यक्त गरेकी छन्।

## एसईई दिने छात्राको रहस्यमय मृत्यु

अर्जुन बोहरा, हुम्ला



हुम्लाको नामख्या गाउँपालिकामा रहेको माहाबौद्ध याल्वाङमा एसईई परीक्षाको लागि तयारी कक्षा लिँदै गरेकी छात्रा १७ वर्षीया सिचुडोमा लामाको रहस्यमय मृत्यु भएको छ। विद्यालयमा नै कोठा लिएर बस्दै आइरहेकी लामा आउँदै गरेको एसईई परीक्षा तयारीकै अवस्थामा आफ्नै बस्ने कोठामा एक्कासि बेहोस भई मृत्यु भएको विद्यालय स्रोतले बताएको छ।

उता विद्यालयका प्रधानाध्यापक धनलाल रोकाया, र मतकका मामा स्यारप लामाले समेत उपचार गर्ने भन्दै फिस्टेल एयरको हेलिकोप्टरबाट पोखरामा रहेको मणिपाल अस्पतालमा उपचार गर्न ल्याएको र उपचार गराउँदा गराउँदै मृत्यु भएको आफन्तले बताएका छन्। यसबारेमा भने जिल्ला प्रहरी कार्यालय हुम्ला आफैंलाई थाहा नभएको र अब यसका बारेमा अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव निरीक्षक कमलप्रसाद नेपालले बताए।

अचानक छोरी बिरामी भएको बारेमा आफूलाई थाहा नदिईकन सीधै हेलिकोप्टरबाट पोखरामा रहेको मणिपाल अस्पतालमा उपचारको निहुँमा त्यहाँ पुर्‍याएको समेत मृत्यक बुवा लेण्डोमिग्युर तामाङले आरोप लगाएका छन्। मृतकका बुबा तामाङले शुक्रबारकै दिनमा जिल्ला प्रहरी कार्यालय, जिल्ला बालकल्याण समिति हुम्ला, र जिल्ला शिक्षा कार्यालय हुम्ला र जिल्ला प्रशासन कार्यालय समेतमा सत्य निष्पक्ष छानविन गरिपाऊँ भन्दै उजुरी गरेका छन्।

आउँदै गरेको एसईई परीक्षा दिने माहाबौद्ध मावि याल्वाङमा अध्ययनरत छात्रा रमीला लामा भने आफूसहित ३ जना विद्यालयको एउटै कोठा र एउटै कक्षामा अध्ययन गर्ने साथी भएको बताइन्। मृतक तामाङ भने टाउकाको अलि बिरामी भएकाले दैनिक सुत्नुभन्दा अगाडि नियमित औषधि सेवन गरेको बताइन्। एउटै ओछयानमा सँगै सुतेको तर बिहान उठ्दा त मृत्यु भएको उनले बताइन्। मृतक सचुडोमा लामा, एलीसा रोकाया र आफू आउँदै गरेको एसईई परीक्षा तयारी गर्दै आएको बताइन्। साथी लामा केही दिनदेखि डिप्रेसन भएको र अभिभावकसमेतले सम्झाउने समय नभएको पनि उनले बताइन्।

बिहान ५ बजे उठ्दा आधा शरीर मरिसकेको, उठाउँदा पनि नबोलेको के भयो भनेर हेडसरलाई जानकारी गराएपछि सरले नै हेलिकोप्टर मगाएर उपचारका लागि लगेको कुन ठाउँमा लगेको आफूलाई थाहा नभएको जानकारी गराइन्। मृत्यु हुनुपूर्व एक हप्ताअगाडि सिचुडोमा लामाले आफ्नै गाउँमा रहेका आफ्नै प्रेमीलाई विद्यायलयले दिएको त्रास व्यक्त गरेकी छन्। एकातिर आफ्नो मनमा अनेक कुरा मडारिइरहने र सपनामा समेत नराम्रो देख्ने गरेको प्रेम पत्रमा उल्लेख गरेकी छन्। एकातिर अध्ययनको लागि यहाँ आएको तर विद्यायका सरको सधैंभरि गाली धम्की समेत सहनुपरेको समेत दुःख व्यक्त गरेकी छन्।

उनको मृत्यु, हत्या के हो अझै खुलासा नभएको र यसका बारेमा समेत छानविन हुनुपर्ने मृतकका आफन्तको माग रहेको तामाङले बताए। उता जिल्ला प्रहरी कार्यालय हुम्लाले यसको बारेमा अनुसन्धानपछि मात्र खुल्ने बताएको छ।

## पैसा नदिएपछि यौन दुर्व्यवहारको आरोपमा उजुरी दर्ता

विमल विष्ट, डोटी

डोटी जिल्ला अस्पतालका कर्मचारीमाथि यौन दुर्व्यबहार गरेको आरोप लगाउँदै क्षतिपूर्तिस्वरुप पैसा दिएर घटना मिलाइ दिन पीडित परिवारले दिएको दबाब अस्वीकार गरेपछि बयान फेरेर जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिएको छ। जिल्ला अस्पताल सिलगढीमा भर्ना भएकी आफन्तको स्याहारका लागि आएकी १४ वर्षीया बालिकालाई यौन दुर्व्यबहार गरेको आरोप पीडितको छ।

प्रहरी, जनप्रतिनिधि, पत्रकार, स्वास्थ्यका कर्मचारी, अधिकारवादीलगायतलाई २ लाखदेखि ५ लाख रुपियाँसम्म पीडक पक्षबाट क्षतिपूर्ति भराई सो घटना मिलाउन आग्रह गरेका थिए। पीडित परिवारले यौन दुर्व्यहार गर्ने क्रममा विवाद भएपछि बालिकाको शरीरमा एसिड फालेको आरोप लगाएका थिए।

गएको सोमबार राति भएको घटनाबारे कानुनी प्रक्रियाअनुसार जान भन्दै पीडित पक्षको प्रस्ताव अस्वीकार गरेपछि उनीहरूले आरोपको विषय बदलेर उजुरी दिएका छन्। बुधबार पीडितका बुबा कैलाश पार्कीले जिल्ला अस्पताल डोटीमा कार्यरत बायो टेक्निसियन पदमा कार्यरत विमल कुँवरमाथि सार्वजनिक अपराधको मुद्दा लगाएर किटानी जाहेरी दिएका छन्। 'अस्पतालमा राखेको एसिडको दुरुपयोग गरेर छोरी प्रतिमा (नाम परिवर्तन) को शरीरमा आगो लगाएको भन्दै सार्वजनिक मुद्दा दिइएको छ', जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक मधुसूदन लुईंटेलले भन्नुभयो- 'पैसा दिलाएर मिलाइदिनु पर्‍यो भनिरहेका थिए। हामीले सक्दैनौं कानुनी प्रक्रियामै जानुस् भनेपछि उनीहरूले सार्वजनिक मुद्दाअन्तर्गत जाहेरी दिएका छन्।'

पीडित परिवार र उनका आफन्तहरूले मंगलबार बिहानैबाट कुँवरलाई कारबाहीको माग गर्दै जिल्ला स्वास्थ्य र अस्पताल घेराउ गरेका थिए। अस्पतालनजिकै रहेको पाकरी गाउँबाट आएका आफन्तहरूले उजुरी नदिई दिनभर अस्पतालको काम ठप्प पारेका थिए। घटनाबारे यथार्थ बुझ्न दिपायल सिलगढी नगरपालिकाकी नगर प्रमुख मञ्जु मलासी, वडाअध्यक्ष कर्णबहादुर विष्ट, जिल्ला स्वास्थ्य प्रमुख सतिष विष्टलगायतले पीडित बालिकाका अभिभावकसँग छलफल गर्नुभएको थियो। छलफलबाट यथार्थ कुरा नआएपछि प्रहरीको हिरासतमा रहेका अभियुक्त भनिएका कुँवर र पीडित बालिकालाई सँगै राखेर सर्वपक्षीय बैठकमा दोहोरो कुरा गर इएको थियो। पीडित पक्षका आफन्तले कुँवरले प्रतिमासँग विवाह गर्नुपर्ने जस्ता अडान राख्दै आक्रोश पोखेका थिए।

गाउँबाट आएका पीडितका आफन्तहरूले जिल्ला प्रहरी परिसरबाहिर दबाब दिएपछि सर्वपक्षीय बैठक बिनानिष्कर्ष टुंगिएको थियो। 'उनीहरूको स्वार्थ सोझै देखिन्छ', अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सोपान बोहराले भन्नुभयो- 'घटनाको प्रकृतिलाई अर्कै बनाएर बाहिरबाट काम गर्न आएको कर्मचारीसँग पैसा असुल्ने नियत देखियो।' जिल्ला स्वास्थ्य प्रमुख सतिष विष्ट, दिपायल सिलगढी नगर प्रमुख मञ्जु मलासीलगायतले सो घटना यौन दुर्व्यवहार नभएको प्रतिक्रिया दिनुभएको छ। 'यौन दुर्व्यवहारको त्यो घटना नै होइन, बेकारमा बंग्याइएको देखिन्छ', मेयर मलासीले भन्नुभयो- 'ती बालिकाको भाग्य बिग्रेर उनको शरीरमा आगो लागेको हो, हुँदै नभएको कुरामा कसरी निर्दोषबाट पैसा असुलेर उनीहरूलाई दिन सकिन्छ।' 'सरोकारवालाले पीडित पक्षको आरोप र अपेक्षा दुवै बुझेर कुनै समझदारी गर्न नसकेपछि प्रहरीलाई एकोहोरो पीडित पक्षको दबाब बढ्यो', जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले भन्नुभयो- 'हामीले पनि प्रक्रियाअनुसार नै जानुस् भनेर अडान लिएपछि सार्वजनिक मुद्दा दिएका छन्।' प्रहरीले किटानी जाहेरी परेपछि कुँवरलाई हिरासतमा राखेर अनुसन्धानको प्रक्रिया अघि बढाएको छ।

### यस्तो थियो घटना

सोमबार बेलुका जिल्ला अस्पतालमा भर्ना भएकी बज्यैको स्याहारका लागि पाकरी गाउँबाट प्रतिमासहित ३ जना आएका थिए। राति १० बजे जिल्ला अस्पतालअघि दाउरा बालेर आगो ताप्न थाले। आगो तापिरहेको छेउमा कुँवर आइपुगे। आगो ताप्ने क्रमा कुँवरले घरको ठेगाना, खाना खाए नखाएको बालिकाहरूलाई सोधे। कुँवरले मौखिक केही जिस्काए पनि। कुरा गर्दा गर्दै आगो निभ्न थाल्यो। नजिकै उनीहरूले काँचो दाउरा जम्मा गरेर बाल्ने प्रयास गरे।

आगो नबलेपछि कुँवरले अस्पतालबाट आगो बाल्न स्प्रीड ल्याए। स्प्रीड आगोमा हाल्ने बेला ह्वात्तै आगो माथि उठ्यो। कुँवरको हात तर्सेर झड्यो। हात झड्केपछि केही स्प्रीड प्रतिमाको शरीरमा पनि पोखियो। आगोले प्रतिमाको लुगा टिप्यो। उनको कम्मरमुनि जाघ पोलिएको छ। प्रतिमाले कुँवरमाथि कुराकानीका क्रममा आफूलाई खाना खान कोठामा जान प्रस्ताव गरेको तर आफूहरूले नमानेपछि एसिड ल्याएर सोझै शरीरमा छर्किदिएको आरोप लगाएकी छिन्। कुँवरले भने नियतवश एसिड नछर्केको बयान दिएका छन्।

## अझै रोकिएन छुवाछूत दुई सातामा तीन घटना

हिक्मत नेपाली, दैलेख

गत माघ १० गते गुन्द्री छोएको निहुँमा महाबु गाउँपालिका-२ डुंग्रीका ५५ वर्षीय पहलबहादुर कामी कुटपिटमा परे। त्यसको लगत्तै दुल्लू नपा-१० गमौडीकी ३५ वर्षीया बालकुमारी नेपालीमाथि सोही ठाउँका २८ वर्षीय जितबहादुर सिंह र २८ वर्षकै उपेन्द्रबहादुर सिंहद्वारा विभेद गरे। माघ २२ गते राजाकाँधस्थित गणेश सिंहको पसलमा सामान किन्न जाँदा पानी खान खोज्दा लोटा छोएको भन्दै जितबहादुर र उपेन्द्रले जातीय हिसाबले अपमान गर्दै गालीगलौज गर्नुसँगै यौन आशयले आपत्तिजनक शब्द प्रयोग गरेको पीडित महिलाले सुनाइन्। उक्त घटनापछि गत बुधबार जिल्ला प्रहरी कार्यालय दैलेखमा मुद्दा परेको छ।

उक्त घटनाको केही दिनपछि पुनः चामुण्डाको हिमालय आधारभूत विद्यालय तीजडाँडामा विद्यालयमा दलितले पकाएको दिवा खाजा खाँदैनौं भन्दै विद्यार्थीद्वारा तालाबन्दी गरियो। 'दलितले पकाएको खाए दाँत झर्छन्' भनी घरमा अभिभावक भनेका कारण ती बालबालिकाले खाजा खान नमानेको भन्दै स्थानीयले व्विद्यालयमा नै तालाबन्दी गरे। बिहीबार मध्याह्न १२ बजेतिर खाजा पकाउने तयारी गर्न लाग्दा ६ र ७ कक्षाका गैरदलित बालबालिकाले दलितले पकाएको खाँदैनौं भन्दै भान्सा कोठामा एक्कासि ताला लगाएको खाजा पकाउने सहयोगी निर्मला नेपालीले बताइन्।

देशभर जातीय छुवाछूतको विषयमा चर्को बहस भइरहेका बेला दैलेखमा भने दुई सातामा ३ वटा जातीय छुवाछूतका घटना घटेका छन्। गुन्द्री छोएको निहुँमा कुटिएका महाबु गाउँपालिका-२ डुंग्रीका ५५ वर्षीय पहलबहादुर कामीले आरोपित पक्ष सोही ठाउँका ४९ वर्षीय भीमबहादुर रोकाय र महाबु गाउँपालिका-१ खरिगैराका २६ वर्षीय नगेन्द्र खत्रीविरुद्ध जातीय विभेद तथा छुवाछूतसम्बन्धी मुद्दाको जाहेरी दिएका छन्।

यस्तै दुल्लू नपा-१० गमौडीकी ३५ वर्षीया बालकुमारी नेपालीमाथि सोही ठाउँका २८ वर्षीय जितबहादुर सिंह र २८ वर्षकै उपेन्द्रबहादुर सिंहले विभेद गरेको भन्दै बुधबार प्रहरीमा मुद्दा परेको छ। पीडित महिलाले आफूमाथि भएको अपमानबारे वडा कार्यालयमा हिजो दिएको निवेदनमा छलफल गराउँदा समेत गल्ती स्वीकार्नुको सट्टा कचहरीमै बसेको बेला महिलामाथि आक्रमणको प्रयास गरेको कार्यवाहक वडाध्यक्ष लालबहादुर थापाले बताए।

उता चामुण्डाको हिमालय आधारभूत विद्यालय तीजडाँडामा विद्यालयमा दलितले पकाएको दिवा खाजा खाँदैनौं भन्दै विद्यार्थीले तालाबन्दी गरेका छन्। विद्यालय व्यवस्थापनको निर्णयबाट २ महिनाअघि प्रति महिना २ हजार पाउने गरी नियुक्त गरिएकी निर्मलाले दिवा खाजा पकाउन शुरू गरेदेखि तल्लो जातिले पकाएको खाँदैनौं भन्दै ६ र ७ कक्षाका गैरदलित बालबालिकाले खाजा खाएका थिएनन्। यो विद्यालयमा २ सय ८६ विद्यार्थी छन्।

विद्यालयका कार्यालय सहयोगी दण्डपाणि रिजालले बालबालिकाका लागि दिवा खाजा पकाउन सक्दिन भनेपछि विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी विद्यालय व्यवस्थापनको निर्णयबाट निर्मलालाई नियुक्त गरिएको थियो। 'केही बालबालिकाले पहिलेदेखि नै खाँदैनथे आज म प्रधानाध्यापक बैठकमा चामुण्डा स्रोत केन्द्रमा गएको मौकामा ताला लगाएछन्' -विद्यालयका प्रधानाध्यापक पूर्ण कँडेलले भने।

बालबालिकालाई नै उक्साएर शिक्षकले विद्यालयमै विभेद गराएको स्थानीय दलित अगुवाहरूको आरोप छ। यसबारे ध्यानाकर्षण गराउँदा प्रधानाध्यापक कँडेलले टिप्पणी गरे- 'घरपरिवारको शिक्षाका कारण बालबालिकाले त्यति कट्टरता देखाएका हुनसक्छन्।'

दिवा खाजाले विद्यालयमा विभेद सिकाएको जनगुनासोबारे शिक्षाका लागि खाद्य कार्यक्रम एकाइ दैलेखका निमित्त कार्यालय प्रमुख उमेश शर्माले आफूहरूलाई पनि यसबारे जानकारी आएको र समस्या समाधानका लागि पहल गरिएको बताए।

जातीय विभेदको मुद्दामा स्थानीय तहका जनप्रतिनिधि र प्रहरीले नै मिलापत्र गराउन थालेपछि दैलेखमा विभेदजन्य घटनाको संख्या बढेको अधिकारकर्मी पत्रकार अमर सुनारले बताए। धारा, पँधेरा, धार्मिक स्थल र कतिपय सार्वजनिकस्थलमा समेत सामाजिक संस्कारका नाममा दलितहरूलाई विभेद हुने गरेको सुनारको व्याख्या छ।

रक्षा बन्धनको धागो बाँध्न इन्कार गरिएको रुकुमको २०६५ को घटना, छोराले अन्तरजातीय विवाह गर्दा २०६८ सालमा तोलीका सेते दमाईको हत्या भएको वा २०६६ मा अन्तरजातीय विवाह गर्दा जगनाथको अमृत विकमाथि कुटपिट तथा ६० हजार जरिवाना गरिएका घटनामा अदालतले छुवाछूत ठहर गर्दै दलितहरूलाई न्याय दिलाएको थियो। यी घटनाहरूमा जातीय विभेद मान्न नसकिने भनी कतिपय गैरदलित सामाजिक अगुवाहरूले विश्लेषण गरेका थिए।

दुई साताअघि गुन्द्री छोएको निहुँमा बडाखोलाका पहलबहादुर कामीलाई उनकै छिमेकी भीमबहादुर रोकाय र खरिगैराका नगेन्द्र खत्रीले मरणासन्न हुने गरी कुटपिट गरेको एउटा घटना र माघ २२ गते मात्र गमौडीमा बालकुमारी नेपालीमाथि त्यहीका उपेन्द्रबहादुर सिंह र जितबहादुर सिंहले पनि जातीय विभेद गरेको घटनाका समेत प्रहरीमा २ वटा जाहेरी परेका छन्।

यही महिनामा छुवाछूतजन्य २ वटा घटना प्रहरीमा पुगे पनि सकभर मेलमिलापमा लैजानुपर्ने भनी राजनीतिक नेतृत्वको आग्रहमा मुद्दा दर्ता भएका छैनन्। 'मुद्दा दर्तामा हिच्किचाई भइरहेको बेला विद्यालयमा समेत विभेद सिकाउन थालिएपछि परिवर्तन कसरी सम्भव होला?' -अधिकारकर्मी प्रेम भूर्तेलले दुःखेसो पोखे।

'जातीय भेदभाव तथा छुवाछूत कसूर र सजाय ऐन २०६८' बमोजिम कडा कारबाही गरिदिन जाहेरीमा माग गरिएको छ। सो ऐनअनुसार जातीय विभेद गरेको मुद्दामा १ महिनादेखि ३ वर्षसम्म कैद वा ५ सय रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था छ। ऐनमा पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउने समेतको प्रावधान छ।

## सरकारी अस्पतालमै छैन औषधि

सरिता चलाउने, सल्यान

सल्यानको एक सरकारी अस्पतालमा औषधि अभाव भएको छ। जिल्लाको बागचौर नगरपालिका वडा नम्बर १२ मा रहेको स्वास्थ्य चौकी बाफुखोलामा औषधि अभाव भएको हो। औषधि अभाव हुँदा बिरामीहरूले निजी स्वास्थ्य संस्थाबाट किनेर खानुपर्ने बाध्यता रहेको छ। स्वास्थ्य चौकी बाफुखोलामा आयोजना गरेको एक कार्यक्रममा स्थानीयले औषधिको व्यवस्था गर्न माग गरेका छन्। बिरामी भएर स्वास्थ्य चौकी आउँदा औषधि छैन भनेर स्वास्थ्यकर्मीले खाली हात पठाउने गरेको उनीहरूले गुनासो गरेका थिए।

विगत झण्डै एक महिनादेखि स्वास्थ्य चौकीमा औषधिको अभाव भएको निमित्त इन्चार्ज धनमाया बस्नेतले बताउनुभयो। उहाँले स्वास्थ्य चौकी बाफुखोलामा अत्यावश्यक औषधि नभएको बताउनुभयो।

'यस स्वास्थ्य चौकीमा ३९ प्रकारका औषधि हुनुपर्छ, अहिले बढीमा १५/१६ प्रकारका औषधि मात्रै छन्', उहाँले थप्नु भयो- 'दैनिकरूपमा चाहिने आइरन चक्की, ब्रोफिनजस्ता औषधि छैनन्।' उहाँले स्वास्थ्य संस्थामा आउने बिरामीहरूलाई औषधि छैन भनेर खाली हात फर्काउने गरेको बताउनुभयो।

नगरपालिकाले औषधि अहिलेसम्म २ पटक पठाएको उहाँले बताउनुभयो। 'यो क्षेत्र ठूलो छ, यहाँ रुकुम, रोल्पाबाट पनि सेवाग्राही आउछन्, तर नगरपालिकाले अत्यावश्यक औषधि थोरै पठाउँछ, बढीमा एक महिनामा सकिन्छ' -उहाँले भन्नुभयो। यस स्वास्थ्य चौकीमा अहिले पनि दैनिकरूपमा ५०/६० जना बिरामी आउने गरेका छन्।

## विद्यार्थी नहुँदा मनाङका सरकारी विद्यालय धरापमा

नवीन लामिछाने, मनाङ



हिमालपारिको जिल्ला मनाङका सरकारी विद्यालय विद्यार्थी अभावले संकटमा परेका छन्। ४ वटा माध्यमिक र २४ वटा आधरभूत गरी जम्मा २८ वटा सरकारी विद्यलय रहेका यस जिल्लामा नयाँ शैक्षिक शत्र शुरू हुन केही दिन मात्र बाँकी छ। प्रत्येक विद्यालयले फागुनको पहिलो साताबाट भर्ना अभियानलाई तीव्रता दिने निर्णय गरे तापनि प्रभावकारी भने हुने देखिँदैन। परपर मनाङका बालबालिका मनाङमा नहुनु र मनाङमा काम गर्न आउने कामदारका बालबच्चाहरू कामको सिलसिलमा बाबा आमाको पछि लाग्नाले समस्या परेको हो।

गत शैक्षिक सत्रको जिल्लाभरिको विद्यार्थी संख्या हेर्ने हो भने लगभग ६ सयको हाराहारीमा रहेको जिल्ला शिक्षा कार्यालयको तथ्यांकले बताउँछ। यसअघि नै जिल्लाका ६ वटा विद्यालयमा विद्यार्थी संख्या शून्य हुँदा विद्यालय बन्द हुँदैआएको छ। गाउँमा रहेका विद्यार्थी शहर बजारका बोर्डिङ स्कुलमा भर्ना गरेपछि विद्यालयमा विद्यार्थी संख्या शून्य भएको हो।

विद्यार्थी शून्य भएका विद्यालयमा तिलिचो आधारभूत टंकी आधारभूत, भ्राका आधारभूत, डावल आधारभूत, घ्यारु आधारभूत, हुम्डे आधारभूत र पिसाङ आधारभूत विद्यालय रहेका छन्। मनाङका स्थानीयहरूले आफ्ना नानीबाबुलाई काठमाडौं, पोखरा र बेंसीशहरका बोर्डिङ स्कुलमा भर्ना गर्ने गरेका कारण मनाङका विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको तिलिचो आधारभूत विद्यालयका प्रधानाध्यापक यमप्रसाद तिमिल्सिनाले बताए।

गत शैक्षिक शत्रमा २६ जना विद्यार्थी रहेको तिलिचो आधारभूत विद्यालयमा चालू शैक्षिक सत्रमा ४ जना विद्यार्थी रहेकोमा हाल विद्यार्थी नहुँदा तिलिचो आधारभूत विद्यालय बन्द हुने अवस्थमा छ।

यसै गरी हुम्डेस्थित हुम्डे आधारभूत विद्यालमा विद्यार्थी संख्या शून्य हुँदा विद्यालयका कक्षा कोठामा ताला लागेको छ। विद्यार्थी नभएपछि यस विद्यालय २ वर्षदेखि बन्द हुँदैआएको छ। यसै गरी टंकी मनाङस्थित टंकी आधारभूत विद्यालयमा विद्यार्थी नहुँदा विद्यालय बन्द हुँदै आएको विद्यालयका प्रअ लोकबहादुर सुवेदीले जानकारी दिनुभयो।

जिल्लाका स्थानीयले आफ्ना छोराछोरी शहर बजारमा भर्ना गर्ने गरेका कारण मनाङका सरकारी विद्यालयमा विद्यार्थी घट्दै गएको मनाङका जिल्ला शिक्षा अधिकारी टुकराज अधिकरीले बताए।

त्यसो त आगामी शैक्षिक सत्रदेखि जिल्ला शिक्षा कार्यालय नरहने हुँदा स्थानीय निकायले विद्यालयको व्यवस्थापन कसरी गर्ला भन्ने चासो र चिन्तासमेत जिल्लावासीले गर्दैआएका छन्।

बाल सुरक्षाका लागि सर्वप्रथम जोखिमरहित विद्यालय निर्माण गर्न आग्रह गर्नुभयो। नगरप्रमुख बडुवालले भन्नुभयो- 'शिक्षक पाल्नका लागि विद्यालय भवन कमजोर बनाएका छन् अब त्यसो गरिँदैन,



# १ लाख ५० हजारलाई हात्तीपाइले रोगविरुद्ध औषधि खुवाउने तयारी

**नेपाल समाचारपत्र**

लमजुङ

अ लमजुङमा जिल्लाका साढे एक लाख नगरिकलाई हात्ती पाइले रोगविरुद्ध औषधि खुवाउने तयारी गरिएको छ। जिल्ला जन स्वास्थ्य कार्यालयले आफ्नो कार्यालयमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी त्यसबारेमा जानकारी दिएको हो।

आगामी फागुन १२, १३ र १४ गतेसम्म तीन दिवसीयरूपमा हात्तीपाइले अर्थात् फाइलेरिया रोगका विरुद्धमा औषधि खुवाइने अभियान सञ्चालन गर्ने तयारीमा जिल्ला जनस्वास्थ्य कार्यालय जुटिरहेको जिल्ला जनस्वास्थ्य अधिकृत केशवप्रसाद चापागाईंले बताउनुभयो। उहाँका अनुसार जन्मेको २ वर्ष उमेर माथिका सबै नागरिकलाई हात्तीपाइले रोगविरुद्धको डाइईथाइल कार्बामाजिन (डीइसी) र जुकाको औषधि अल्बेन्डाजोल खुवाउने तयारी गरिएको हो। सो अभियानअन्तर्गत यसपटक जिल्लाका १ लाख ५८ हजार ८ सय ८४ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको जिल्ला जनस्वास्थ्य अधिकृत केशवप्रसाद चापागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त अभियान सफल पार्नका लागि ४ सय १६ जना स्वास्थ्यकर्मी र १ हजार १ सय ५५ जना स्वयंसेवक खटिनेछन्।

गतवर्ष १ लाख २० हजार ८ सय ६ जनालाई औषधि खुवाइएको जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङले जनाएको छ। फागुन पहिलो दिन फागुन १२ गते प्रत्येक टोल/टोलको पायक पर्ने स्थानमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने कार्यक्रम छ। त्यसपछि दोस्रो र तेस्रो दिन घरदैलो गरी औषधि खुवाउने अभियानका अवसरमा कार्यक्रम तय गरिएको छ।

हात्तीपाइले रोगविरुद्धको औषधि पूर्णरूपमा सुरक्षित भएकाले सामान्य रिंगटा लागेमा आत्तिइहाल्न नहुने स्वास्थ्यकर्मीले बताएका छन्। हात्तीपाइले रोगको लक्षण देखिन लागेका व्यक्तिमा सामान्य रिंगटा लाग्ने समस्या देखिने र केही नहुने स्वास्थ्यकर्मीले बताएका छन्।

उक्त औषधि दुई वर्ष नपुगेका केटाकेटी, गर्भवती र ७ दिनसम्मका सुत्केरी, सिकिस्त बिरामी, क्यान्सर, मुटु, कलेजो, मृगौला, फोक्सोका दीर्घरोगी साथै छारे रोग, २४ घण्टाभित्रमा ज्वरो आएको, कडा कुपोषण भएका ५ वर्षमुनिका बालबालिकालाई खुवाउन नहुने चिकित्सकहरूले बताएका छन्। उनीहरूका अनुसार ७० वर्षभन्दा माथिका वृद्धवृद्धालाई राम्रोसँग स्वास्थ्य जाँच गरेरमात्रै खुवाउनुपर्ने उनीहरूको भनाइ छ।

अभियानको तयारीअनुसार थप कार्यक्रममाअन्तर्गत माघ २५ गते जिल्लास्तरीय योजना तर्जुमा तथा समीक्षा गोष्ठी, २६ गते स्वास्थ्यकर्मीका लागि गोष्ठी, माघ २७ देखि फागुन १ गतेसम्म स्वास्थ्यकर्मीका लागि अभिमूखिकरण, फागुन ३ गते जिल्लास्तरीय जनचेतना अभिवृद्धि अन्तरक्रिया कार्यक्रम, फागुन ४ गते पत्रकार सम्मेलन तथा अन्तरक्रिया कार्यक्रम, ४ गते नै नगरपालिकास्तरीय जनचेतना अभिवृद्धि कार्यक्रम, फागुन ४ गतेदेखि १४ गतेसम्म पत्रपत्रिका, एफएम रेडियो तथा टीभीबाट सूचना प्रसारण, फागुन ५ देखि ७ गतेसम्म वडास्तरीय जनचेतना अभिवृद्धि कार्यक्रम, फागुन ७ देखि ९ गतेसम्म १ स्वयंसेवकका लागि १ दिन अभिमूखिकरण कार्यक्रम, फागुन ९ गतेदेखि १३ गतेसम्म माइकिङ, फागुन १२, १३ र १४ गते हात्तीपाइले रोगविरुद्धको औषधि खुवाई फागुन २० गतेसम्म प्रतिवेदन संकलन गर्ने कार्यक्रम तय गरेको जिल्ला जनस्वास्थ्य अधिकृत केशवप्रसाद चापागाईंले बताउनुभयो।

क्यूलेक्स जातिको लामखुट्टेले हात्तीपाइले रोग लागेका मान्छेलाई टोकेपछि उक्त लामखुट्टेले निरोगी मान्छेलाई टोकेमा हात्तीपाइले रोग लाग्ने स्वास्थ्यकर्मीको भनाइ छ। उनीहरूका अनुसार हात्तीपाइले रोग लागेका व्यक्तिमा ज्वरो आउने, लिम्फ नलीहरू सुन्निने, पुरुषमा अण्डकोष वरपरका नसाहरू फुल्ने, दुख्ने, महिलामा यौनअंग सुन्निने, खुट्टा सुन्निएर हात्तीपाइले/फाइलेरिया हुने, पिसाब धमिलो दूधदही जस्तो बाक्लो हुने लक्षण देखापर्ने हुन्छ। यस रोगबाट बच्न लगातार ६ वर्षसम्म हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गर्नुपर्ने जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी युवराज मैनालीको अध्यक्षतामा भएको सो कार्यक्रममा स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देल, जिल्ला शिक्षा अधिकारी गोपालप्रसाद कँडेल, महिला तथा बालबालिका अधिकृत विष्णुमाया पौडेल, प्रहरी नायव उपरीक्षक पदमबहादुर विष्ट, लमजुङ जिल्ला सामुदायिक अस्पतालका डाक्टर हिक्मत भण्डारी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सभापति नारायणप्रसाद घिमिरे, एमाले प्रतिनिधि सुभाष पौडेल, कांग्रेस प्रतिनिधि नारायणबहादुर सुयेल, पत्रकार महासंघका जिल्ला शाखा अध्यक्ष आश गुरुङलगायत सारोकारवालाको सहभागिता थियो। उक्त कार्यक्रमको सञ्चालन जनस्वास्थ्य निरीक्षक मनोजसिंह बोहोराले गर्नुभएको थियो।

# स्थानीय तहले सन्तोषजनकरूपमा बजेट खर्च गर्न सकेनन्

**विनोदसिंह विष्ट, बैतडी**

बैतडीका स्थानीय तहहरूले चालू आर्थिक वर्षको ६ महिनाको अवधिमा सन्तोषजनकरूपमा पूँजीगत बजेट अर्थात् विकास बजेट खर्च गर्न सकेका छैनन्। स्थानीय तहमा जनप्रतिनिधि आएसँगै विकास निर्माणका कामले गति लिने अपेक्षा गरिएको भए पनि त्यसो भने हुन सकेको छैन।

जिल्लाका दशवटै स्थानीय तहको विकास बजेटको खर्च हेर्दा सन्तोष गर्न सकिने ठाउँ देखिदैन। बढी खर्च गर्नेले ४० प्रतिशतको हाराहारीमा मात्रै खर्च गरेको छ भने केही स्थानीय तहको विकास बजेट अहिलेसम्म कत्ति पनि खर्च हुन सकेको छैन। जिल्लाका ६ वटा गाउँपालिका र ४ वटा नगरपालिकामा विकास खर्चको स्थिति कमजोर देखिएको छ।

प्राविधिक कर्मचारीको अभाव, चुनावलगायतका कारणले विकास बजेट खर्च हुन नसकेको र अब द्रुत गतिमा विकासका काम अघि बढ्ने शिवनाथ गाउँपालिकाका अध्यक्ष कर्णसिंह साउँदले बताउनुभयो। शिवनाथ गाउँपालिकाको पूँजीगत बजेट १२ करोड भए पनि ६ महिनाको अवधिमा कत्ति पनि खर्च भएको छैन। यस्तै सुर्नया गाउँपालिकाको पनि ६ करोड २५ लाख पूँजीगत बजेटमध्ये ६ महिनाको अवधिमा ५ प्रतिशत बजेट मात्रै खर्च भएको छ।

मेलौली नगरपालिकामा पनि ६ महिनाको अवधिमा १५ प्रतिशत मात्रै पूँजीगत बजेट खर्च भएको छ। १४ करोड पूँजीगत बजेट भएको नगरपालिकाले ६ महिनाको १५ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको हो। विकास बजेट १४ करोड भएको सिगास गाउँपालिकाले पनि ६ महिनाको अवधिमा २० लाख जति मात्रै खर्च गरेको छ। डिलासैनी गाउँपालिकाको हालत पनि उस्तै छ। २५ करोड पूँजीगत बजेट मध्ये ५ प्रतिशतको हाराहारीमा मात्रै खर्च भएको गाउँपालिकाका अध्यक्ष ओकेन्द्र बोहराले बताउनुभयो। उहाँले भन्नुभयो- 'काम शुरू भए पनि पेस्की नदिएका कारण बजेट खर्च हुन सकेको छैन।'

जिल्लाको पाटन नगरपालिकाले पनि चालू आर्थिक वर्षको ६ महिनामा १५ प्रतिशत जति मात्रै विकास बजेट खर्चन सकेको छ। जिल्लाको पुरानो नगरपालिकाको रूपमा रहेको दशरथचन्द नगरपालिकाले पनि चालू आर्थिक वर्षको ६ महिनामा २० प्रतिशत मात्रै पूँजीगत बजेट खर्चेको छ। निर्वाचनका कारण विकास निर्माणका काममा ढिलाई भएको नगरपालिकाका इन्जिनियर जयसिंह बोहराले बताउनुभयो।

जिल्लाको दोगडाकेदार गाउँपालिका र पञ्चेश्वर गाउँपालिकाले भने अन्य तहको तुलनामा बढी बजेट खर्च गरेको छ।

# सभामुखमा थापा

डोटी, (नेस)



७ नम्बर प्रदेशसभाको सभामुखका लागि नेकपा एमालेले बझाङका प्रदेश सांसद अर्जुनबहादुर थापालाई उम्मेदवार बनाउने निश्चित भएको छ। शनिबार हुने सभामुख पदको मनोनयनका लागि थापालाई आधिकारिकरूपमा उम्मेदवार बनाइने भएको छ।

एमाले उपाध्यक्ष तथा प्रदेश संयोजक भीमबहादुर रावल र सहसंयोजक कर्णबहादुर थापाले सभामुखको उम्मेदवारको टुंगो लगाउनुभएको हो। 'दुवै नेता सांसद थापाका पक्षमा सकारात्मक हुनुहुन्छ', एमालेका एकजना नेताले भन्नुभयो- 'उहाँको उम्मेदवारीबारे औपचारिकरूपमा घोषणा गर्न मात्रै बाँकी छ, सबै कुरा मिलिसक्यो।'

७ नम्बर प्रदेशसभा संसद्को सभामुखका लागि शनिबार मनोनयनपत्र दाखिला र २९ गते सोमबार चुनाव हुने कार्यक्रम छ। प्रदेशसभा संसद्मा एमालेका २५ र माओवादी केन्द्रका १४, कांग्रेसका १२ र राजपाका २ जना सांसद छन्। ६२ वर्षीय थापा बझाङ क्षेत्र नम्बर १ (क) बाट विजयी सांसद हुनुहुन्छ। २०३६ सालमा शिक्षक संगठनबाट राजनीतिमा प्रवेश गर्नुभएका थापा एमाले बझाङका अध्यक्षसमेत भइसक्नुभएको छ। उहाँ २०५६ को आमचुनावमा थोरै मतले प्रतिनिधिसभा सदस्यमा पराजित हुनुभएको थियो।

# खरबाङको डढेलो नियन्त्रणमा



**नेपाल समाचारपत्र**

गुल्मी

गुल्मीको मुसिकोट नगरपालिका-५ आँपचौरमा जंगलमा लागेको आगो नियन्त्रणमा आएको छ। कुर्घाको मालिकाबाट, तिम्लेखर्क हुँदै फैलिएको आगो झण्डै १५ किलोमिटर निजी खरबारी हुँदै जंगलबाट आँपचौरको खरवाङ जंगलसम्म पुगेको हो।

आगो स्थानीय, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरीले नियन्त्रणमा लिएपछि जोखिम अवस्थामा रहेका बस्तीमा समस्या नरहेको गुल्मीका प्रमुख जिल्ला अधिकारी गोपाल अर्यालले जानकारी दिए। बिहीबार दिउँसोबाट लागेको आगो आँपचौरको बस्तीनजिकै पुगेसँगै स्थानीय निकै त्रसित बनेका थिए।

स्थानीयले आगो निभाउने प्रयास गरे पनि झण्डै ४ किलोमिटर फैलिएको र केही भाग भीरसमेत भएकाले नियन्त्रणमा लिन कठिनाई हुँदा जंगलबाट नजिकै २५ घरधुरी जोखिमा थिए। स्थानीयवासीहरूले आगोलागी नियन्त्रणको प्रयास गरे पनि सुकेको खर भएकाले कठिनाई भएपछि जिल्लाबाट थप सुरक्षाकर्मी पठाइएको थियो।

'बस्तीनजिकैको आगो पूरै नियन्त्रणमा आएको छ', प्रमुख जिल्ला अधिकारी अर्यालले भने- 'अन्य स्थानमा रहेको आगो पूर्णरूपमा नियन्त्रणमा लिन सुरक्षाकर्मी आगलागीस्थलमै खटिएका छन्।' आगो नियन्त्रणमा लिन मुसिकोट नगरपालिकाका नगर प्रमुख सोमनाथ सापकोटासहित नगरपालिकाबाट पनि खटिएका थिए।

# खैरो हिरोइनसहित एक पक्राउ

डोटी, (नेस)

७ नम्बर प्रदेश प्रहरीले २ सय ८० मिलीग्राम खैरो हिरोइनसहित एक जनालाई पक्राउ गरेको छ। हिरोइनसहित पक्राउ पर्नेमा कञ्चनपुरको भीमदत्त नगरपालिका-३ तिलकपुरका २२ वर्षीय पंकज विष्ट रहेका छन्।

महेन्द्रनगर बजारको बसपार्क क्षेत्रमा शुक्रबार शंकास्पद अवस्थामा हिँडिरहेका विष्टलाई प्रहरीले चेकजाँच गर्दा उनीबाट खैरो हिरोइन बरामद भएको ७ नम्बर प्रदेश प्रहरी मुख्यालय दिपायलले जनाएको छ। पक्राउ परेका विष्टलाई हिरासतमा राखी आवश्यक अनुसन्धान भइरहेको ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायलका प्रवक्ता प्रहरी नायव उपरीक्षक हर्कबहादुर रावलले बताउनुभयो।

# जागिर लगाइदिने भन्दै प्रहरीले पारे युवती बेपत्ता

**नेपाल समाचारपत्र**

वीरगन्ज

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ५ निवासी स्व. जयराम गिरीकी १४ वर्षीया छोरी काजल गिरी गत असोज २९ गते घरबाट हराएको परिवारले दाबी गरेका छन्।

बेपत्ता भएकी काजलले प्रयोग गर्दै आएको मोबाइल नम्बर ९०४२२ ९३२ र ९८०७१४१२७३ को कल विवरण निकाल्दा सोही वडामा बस्ने नेपाल प्रहरीमा कार्यरत रहेका प्रेम बैठा धोबीले नेपाल प्रहरीमा जागिर लगाइदिने प्रभोलनमा लिएर फरार भएको परिवारजनले नेपाल पत्रकार महासंघ पर्साको सभाकक्षमा पत्रकार सम्मेलनमा जानकारी गराएका थिए। हाल बैठा कार्यरत रहेका सिन्धुलीको नेपाल प्रहरीको मध्यक्षेत्रीय तालिम केन्द्रमा खोजतलास गरेपछि तालिम केन्द्रबाहिर बैठाले ३ दिनसम्म एउटा केटीलाई ल्याएर होटेलमा राखेका होटेलवालाहरूले बताएका थिए।

पीडित काजललाई लिएर फरार भएका बैठालाई केटीपक्षकी हजुरआमा पार्वती गिरी र हजुरबुबा शारदा गिरीले पक्राउ गर्नलाई गत कात्तिक ६ गते जिल्ला प्रहरी कार्यालय पर्सामा चेलिबेटी बेचबिखनको उजुरीसमेत दिएका थिए। तर जिल्ला प्रहरी कार्यालय पर्साले दोषीलाई पक्राउ गरी ल्याएका थिए। तर सखुवाँ प्रसौनी गाउँपालिकाका प्रमुख प्रदीप जैसवालले आफ्नो जिम्मामा लिई छोडाएका थिए। काजललाई लिएर फरार भएको ४ महिना बितिसक्दा पनि प्रहरीलाई पक्राउ गर्ने कुनै चासो नदेखाएको परिवारजनले आरोप लगाएका छन्।

पत्रकार सम्मेलनमा काजलका हजुरबुबा शारदा गिरीले भन- 'काजललाई नेपाल प्रहरीमा जागिर लगाइदिने प्रलोभनमा पारेर फरार बनाइएको छ।' उनले थप- 'प्रहरीले पक्राउ गरे पनि राजनीतिक दबाबका कारण दोषीलाई छोडेको बताएका हुन्।' हालसम्म काजललाई प्रहरीले खोजतलास नगरेको परिवारले आरोप लगाएका छन्। युवतीलाई लिएर फरार भएका प्रहरी बैठाले अहिलेसम्म आफूसँगै राखेको परिवारजनले पत्रकार सम्मेलनमा बताए। पत्रकार सम्मेलनमा फरार काजलकी हजुरआमा पार्वती गिरीले प्रहरीमा खोजतलास गर्ने भनेर उजुरी दिएपछि बैठाका परिवारले ज्यान मार्ने धम्की दिने गरेको सुनाइन्।

# विपद् जोखिम न्यूनीकरण गर्न किशोरकिशोरीलाई तालिम

**दयाराम पण्डित, बाजुरा**



विपद् जोखिमलाई न्यूनीकरण गर्न सदरमुकाम मार्तडीमा किशोरकिशोरीका लागि बिहीबारदेखि ३ दिवसीय तालिम सञ्चालन गरिएको छ। बाजुरालाई प्राकृतिक प्रकोपका दृष्टिले संवेदनशीलरूपमा लिइन्छ। त्यसैमा बालबालिका बढी जोखिममा छन्। बालजोखिम न्यूनीकरण गर्न बालकेन्द्रित जोखिम न्यूनीकरण तालिमको आयोजना गरेको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बाजुराका सभापति दिलबहादुर बुढाले बताउनुभएको छ।

कार्यक्रमका अतिथि एवं जिल्ला समन्वय समिति बाजुराका संयोजक नरेन्द्र रोकायाले भन्नुभयो- 'जोखिममा सबैभन्दा बढी बालबालिका पर्ने भएकाले स्थानीय तहबाट बालसुरक्षाका लागि आवश्यक नीति तथा कार्यक्रम बजेट व्यवस्थापन गर्नुपर्छ।' प्राकृतिक जोखिममामात्र नभएर कामको जोखिममा पनि बालबालिका रहेकाले हरेक हिसाबबाट बाल जोखिम न्यूनीकरण गर्न आवश्यक रहेको बताउनुभयो।

त्यस्तै बडिमालिका नगरपालिकाका नगरप्रमुख पदम वडुवलले भन्नुभयो- 'बालदेखि वृद्ध सबै हामी जोखिममा छौं, तसर्थ सरकारले बनाएको नम्सअनुसार चल्नुपर्छ।' बाजुराका २ सय ६५ बढी विद्यार्थी जोखिममा रहेको बताउनुहुँदै बाल सुरक्षाका लागि सर्वप्रथम जोखिमरहित विद्यालय निर्माण गर्न आग्रह गर्नुभयो। नगरप्रमुख बडुवालले भन्नुभयो- 'शिक्षक पाल्नका लागि विद्यालय भवन कमजोर बनाएका छन् अब त्यसो गरिँदैन, सरकारको स्ट्यान्डर नम्सअनुसारका भवन निर्माण गरिनेछन्।' प्रमुख जिल्ला अधिकारीले बाजुरा उस्तै विपद् जोखिमयुक्त जिल्ला भएको र पछिल्लो समयमा जथाभावी डोजर प्रयोग गरेर जथाभावी पहिरोको उच्च जोखिम भएको बताउनुभयो।

२०७२ को भूकम्पले नेपालीलाई अनौठो पाठ सिकाएको बताउनुभएको छ। कुनै पनि कार्य सञ्चालन गर्दा त्यसको असर प्रभावको पूर्वानुमान गरेर मात्र योजना तजुर्मा गर्नुपर्ने पनि बताउनुभएको छ। विपद् जोखिमको न्यूनीकरण तथा संकटासन्न तथा क्षमता विश्लेशण तालिम सञ्चालन भइरहेको छ। त्रिवेणी नगरपालिकाका किशोरकिशोरीलाई लक्षित गरिएको तालिममा नगरप्रमुख रामसिंह रावल, वडाअध्यक्ष, सामुदायिक विद्यालयका शिक्षक, अभिभावक, रेडक्रसकर्मीसहित सहभागी छन्। उक्त तालिम सबैका लागि अत्यन्त उपयोगी हुने तालिमका सहभागी एवं रत्न उच्च माविका प्रचार्य रतन अयडीले बताउनुभएको छ।

बाजुरा विपद् व्यवस्थापनमा समस्याग्रसित जिल्ला भएकाले फस्ट एड तालिम, सामुदायिक विद्यालयमा समिति गठन, विपद् व्यवस्थापनसम्बन्धी त्रिवेणी नगरपालिको योजनासहित निर्माण गर्ने उद्देश्य रहेको तालिमका प्रशिक्षक मानबहादुर सिंहले बताउनुभएको छ। तालिम युनिसेफको सहयोग तथा त्रिवेणी नगरपालिकाको आयोजना र नेपाल रेडक्रस सोसाइटीको समन्वयमा भएको रेडक्रस जिल्ला शाखा मन्त्री रमबहादुर शाहीले बताउनुभएको छ।

प्राकृतिक दृष्टिकोणले बाजुरा देशकै विपद् जोखिममा रहेको मानिन्छ । जलवायु परिवर्तनका कारण अनावृष्टि र अतिवृष्टिको प्रकोप बाजुरामा छ। सुख्खा खडेरीले पनि ग्रसित छ। साथै भूकम्पीय जोखिमले पनि बाजुरालाई उच्च स्थानमा राखेको छ। त्यस्तै वन डढेलो र फुस्रा खरले छाएका घर छान मा आगलागी पनि त्यतिकै हुने गर्दछ। बाढी पहिरोबाट वर्षेनी ज्यान गुमाउने पनि उत्तीकै छन्। हरेक सूचांकका आधारमा बाजुरालाई जोखिमयुक्त स्थानका रूपमा पहिचान गरिएको छ।

# विश्व

## अस्वीकार

फ्रान्सका वातावरण मन्त्री निकोलस हुलोटले आफूमाथि लगाइएको यौन उत्पीडन अभियोग अस्वीकार गरेका छन्।



## प्रदर्शन

उत्तर कोरियाको प्योङ्याङमा आयोजित विशाल सैनिक परेडमा प्रदर्शित हातहतियार।



2018, FEB
Saturday
10

## विश्व २ मिनेट

### अमेरिका

#### पुनः सेयरमा गिरावट

वासिङ्टन, (एजेन्सी)

अमेरिकी सेयर बजारमा बिहीबार पुनः एकपटक भारी गिरावट आएको छ। डाउ जोन्स यसै हप्तामा दोस्रो पटक १ हजारभन्दा धेरै अंकले खस्केको हो। डाउ जोन्स ४ दशमलव १५ प्रतिशतले गिरावट आएको र २३ हजार ८ सय ६० अंकमा बन्द भयो। एसएन्डपीमा ५ सय इन्डेक्समा पनि ३ दशमलव ७५ प्रतिशतले गिरावट आएको र १ सयभन्दा धेरै अंक गिरावट आयो। त्यसैगरी नेस्डेकमा २ सय ७५ अंकले गिरावट आएको छ। युरोपेली बजारमा गिरावट आएपछि अमेरिकी बजारमा आएको गिरावटले लगानीकर्ताहरू चिन्तित हुन थालेका छन्। लन्डन, जर्मनी र फ्रान्सको सेयर बजारमा २ दशमलव ६ प्रतिशतसम्म गिरावट आएको छ।

### अमेरिका

#### दुई लडाकू पक्राउ

वासिङ्टन, (एजेन्सी)

अमेरिकी अधिकारीहरूले कट्टरपन्थी संगठन इस्लामिक स्टेटका दुई कथित बेलायती सदस्य सिरियाली कुर्दिस लडाकूलाई पक्राउ गरेको बताएका छन्। पक्राउ परेका ती बेलायतीको नाम एलेक्जेन्डा कोटे र अल सफी अल सेख भएको जनाइएको छ। उनीहरू इस्लामिक स्टेटका लागि काम गरिरहेका ४ सदस्यीय समूहका सदस्य थिए। उनीहरू चारै जना लन्डनमा बस्थे र उनीहरूले उक्त समूहको नाम बिटल्स राखेका थिए। हत्यामा सरिक उक्त समूहले पश्चिमी देशका २७ भन्दा धेरै बन्धकको टाउको काटेको र अन्य कयौंलाई कडा यातना दिएको अमेरिकी अधिकारीहरूले बताए।

### थाइल्यान्ड

#### सेल्फीले ज्यान लियो

बैंकक, (एजेन्सी)

थाइल्यान्डको ट्रेन ट्र्याकमा साथीसँग सेल्फी खिच्ने क्रममा एक महिलाको ज्यान गएको छ। अर्को साथीलाई उद्धृत गर्दै थाई प्रहरीले दुवैजनाले रक्सी पिइसकेपछि ट्रेनसँगै तस्वीर खिच्ने विचार गरेको तर अर्को ट्र्याकबाट आएको ट्रेनको दुवैलाई होसै नभएको जनाएको छ। उक्त दुर्घटनामा खुट्टामा गम्भीर चोट लागेका ती २४ वर्षीया महिलाको उपचारकै क्रममा अस्पतालमा मृत्यु भएको थियो। खतरनाक स्थानहरूमा सेल्फी खिच्ने क्रममा मारिनेको संख्या बढिरहेको छ। राजधानी बैंकको साम्सेन स्टेसनमा बिहीबार बिहान यो दुर्घटना भएको हो।

### म्यान्मार

#### अनुसन्धान सार्वजनिक

यांगुन, (एजेन्सी)

रोयटर्सले शुक्रबार म्यान्मारको अल्पमत मुस्लिम समूह रोहिंग्याको सामूहिक मृत्युदण्डमाथिको विस्तृत अनुसन्धान सार्वजनिक गरेको छ। साथै रोयटर्सले यस अनुसन्धानको सिलसिलामा आफ्नो दुई पत्रकारलाई म्यान्मारमा गिरफ्तार गरेको जानकारी दिएको छ। म्यान्मारको आधिकारिक गोप्य कानुन उल्लंघन गर्दै वा लोन र क्या सियओ ओमाथि मुद्दा चलाइने भएको छ। रोयटर्सले गत वर्ष रखाइन राज्यमा अवैध ढंगले दस जना रोहिंग्यालाई मारिएको प्रमाण फेला पारेको दाबी गरेको छ। रोयटर्सका प्रधान सम्पादक स्टेफन जे एडलरले आफ्नो दुवै पत्रकारले जनहितका लागि काम गरिरहेको बताएका छन्।

## उपराष्ट्रपति पेन्सले रात्रिभोज त्यागे



सोल, (एजेन्सी)

अमेरिकी उपराष्ट्रपति माइक पेन्सले उत्तर कोरियाली राष्ट्राध्यक्ष किम योङ नामसँग एउटै टेबुलमा तय भएको रात्रिभोज बहिष्कार गरेका छन्। दक्षिण कोरियाको सरकारी समाचार निकाय योन्हापले पेन र किम केहीबेर नजिकै परे पनि दुवैले प्रत्यक्षरूपमा एकले अर्कालाई हेर्ने प्रयाससमेत नगरेको शुक्रबार जनाएको छ।

यसैबीच दक्षिण कोरियाली राष्ट्रपति मुन जाय-इनले भने हिउँदे ओलम्पिक्सको उद्घाटन समारोहमा उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो-जोङसँग हात मिलाएको बताइएको छ।

उत्तर कोरियाको आणविक कार्यक्रमका कारण तनाब चलिरहेको अवस्थामा यो ओलम्पिक्स शुरू भएको हो। पेन्सले उत्तर कोरियाको कारागारबाट मुक्त भई स्वदेश फर्केपछि मृत्यु भएका अमेरिकी युवकका पिता फ्रेड वार्मवियरलाई अतिथिको हैसियतले यस कार्यक्रममा ल्याएका छन्।

यसैबीच बिहीबार उत्तर कोरियाले विशाल सैनिक परेडको आयोजना गरेको छ। यसअघि सो परेड आगामी अप्रिलमा मात्र आयोजना गरिने तय भएको थियो। राष्ट्रपति मुनले पियोङचाङमा ओलम्पिक्स उद्घाटन हुनुअघि पेन्स र किम योङ नामको सम्मानमा रात्रिभोजको आयोजना गरेका थिए।

तर पेन्सले पाँच मिनेटमै रात्रिभोज छोडेर हिँडेको यान्हापले जनाएको छ। दक्षिण कोरियाली अधिकारीहरूले मुन र जापानका प्रधानमन्त्री सिन्जो आवेले किमसँग हात मिलाएको तर पेन्सले उनलाई बेवास्ता गरेको बताएका छन्। मुनले उक्त रात्रिभोजमा हिउँदे ओलम्पिक्सले शान्ति शुरुआत भएको दिनको स्मरण गराउने आशा व्यक्त गरेका छन्। उनले शनिबार उत्तर कोरियाली प्रतिनिधि मण्डलसँग वार्ता गर्ने कार्यक्रम रहेको छ।

# अमेरिकामा बजेटको अभावमा सरकारी कामकाज पुनः बन्द

वासिङ्टन, (एजेन्सी)



अमेरिकामा शुक्रबार सरकारी काम पुनः एकपटक ठप्प भएको छ। समयमा कांग्रेसले सरकार चलाउनका लागि आवश्यक बजेट पास नगरेकाले अमेरिकामा पुनः सटडाउन भएको हो।

कानुन निर्माताहरूले अस्थायी संघीय बजेटको समयसीमा पूरा हुनुअगाडि खर्च विधेयक अनुमोदन हुने अपेक्षा गरेका थिए। तर त्यस्तो हुन सकेन। यसै वर्ष जनवरीको शुरुआतमा ३ दिनसम्म अमेरिकीमा सरकारी कामकाज बन्द भएको थियो। सरकारी कामकाज सुचारु होस् भनेर अमेरिकाको दुवै सदनले अस्थायी बजेट पारित गरेका थिए।

संघीय अफिस अफ पर्सनल म्यानेजमेन्टले कर्मचारीहरूले आफ्नो कामको सन्दर्भमा आफ्नो कार्यालयमा सम्पर्क गर्नुपर्ने सूचना जारी गरेको छ। सरकारी कामकाज पुनः सुचारु बनाउन अमेरिकी संसद्का दुवै सदन सिनेट र प्रतिनिधिसभाबाट दुई वर्षका लागि बजेट विधेयक पारित गर्नु अत्यन्त आवश्यक भएको बताइएको छ। अमेरिकाको बजेट अक्टोबर १ अगाडि नै पारित हुनुपर्छ। सोही दिनदेखि संघीय सरकारको आर्थिक वर्ष शुरू हुने गर्छ। तर विगतमा कयौं पटक कांग्रेसमा उक्त समयसीमाभित्र बजेट पारित गराउन असफल भएका छन्। यसमा आआफ्ना एजेन्डामा लेनदेन नयाँ वर्षसम्म पनि चल्ने गरेको पाइन्छ। यसका लागि संघीय एजेन्सीहरूका लागि अस्थायी रूपमा खर्चको व्यवस्था गरिने चलन रहेको छ।

तर अहिले कांग्रेस कोष जारी राख्ने मुद्दालाई लिएर सहमति बनाउनमा असफल रह्यो र शनिबारदेखि कयौं संघीय एजेन्सीले काम गर्न बन्द गरेको छ। आवास, पर्यावरण, शिक्षा र कमर्सजस्ता विभागमा काम गर्ने धेरैजसो सोमबार घरमै बस्नेछन्। ट्रेजरी, स्वास्थ्य, रक्षा र यातायातजस्ता विभागको आधा कर्मचारी पनि काममा जान पाउँदैनन्। तर राष्ट्रिय सुरक्षा, डाँक सेवा, वायु यातायात, जीवनका लागि आवश्यक सेवा, स्वास्थ्य, बिजुली, प्राकृतिक विपद्, करजस्ता सेवाहरूमा काम जारी रहनेछ।

## प्रधानमन्त्री नरेन्द्र मोदी प्यालेस्टाइन भ्रमणमा



नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार प्यालेस्टाइन, संयुक्त अरब इमिरेट्स र ओमानको भ्रमणका लागि प्रस्थान गरेका छन्। यस भ्रमणका क्रममा उनी आज प्यालेस्टाइनको वेस्ट बैंकस्थित रमाल्लाह जाने कार्यक्रम रहेको छ।

हालै मात्र भारतीय प्रधानमन्त्रीले इजरायका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गरेका थिए। त्यसपछिको प्योलेस्टाइनको उनको यो यात्राले उनको विदेश नीतिका बारेमा धेरै कुराको संकेत दिएको बताइएको छ।

गत महिना इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनकी पत्नी भारत भ्रमणमा आएका थिए। उक्त भ्रमणमा अहमदावादको साबरमति आश्रममा उनी र उनकी पत्नीले चर्खा चलाएका थिए।

प्रधानमन्त्री मोदीको चार दिवसीय ३ देशको भ्रमणमा पहिलो देश प्यालेस्टाइनमा उनले राष्ट्रपति महमुद अब्बाससँग भेटवार्ता गर्नेछन् र यासिर अराफातको स्मरणमा बनाइएको संग्रहालयमा पनि जानेछन्।

इजरायल र प्यालेस्टायनबीच जारी गतिरोधमा उनको यो यात्रालाई अत्यन्त महत्त्वपूर्ण मानिएको छ। रमाल्लाहको भ्रमणका क्रममा त्यहाँबाट कुनै साझा घोषणापत्र जारी हुन्छ वा हुँदैन अहिलेको चासोको विषय भएको संयुक्त राष्ट्र संघका पूर्वउपमहासचिव चिनमय गरेखानले बताए। यदि त्यस्तो भएमा त्यसमा विशेष गरी पूर्वी जेरुसलमका बारेमा केही भनिएको छ वा छैन हेर्नुपर्ने पनि उनले बताए। प्यालेस्टाइनले उसको राजधानी पूर्वी जेरुसलम हुनुपर्ने माग गर्दै आइरहेको छ भने इजरायलले त्यसलाई मनपराएको छैन। हालै मात्र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेरुसलमलाई इजरायलको राजधानी मान्ने घोषणा गरेका थिए। संयुक्त राष्ट्रमा जेरुसलमलाई लिएर भएको मतदानमा भारतले प्यालेस्टाइनको पक्षमा मत हालेका थिए। यसअघि सन् २०१५ जुलाइमा भारतले संयुक्त राष्ट्र मानवअधिकार परिषद्मा इजरायलविरुद्ध निन्दा प्रस्तावको मतदानबाट आफूलाई अलग्याएका थिए।

मोदीको भ्रमणलाई लिएर प्यालेस्टाइनमा खुसीको माहोल छ। यसमा अहिलेसम्म इजरायलको कुनै प्रतिक्रिया आएको छैन। मोदीको ४ दिने भ्रमणका क्रममा कयौं महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर हुने जनाइएको छ।

## विपक्षी राजनीतिक वकिल देश निकाला

केन्या, (एजेन्सी)

केन्याले विपक्षी राजनीतिक समर्थक एवम् वकिल मिगुना मिगुनालाई अवैध ढंगले विपक्षी नेता राइला ओडिंगालाई जनताको राष्ट्रपतिको रुपमा शपथ ग्रहण गराउन भूमिका निभाएको कारण विदेशसमक्ष सुपुर्दगी गरेको छ। मिगुनालाई जबर्जस्ती विमानमा राखेर क्यानाडातर्फ पठाइएको छ।

उनी क्यानाडाली नागरिक हुन्। उनीविरुद्ध राष्ट्रघाती आरोप लगाइएपछि उनलाई देशबाहिर पठाइएको हो। तर केन्याका प्रधानन्यायधिश डेविड मारागाले मिगुनालाई जमानता रिहा गर्न अदालतले दिएको आदेश नमानेकामा सरकारको आलोचना गरेका छन्।

एउटा अप्रत्यासित विज्ञप्ति जारी गर्दै मारागाले अदालतको आदेश मान्नु ऐच्छिक विषय नभएको तर त्यो संवैधानिक कर्तव्य भएको जनाएका छन्। यसअघि सरकारले ओडिंगाको शपथ ग्रहणको अगाडि नै समाचार प्रसारण गरेका टेलिभिजना च्यानलहरूमाथि लगाइएको निलम्बन हटाउन गरेको आदेशको समेत बेवास्ता गरेको थियो। ओडिंगारले गत वर्ष पुनः दोहऱ्याएको राष्ट्रपतीय चुनावमा फेरि राष्ट्रपति उहुरु केन्यात्ताको पक्षमा धाँधली हुने बताउँदै चुनाव बहिष्कार गरेका थिए। उनी आफै र उनका समर्थकहरू उनी केन्याको एकमात्र अधिकार प्राप्त नेताका रूपमा लिने गरेका छन्।

गत वर्षको अगस्टमा उनले राष्ट्रपति केन्यात्ताविरुद्ध चुनाव लडेका थिए। उनले सो चुनाव हारेका थिए। तर केन्याको सर्वोच्च अदालतले चुनाव पारदर्शी नभएको जनाउँदै अक्टोबरमा पुनः चुनावका लागि आदेश दिएको थियो।



## कोलम्बियामा मिनिस्कर्ट विवाद



बोगोटा, (एजेन्सी)

कोलम्बियाको एउटा विश्वविद्यालयले छात्राहरूलाई आफ्ना अन्य पुरुष सहपाठी र शिक्षकहरूको ध्यान अलमलिन नदिन मिनिस्कर्ट नलगाउन सल्ला दिइएपछि त्यसको व्यापक प्रतिवाद हुन थालेको छ। यस सल्लाहको विरोधमा विद्यार्थीले बिहीबार सम्पूर्ण पुरुष र महिलालाई छोटो स्कर्ट र हाफ पाइन्ट लगाउने अभियान थालेका छन्।

मेडेलिनको पोन्टिफिकल बोलिभारियन युनिभर्सिटी अर्थात् युपिबिले आफ्नो वेबसाइटमा सो सल्लाह पोस्ट गरेको थियो। तर त्यसको व्यापक विरोध हुनथालेपछि सो वेबसाइटले सो सामान्य सल्लाह मात्र भएकाले त्यसलाई कडाइका साथ कार्यान्वयन नगरिने जनाएको थियो।

पछि निकालिएको विज्ञप्तिमा भनिएको छ- 'युपिबिले सबैको व्यक्तिगत अभिव्यक्त गर्ने अधिकारको सम्मान गरेको छ र विद्यार्थीमाथि यसले कहिले पनि पोसाकको नियम लाद्न खोजेको छैन।'

अहिले मेटिइसकेको पहिलो पोस्टको शीर्षक 'विश्वविद्यालय जान तपाईंले कस्तो पोसाक लगाउनुपर्दछ?' रहेको थियो। केही सल्लाह पुरुष र महिलालाई दिइएको थियो भने अधिकांश सल्लाह महिलामाथि केन्द्रित थियो।

{ नेपालमा सिञ्चित कृषिको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको हुँदा सिंचाइ तथा जल व्यवस्थापनलाई अन्तर्राष्ट्रिय स्तरमा विकास गर्ने र यस क्षेत्रमा कार्यरत जनशक्तिको अनुसन्धात्मक र प्राविधिक क्षमता अभिवृद्धि गर्ने भएकोले यस सम्मेलनलाई महत्वपूर्ण रुपमा हेरिएको छ।

# ओलीको 'ग्रिन सिग्नल'ले पौडेल पहिलो मुख्यमन्त्री

रोशन पराजुली, हेटौंडा

नेकपा एमाले केन्द्रीय अध्यक्ष केपी ओलीको 'ग्रिन सिग्नल' पाएपछि पार्टीभित्र चुनावी मैदानमा उत्रिनुभएका हेटौंडा नगरका पूर्वमेयर डोरमणि पौडेल देशको राजधानीसमेत रहेको प्रदेश नम्बर-३ को संसदीय दलका नेतामा विजयी हुनुभएको छ।

यो राजनीतिक सफलतासँगै करिब ७२ वर्षीय पौडेल भूगोल र जनसंख्याको हिसाबले देशको सबभन्दा ठूलो क्षेत्रको पहिलो संघीय मुख्यमन्त्री बन्ने पक्का भएको छ। एमाले संसदीय दलको नेता नै यस प्रदेशको मुख्यमन्त्री हुने बाम गठबन्धनबीच सहमति भएको छ।

मेयर छँदा हेटौंडालाई देशकै पहिलो 'ग्रिनसिटी' का रुपमा परिचित गराउने श्रेय पाउनुभएका पौडेलले पार्टी अध्यक्षबाट पाएको 'ग्रिन सिग्नल' सफल भएको हो। एक दशक हेटौंडाको मेयर रहेर काम गरेका अनुभवी उहाँलाई प्रदेशको राजधानीमा रहेर प्रदेश नम्बर-३ को विकासमा जुट्ने अवसर शुक्रबार मिलेको छ। उहाँ मकवानपुरका शालिन र भद्र एमाले नेताका रुपमा परिचित हुनुहुन्छ। उहाँ हेटौंडा-११, नवलपुरका स्थायीबासी हुनुहुन्छ।

संघीय राजधानीसमेत रहेको ३ नम्बर प्रदेशमा मुख्यमन्त्री को बन्लान् भनेर अड्कल काट्ने धेरै थिए। एमालेको संसदीय दलको चुनावको दिनसम्म धेरै सञ्चारमाध्यम, एमाले र अन्य राजनीतिक पार्टीका नेताहरूले एमाले उपाध्यक्ष, पार्टी ३ नम्बर प्रदेश प्रमुखसमेत रहनुभएकी अष्टलक्ष्मी शाक्य र धादिङका प्रदेश सदस्य, पार्टी केन्द्रीय सदस्य राजेन्द्र पाण्डेबीच प्रतिस्पर्धा हुने आँकलन गरेका थिए। तर, पौडेलको विजयसँगै एमाले अध्यक्ष ओलीले आफ्नो रणनीति यस पटक पनि सफल बनाउनुभएको छ।

दलको नेतामा विजयी पौडेल एमाले अध्यक्ष केपी ओली पक्षका हुन्। दलका नेतामा पराजय व्यहोरेकी उपाध्यक्ष शाक्यले नेता माधव नेपाल समूहबाट उम्मेदवारी दर्ता गराउनुभएको थियो। संसदीय दलको नेताका प्रमुख आकांक्षीका रुपमा रहेका धादिङका राजेन्द्र पाण्डेले अन्तिममा उम्मेदवारी दर्ता नगरेपछि शाक्य र पौडेलबीच प्रतिस्पर्धा भएको थियो।

मुख्यमन्त्रीका दाबेदार शाक्य र पाण्डेबीच आरोपप्रत्यारोप पनि देखिएको थियो । बाम गठबन्धनको सहमतिअनुरूप मुख्यमन्त्री र सभामुख दुवै पद एमालेले पाउने भएबाट एमालेका मुख्यमन्त्रीका दाबेदार बनी दुवै निर्विकल्परुपमा आफूलाई मात्र सुयोग्य ठान्दै आरोपप्रत्यारोपमा ओर्लिएका थिए।

शाक्य र पाण्डे दुवै महाधिवेशनमा माधव नेपाल समूहबाट उठ्नुभएको थियो। शाक्यले उपाध्यक्ष जित्दा त्यही पदमा पाण्डेले हार खानुपरेको थियो। प्रदेशमा एमालेका ५८ सदस्य छन्।

संसदीय दलको नेता चयन गर्न शुक्रबार भएको चुनाबबाट ३४ मत ल्याएर पौडेल विजयी हुनुभएको हो। संसदीय दलको नेता निर्वाचित हुन ३० जना सांसद्को समर्थन चाहिन्छ। उहाँकी प्रतिद्वन्द्वी एमाले केन्द्रीय उपाध्यक्ष शाक्य २४ मत ल्याएर पराजित हुनुभयो। प्रदेशको संसदीय दलको नेता चुन्न सहमति नजुटेपछि ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति प्रतिष्ठानमा भएको निर्वाचनबाट पौडेल विजयी हुनुभएको हो।

देशकै एक्ली मुख्यमन्त्री दाबी गर्नुभएकी शाक्यलाई स्तब्ध बनाउँदै पौडेलले इतिहास रच्नुभएको छ। पौडेलको प्रस्तावकमा केशब स्थापित र समर्थकमा कैलाश ढुंगेल रहनुभएको थियो। चर्चामा रहेका राजेन्द्र पाण्डे र रामेश्वर फुँयाललगायतले मनोनयन फारम बुझे पनि दर्ता गर्नुभएन। पौडेलले हेटौंडामा माघ १८ मा भएको पहिलो प्रदेशसभा बैठकमा ज्येष्ठ सदस्यका रुपमा सभामुखको भूमिका निर्वाह गर्नुभएको थियो।

स्थानीय सरकारलाई बलियो बनाउनुपर्छ भनेर पटकपटक आवाज उठाउँदै आउनुभएका पौडेलले प्रदेश सरकारको मुख्यमन्त्री बनेर त्यसलाई नयाँ तरिकाले सशक्तरुपमा काम गर्ने अवसर पनि पाउनुभएको छ।

स्थानीय समुदायलाई सक्रिय गराएर विकास गर्न सकिने उद्देश्य बोक्नुभएका पौडेलले हेटौंडा नगरमा मेयर छँदा ६० प्रतिशत नगरपालिकाले सहयोग गर्ने र ४० प्रतिशत बजेट



जनसमुदाय आफैंले हालेर विकास गर्ने कामको शुरूआत गर्नुभएको थियो। जुन हालसम्म लागू छ। स्थानीय विकास मन्त्रालयले हरेक वर्ष गर्ने नगरपालिकाको मूल्यांकनमा हेटौंडा नगरपालिका धेरै पटक उत्कृष्ट हुँदै आएको छ। मकवानपुरको हेटौंडा नगर क्षेत्रसमेत रहेको क्षेत्र नम्बर २ को प्रदेशसभा (ख) बाट विजयी पौडेल हेटौंडाको विकासका योजनाकार हुनुहुन्छ। पौडेल २०४८ र २०५४ मा नगरपालिका मेयर निर्वाचित हुनुभएको थियो।

करिब ३८ वर्षदेखि राजनीतिमा सक्रिय पौडेलको यो अर्को राजनीतिक सफलता हो। २०५४ सालदेखि नेपाल नगरपालिका संघका अध्यक्ष रहनुभएका पौडेल राजनीतिका मुद्दाहरूमा चार पटक कैद सजायँ र १८ पटक प्रहरी हिरासतमा पर्नुभएको थियो।

पौडेलले सबैसँग मिलेर अघि बढ्ने बताउनुभएको छ। पौडेलले पार्टी उपाध्यक्ष आफ्ना लागि सधैं सम्मानित व्यक्तित्व भएको बताउनुभयो। उहाँले लोकतान्त्रिक पद्धतिअनुसार चुनाव भएकाले यसलाई सहजरुपमा लिनुपर्ने बताउनुभयो। प्रदेश-३ का भावी मुख्यमन्त्री पौडेलले प्रदेश सरकारले स्थानीय तह र केन्द्र सरकारबीच पुलको रुपमा काम गर्ने बताउनुभयो। 'अब प्रदेश विकासमा मेरो ध्यान केन्द्रित हुनेछ' भन्दै उहाँले प्रदेश नम्बर-३ धेरै सम्भावना भएको क्षेत्र भएकाले ५ वर्षमा धेरै काम गर्न सकिने दाबी पनि गर्नुभयो।

पौडेल लोकतान्त्रिक गठबन्धनका कांग्रेस नेता अशोक शाक्यलाई ४ हजार एक सय २२ मतले पछि पार्दै प्रदेशसभामा विजयी हुनुभएको थियो। पौडेलले २० हजार ७ सय ३ मत प्राप्त गर्नुभएको थियो। पौडेलसँगै मकवानपुरले जिल्लाकै मुख्यमन्त्री, प्रतिपक्षी दलका नेता र माओवादी उपनेता पाउने भएको छ। हेटौंडाका २ पटक मेयर, हेटौंडाबाट नै प्रदेश सदस्य विजयी हुनु, प्रदेशको अस्थायी राजधानी हेटौंडा बन्नु, यही प्रदेशमा ज्येष्ठ सदस्यका रुपमा सभामुखको हैसियतले पहिलो संसद् बैठक चलाउनु र हेटौंडामा नै रहेको अस्थायी राजधानीको पहिलो मुख्यमन्त्री बन्न पाउनु पौडेलको 'सौभाग्य' भएको एमाले मकवानपुर सचिव एकालाल श्रेष्ठ बताउनुहुन्छ।

हेटौंडाको विकासमा तल्लिन पौडेलकै पहलमा स्थापना भएको हेटौंडाको शहीद स्मारक घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकको घुईंचो लाग्ने गरेको छ। २०५१ देखि हालसम्म स्मारक विकास समितिको अध्यक्षका हैंसियतले चर्चा कमाउन पनि उहाँलाई सजिलो भएको छ।

### प्रतिपक्षी नेता पनि मकवानपुरकै

नेपाली कांग्रेस ३ नम्बर प्रदेश संसदीय दलको नेतामा मकवानपुरका इन्द्रबहादुर बानियाँ चयन हुनुभएको छ। काठमाडौंमा बिहीबार बसेको बैठकले बानियाँलाई सर्वसम्मत् संसदीय दलको नेता चयन गरेको हो।

### सभामुखमा श्रेष्ठ पक्का

पौडेल मुख्यमन्त्री भएपछि प्रदेश-३ को सभामुख सानुकुमार श्रेष्ठ बन्ने पक्का भएको छ। काठमाडौं जिल्ला विकास समितिका पूर्व सभापतिसमेत रहनुभएका काठमाडौं क्षेत्र नम्बर २ (क) बाट निर्वाचित श्रेष्ठलाई नेकपा एमालेले प्रदेश सभामुख उम्मेदवार बनाउने निर्णय गरेको हो। उपसभामुखमा माओवादीले राधिका तामाङलाई छानिसकेको छ। वाम गठबन्धनको भागबन्डाअनुसार प्रदेश-३ को मुख्यमन्त्री र सभामुख एमालेलाई र उपसभामुख माओवादीलाई परेको छ। १ सय १० सदस्यीय प्रदेश-३ मा एमालेको एकल बहुमत छ। उसका ५८ सदस्य छन्।

## संसदीय दलका नेतामा राई

बिराटनगर, (नेस)



नेकपा एमाले प्रदेश नं १ को संसदीय दलका नेतामा पूर्वसञ्चार मन्त्रीसमेत रहनुभएका शेरधन राई निर्वाचित हुनुभएको छ। राई भोजपुरबाट प्रदेशसभामा निर्वाचित हुनुभएको हो।

नेकपा एमाले संसदीय कार्यालयमा शुक्रबार सम्पन्न निर्वाचनमा राईले २६ ल्यउनु भएको थियो भने उहाँका निकटतम प्रतिद्वन्द्वी भीम आचार्यले २४ मत प्राप्त गर्नुभएको थियो। निर्वाचनमा एक मत बदर भएको छ। राई संसदीय दलको नेतामा निर्वाचित भएपछि अब क्षेत्र नम्बर १ को मुख्यमन्त्री पक्का भएको छ। लामो समयदेखि मुख्य मन्त्रीको रूपमा प्रचार गरिएका राईले निर्वाचनबाट आफ्नो पद सुरक्षित गर्नुभएको छ। प्रदेश नं १ मा सभामुखको चयन माघ २९ गते हुँदै छ।

# प्रदेशले महिला मुख्यमन्त्री पाएन

नेपाल समाचारपत्र
काठमाडौं

राजनीतिक दलहरूले प्रदेशको मुख्यमन्त्रीमा पुरुषलाई मात्र अगाडि सारेर उम्मेदवार टुंगो लगाएपछि महिला मुख्यमन्त्री बन्ने सम्भावना टरेको छ। प्रमुख दल नेकपा एमालेबाट प्रदेश नम्बर ३ को मुख्यमन्त्री बन्ने अपेक्षा गरे पनि पार्टीको आन्तरिक निर्वाचनमा उम्मेदवार अष्टलक्ष्मी शाक्य पराजित भएपछि अब प्रदेशले मुख्यमन्त्री पाउने अवसर गुमाएको छ। पार्टीले सहमति कायम गरेर शाक्यलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउन सक्ने अवस्था थियो। तर पार्टीभित्र गुटबन्दीको कारण निर्वाचनको माध्यमबाट शाक्य पराजित हुनुभएको छ। सात वटा प्रदेशमध्ये शाक्य मुख्यमन्त्रीको एक मात्र दाबेदार रहनुभएको थियो।

प्रदेशसभामा निर्वाचित भएका मध्ये पार्टीको राजनीतिक इतिहास र पदीय जिम्मेवारको दृष्टिकोणबाट शाक्य सबैभन्दा बढी वरिष्ठ हुनुहुन्थ्यो। २०२८ सालदेखि कम्युनिस्ट आन्दोलनमा होमिएकी शाक्य २०३६ सालदेखि भूमिगत राजनीतिमा लाग्नुभएको थियो।

२०४९ सालदेखि निरन्तर एमाले केन्द्रीय कमिटीमा सदस्य बन्नुभएकी शाक्यले मन्त्री पद पाउँदा पनि अरूलाई अवसर दिनुपर्छ भनेर त्याग गर्नुभएको थियो। तर पार्टी नेतृत्वको कारण शाक्यको योगदानलाई अबमुल्याङकन गरिएको भन्दै नेतृत्वको आलोचना शुरू भएको छ। अष्टलक्ष्मी मुख्यमन्त्री बन्ने कुरा निर्वाचन अघि नै तय भएको थियो।

शीर्ष नेताहरूले नै शाक्यलाई मुख्यमन्त्रीको उम्मेदवारको रुपमा अगाडि सारेर प्रदेशसभामा उम्मेदवार बनाएको थियो। शाक्यले पार्टी अध्यक्ष केपी शर्मा ओलीले चरम गुटबन्दी गरेर आफूमाथि नियोजित रुपमा षडयन्त्र गरेर निर्वाचन हराएको बताउनुभयो। उहाँले भन्नुभयो- 'निर्वाचन अघि नै मलाई मुख्यमन्त्रीको रुपमा अगाडि सारिएको थियो, अन्तिमसम्म पनि मलाई मुख्यमन्त्री बनाउने तयारी थियो तर निर्वाचनको बाहना बनाएर मलाई हराइयो।'

## सेनाले यात्रु प्रतिक्षालय बनायो

राजविराज, (नेस)

सेनाले आफ्नै लगानी र श्रमदानमा राजविराज-८ स्थित पुरानो अस्थायी बसपार्कमा यात्रु प्रतिक्षालय निर्माण गरी वडा कार्यालयलाई हस्तान्तरण गरेको छ।

बसपार्कमा यात्रु प्रतिक्षालय भवन नहुदाँ यात्रुको विजोग हुने गरेको देखेपछि यहाँ स्थित भीमदलगणले १५ दिनको छोटो अवधिमा पक्की यात्रु प्रतिक्षालय भवन निर्माण गरी दिएका हो। नेपाली सेनाको श्री युद्धकार्य निर्देशनालयबाट विनियोजित २ लाख तथा भीमदलगणका सकल दर्जाहरूको अथक प्रयास र श्रमदानबाट १५ दिनको छोटो अवधिमा निर्माणकार्य सम्पन्न गरिएको शुक्रबार आयोजित यात्रु प्रतिक्षालय भवन उद्घाटन समारोहमा भीमदलगणका निमित गणपती सेनानी अजय कुमार अधिकारीले जानकारी दिए। उद्घाटनपछि नवनिर्मित यात्रु प्रतिक्षालय भवन वडा अध्यक्ष जय नारायण मण्डललाई हस्तानतरण गर्दै गणपति अधिकारीले सेनाले समाजिक सहयोग कार्यक्रमअन्तर्गत यात्रु प्रतिक्षालय निर्माण गरेको बताए।

वडा अध्यक्ष मण्डलले सेनाको सहयोगप्रति खुसी व्यक्त गर्दै प्राप्त सहयोगको सदुपयोग र संरक्षणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे।

## १७ करोड लगानीमा बसपार्क निर्माण हुँदै

राजविराज, (नेस)

अलपत्र अवस्थामा रहेको राजविराज बसपार्क ३ वर्षभित्र सञ्चालनमा आउने गरी ठेक्का लागेको छ। शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका मेयर शम्भुप्रसाद यादवले शुक्रबार बसपार्कको शिलान्यास गरेका छन्।

१६ करोड ३८ लाख ९६ हजार ५ सय १९ रुपियाँको लगानीमा निर्माण हुने बसपार्कको निर्माणका लागि काठमाडौं स्थित सिनर्जी बिल्डर्स प्रालिसँग सम्झौता भएको सचिव शर्माले जानकारी दिए। निर्माण कार्य २०७७ पुष-१८ गते सम्पन्न गरि सक्नुपर्नेछ। राजविराज नगरपालिका वडा नं.-२ स्थित ४ विगाह १४ कठ्ठा क्षेत्रफलमा सेड, घण्टाघर, भित्रीसडक, सर्भिस सेन्टर, शौचालय, इन्धन ड्रेन, कम्पाउन्ड पर्खाल र टर्मिनल भवनलगायतका संरचनाहरू निर्माण गरिनेछ। शिलान्याश समारोहलाई शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक शिवहरि शर्मा, उपमहानिर्देशक पदम मैनाली, प्रमुख जिल्ला अधिकारी भागीरथ पाण्डेय, उपमेयर साधना झालगायतले पनि सम्बोधन गरेका थिए।

# सिँचाइ तथा जल विकासका लागि अन्तर्राष्ट्रिय सम्मेलन हुने

नेपाल समाचारपत्र
काठमाडौं

सिंचाइ, नदी नियन्त्रण तथा कृषि योग्य जमिनबाट पानी निकासका क्षेत्रमा वैज्ञानिक अनुसन्धान र प्राविधिक ज्ञानलाई अन्तर्राष्ट्रिय रुपमा आदानप्रदान गर्ने उद्देश्यले काठमाडौंमा अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ।

अन्तर्राष्ट्रिय सिंचाइ तथा जल विकास नियोगको ८ औं एशियाली क्षेत्रीय सम्मेलन २०७५ वैशाख १९ देखि २१ सम्म काठमाडौंमा हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सिंचाइ विभागले जानकारी दिएको छ। नेपाल सरकार, सिंचाइ विभाग र नेपाल राष्ट्रिय सिंचाइ तथा जल निकास समितिको संयुक्त आयोजनामा यो सम्मेलन हुन लागिएको हो।

एक सयभन्दा बढी देशमा रहेका प्राविधिकहरूको सञ्जालको माध्यमबाट प्राविधिक क्षेत्रका अनुभव आदानप्रदान, क्षमता अभिवृद्धि, अनुसन्धान आदि कार्य मार्फत सदस्य राष्ट्रलाई सिञ्चित कृषिको विकासमा सहयोग पुऱ्याउनु संस्थाको उद्देश्य रहेको बताइएको छ। सन १९७३ देखि नै यस संस्थाको सदस्यता नेपाल राष्ट्रिय कमिटीले पाए पनि हालसम्म यस संस्थाको कुनै पनि कार्यक्रम सञ्चालन गर्न नसकिएको नियोगले जनाएको छ।

नेपालमा सिञ्चित कृषिको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको हुँदा सिंचाइ तथा जल व्यवस्थापनलाई अन्तर्राष्ट्रिय स्तरमा विकास गर्ने र यस क्षेत्रमा कार्यरत जनशक्तिको अनुसन्धात्मक र प्राविधिक क्षमता अभिवृद्धि गर्ने भएकोले यस सम्मेलनलाई महत्वपूर्ण रूपमा हेरिएको छ। सदा हरित क्रान्तिका लागि सिंचाइ भन्ने मूल विषयमा सिंचाइ तथा जल विकासका जल्दाबल्दा समस्यालाई सम्बोधन गर्ने गरी ५ वटा विभिन्न उपविषय रहेको छ। सम्मेलनमा विभिन्न २२ मुलुकका करिब १ सयवटा अनुसन्धान तथा अनुभवसम्बन्धी कार्यपत्रहरू प्रस्तुत हुने तथा उपविषयमा आधारित ५ वटा समगोष्ठिको समेत आयोजना गरिने जनाएको छ।

सम्मेलनमा ३० देशका करिब २ सय विदेशी वैज्ञानिक र प्राविधिकको साथै नेपालबाट करिब ३ सय ५० प्राविधिक र वैज्ञानिकको समेत सहभागिता हुनेछ।

## पूर्वसांसद...

मञ्चले सरकारले पूर्वसांसद्लाई दैनिक जीविका चलाउन न्यूनतम खर्च दिनुपर्ने माग राख्दै आएको छ। राज्यले सांसदको भूमिकाको कदर गर्नुपर्छ, कार्यकालमा सुविधा पाए पनि कार्यकाल सकिएपछि अरू आम्दानीको बाटो नहुने भएकाले त्यस्तो सुविधा मागेका हौं'-निवर्तमान अध्यक्ष रानाभाटको तर्क थियो। 'विकसित देशमा पूर्वसांसदलाई सुविधा दिने गएिको उहाँले जिकिर गर्नुभयो।

संघीय समाजवादी फोरम नेपालका पूर्वप्रमुख सचेतक सांसद् डा. शिवजी यादव पूर्वसांसद् मञ्चमा आवद्ध हुने सोचमा हुनुहुन्छ। यसकै लागि मञ्च पुगेका यादव भन्नुहुन्छ- 'यो त हाम्रो अधिकार खोज्ने एउटा थलो हो, त्यसैले आवद्ध हुन मन लागेको छ। सामूहिक रूपमा आवाज उठाउन पनि मञ्च उपयोगी हुन्छ।'

मञ्चको कार्यालय सिंहदरबारभित्र नेपाल टेलिभिजनको अगाडि रहेको छ। २०१६ साल असार १६ गते मध्यरातको १२ बज्न केही मिनेट बाँकी छँदा नेपालमा जननिर्वाचित संसद्को पहिलो बैठक बसेको थियो। निर्वाचन भने २०१५ सालमा भएको थियो। १ सय ९ स्थानमा भएको निर्वाचनमा ४ जना स्वतन्त्र सांसदले जितेका थिए। कांग्रेसको तर्फबाट विपी कोइराला बैठक बसेकै दिन प्रधानमन्त्री हुनुभएको थियो।

## प्रदेश...

प्रतिनिधिसभा सांसद् र ६ वटा प्रदेशका सांसद्हरू राजधानीमा कोठा खोज्दै भौतारिँदै छन्। तर, हेटौंडामा भने सरकारी संरचना धेरै भएकाले सांसद्हरूलाई सरकारी घरमा राख्न सजिलो भएको हो।

हेटौंडामा रहेका एक दर्जन बढी सरकारी संरचनामा प्रदेश सांसद्हरूलाई बस्ने गरी व्यवस्था गर्न लागिएको मेयर महतले बताउनुभयो। प्रदेशका मन्त्री, सचिवहरूलाई राख्न यहाँका विभिन्न सरकारी संरचनामा क्वार्टर तयार भइसकेका छन्।

प्रदेशका १ सय १० सांसद्मध्ये १० जना मन्त्री बन्छन्। ६ जना मकवानपुरका छन्। सिमाना जोडिएको चितवनका ६ जना सांसद् छन्। उहाँहरू बाहेक ९० जना सांसद्लाई सरकारी भवनमा राख्न सकिने गरी ब्यवस्था गर्न नगरपालिका लागिपरेको छ।

नगर विकास समिति अध्यक्ष राजीव सुवेदीको अध्यक्षतामा बसेको बैठकमा हेटौंडा उपमहानगर उपमेयर मीना लामा, नेकपा एमाले मकवानपुर उपाध्यक्ष बद्री लम्साल, माओवादी केन्द्र मकवानपुर नेता कमानसिंह पाख्रिन, नेपाली कांग्रेस मकवानपुर पूर्वसभापति रामचन्द्र अर्याल माइकल, कांग्रेस जिल्ला सचिव बुद्ध लामा, सरकारी कार्यालय प्रमुखहरू लगायतको सहभागिता थियो।

## बज्जनको...

मन्त्री वस्नेतका अनुसार बैठकले औद्योगिक बौद्धिकसम्बन्धी कानुन संशोधन र तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने, नेपाल र कतारबीच सरकारी तथा उच्च ओहोदाका राहदानीवाहकलाई प्रवेशाज्ञा शुल्क छुट दिने, बूढीगण्डकी आयोजनाको लगानीसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरेको छ।

# 'विकासको प्रतिस्पर्धा शुरू गरौं' -उपराष्ट्रपति

मोतीराम तिमल्सिना, काभ्रे

उपराष्ट्रपति नन्दकिशोर पुनले नयाँ सरकार गठन भए लगत्तै हिजोको तौरतरिकामा फेरबदल गरी नयाँ तौरतरिकाबाट विकास निर्माण गर्नुपर्ने बताएका छन्। अबको प्रतिस्पर्धा विकासको प्रतिस्पर्धा भएकाले सबै सरकारका तहहरूले विकासमा ध्यान दिनुपर्ने बताए।

जिल्लाको रोशी गाउँपालिकामा खर्पाचोक युवा क्लबको आयोजनामा तामाङ समुदायको २८५४ औं (खौ) ल्होसारको उपलक्ष्यमा आयोजित बृहत्त सास्कृतिक कार्यक्रममा बोल्दै प्रमुख अतिथि उपराष्ट्रपति पुनले सम्वृद्धिबिना विकास र विकासबिना सम्वृद्ध सम्भव नहुने भएकाले अबको निकास र विकास सम्वृद्धतर्फ हुनु पर्ने बताउनुभयो। लामो समयदेखि राजनीतिक संघर्ष चलिरहेको र त्यहि संर्घषले राजनीतिक परिवर्तनसमेत भएकाले त्यसलाई संस्थागत गर्न बनेका



सरकारहरूले आर्थिक सम्वृद्ध गर्नुपर्ने बताए। कार्यक्रममा बोल्दै उपराष्ट्रपति पुनले मुलुकमा भएका सबै परिवर्तनमा तामाङ समुदायको योगदान र सहभागिता भएको भन्दै अब बन्ने सरकाहरूले तामाङ समुदायको उत्थानका लागि विशेष योजना बनाउनुपर्ने बताए।

केन्द्रीय, प्रदेश र स्थानीय सरकारको समन्वयमा राष्ट्रिय गौरवका योजनाहरू सञ्चालन गरी मुलुकलाई छिट्टै आर्थिक सम्वृद्ध तर्फ लैजानुपर्नेमा उनले जोड दिए। स्थानीय तहहरूले आर्थिक सम्वृद्धिको प्रतिस्पर्धा गर्नुपर्ने बताउँदै पुनले तामाङ समुदायको संरक्षण र प्रवर्द्धन गर्न सरोकारवालाहरूको ध्यानाकषर्ण गराए। कार्यक्रममा प्रतिनिधिसभा क्षेत्र नम्बर १ का सांसद गंगाबहादुर दोङ बमध्वजले प्रदेश नम्बर ३ को राजधानी काभ्रेमा बनाउन र प्रदेशको नाम ताम्सालिङ नेवा राख्न प्रदेशसभा सासदहरूले विशेष भूमिका निभाउनुपर्नेमा जोड दिए। सशस्त्र द्वन्द्व तथा अन्य आन्दोलनहरूमा तामाङ समुदायको योगदानलाई बिर्सन नहुने बताउँदै दोङले राज्यका हरेक निकायमा तामाङ समुदायको प्रतिनिधित्व आवश्यक रहेको बताए।

कार्यक्रममा प्रदेश सासंद रत्न ढकालले प्रदेशको राजधानीका साथै प्रदेश र स्थानीय सरकारले गर्ने विकास निर्माणमा स्थानीय सरकारको सहकार्य आवश्यक रहेको बताए। पूर्वराज्यमन्त्री सूर्यमान दोङ लालध्वजले ३ वटै तहको सरकार बाम्पन्थी नेतृत्वमा बन्ने भएकाले अवको विकासलाई तीब्रता दिनुपर्ने बताए। कार्यक्रममा पूर्वसांसद तिर्थ लामा, रोशी गाउँपालिका अध्यक्ष डिबी लामा, वडाअध्यक्ष विकास लामा -लगायतले मन्तव्य राखेका थिए। सोहि कार्यक्रममा कलाकारहरू मनिला सोतन, मानवशास्त्रि डा. बुद्ध सिं तामाङ, विद्युत्त प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतलाई सम्मान गरेका थिए।

उपराष्ट्रपति पुन: बार दिउँसै खार्पाचोक पुगेका थिए। २४ घण्टा खार्पाचोक पुगेर पुनले स्थानीय स्तरमा भएका गतिविधि, युद्दको समयमा भएको अवस्थाका बारेमा जानकारी लिएका थिए। युद्दको समयमा सेल्टरका रुपमा मानिएको स्वर्गीय रेशबहादुर तामाङको घरमा बसेका थिए।



# अर्थ

नयाँ व्यवस्थाअनुसार हाल कार्यकारी अध्यक्षले सञ्चालन गरिरहेका कम्पनीहरूले असार मसान्तसम्ममा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत फरक फरक व्यक्ति बनाइसक्नुपर्नेछ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २६, फेब्रुअरी ९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।५२ | १०३।१२ |
| युरो १ को रू. | १२५।५१ | १२६।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।५७ | १४३।४० |
| स्विस फ्रन्क १ को रू. | १०८।४५ | १०९।०८ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।०५ | ८०।५२ |
| क्यानाडियन डलर १ को रू. | ८१।४४ | ८१।९२ |
| सिङ्गापुर डलर १ को रू. | ७७।१० | ७७।५५ |
| जापानी यन १० को रू. | ९।३५ | ९।४० |
| चिनियाँ युआन १ को रू. | १६।२२ | १६।३२ |
| साउदी अरब रियाल १ को रू. | २७।३४ | २७।५० |
| कतारी रियाल १ को रू. | २८।१६ | २८।३२ |
| थाई भाट १ को रू. | ३।२२ | ३।२४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।९१ | २८।०७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।११ | २६।२६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।४० | ९।४५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६८ |
| डेनिस क्रानर १ का रू. | १६।८६ |
| हङकङ डलर १ का रू. | १३।११ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# वित्तीय अनुशासन कायम गर्न बोर्डको कडाइ

नेपाल समाचारपत्र

काठमाडौं

कुनै पनि सूचीकृत संस्थामा एउटै व्यक्ति अध्यक्ष तथा कार्याकारी प्रमुख बन्न नपाउने भएका छन्। नेपाल धितोपत्र बोर्डले स्वीकृत गरेको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ आगामी साउनबाट कार्यान्वयनमा आएपछि एउटा संस्थाको सञ्चालक पदमा बहाल रहेका व्यक्ति अन्य कुनै संस्थाको उच्च पदमा पनि बस्न नपाउने भएका छन्।

नयाँ व्यवस्थाअनुसार हाल कार्यकारी अध्यक्षले सञ्चालन गरिरहेका कम्पनीहरूले असार मसान्तसम्ममा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत फरक फरक व्यक्ति बनाइसक्नुपर्नेछ। धितोपत्र बोर्डले एकाघरभित्रका सदस्य एकभन्दा बढीलाई एउटै कम्पनीमा एक जनाभन्दा बढी सञ्चालक बनेमा वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्था पनि गरेको छ।

वित्तीय अनुशासन कायम गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन)ले सूचीकृत संस्थाको संस्थागत सुशासन कायम गर्न नयाँ निर्देशिका जारी गरेको हो। नयाँ निर्देशिकाले एक संस्थाका सञ्चालक अर्को संस्थाको लेखापरीक्षक, सल्लाहकार, कर्मचारी, बीमा सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता वा तेस्रो पक्ष सहजकर्ता भई कार्य गर्न पनि नपाउने व्यवस्था गरेको छ।

त्यस्तै सर्वसाधारणलाई शेयर विक्री गरेको कम्पनीको पदाधिकारी रहेको तर त्यस्तो कम्पनीले नियमअनुसार बुझाउनुपर्ने विवरण धितोपत्र बोर्डमा नबुझाएको भए त्यस्ता कम्पनीका पदाधिकारी कुनै पनि कम्पनीको सञ्चालक बन्न नपाउने भएका छन्। पुँजी बजारको नियामक निकाय बोर्डले सबै सूचीकृत संस्थाका लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका जारी गर्दै यस्तो व्यवस्था गरेको हो। निर्देशिकामा १४ बुँदा समावेश छन्।

नेपाल धितोपत्र बोर्डले तयार पारेको निर्देशिक २०७५ साउन १ गतेबाट कार्यान्वयनमा आउनेछ। यसका लागि बोर्डले सूचीकृत कम्पनीलाई तयारीस्वरूप असारसम्म समय दिएको हो। बोर्डले सूचीकृत संगठित संस्थाको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने निर्देशिका जारी गर्ने तयारी गरेको जनाएको छ। साथै, शेयरधनीलगायत सरोकारवालाप्रति उत्तरदायी बनाउनका साथै बजारलाई व्यवस्थित, पारदर्शी तथा दवाफदेही बनाउनका लागि धितोपत्र ऐन, २०६३ ले दिएको अधिकारको प्रयोग गरेर बोर्डले उक्त निर्देशिका स्वीकृत गरेको हो।

संस्थागत सुशासनसम्बन्धी निर्देशिका बनाई लागू गर्ने बोर्डको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रमअनुरूप संस्थागत सुशासन सम्बन्धमा केही अन्तर्राष्ट्रिय अभ्यासको पनि अध्ययन गरी त्यसमा भएका प्रमुख व्यवस्थालाई निर्देशिकामा समावेश गरेको बोर्डले जनाएको छ। संस्थागत सुशासन सम्बन्धमा 'आर्थिक सहयोग तथा विकास संगठन'ले अख्तियार गरेको प्रमुख ६ सिद्धान्त र छिमेकी मुलुक भारत, श्रीलंका र मलेसिया तथा अन्य एसियाली देशमा सुशासन सम्बन्धमा गरिएका अभ्यास र नेपालमा विद्यमान रहेका व्यवस्थालाई आधार मानी यो निर्देशिका तयार गरिएको बोर्डले जनाएको छ।

निर्देशिकाले सूचना तथा जानकारी प्रवाह गर्ने, सञ्चालक समिति, सञ्चालकको अयोग्यता, काम कर्तव्य र अधिकार तथा बैठक भत्ता, संस्थाको हित विपरीत कार्य गर्न नहुने, आन्तरिक नियन्त्रण प्रणालीलगायतका विषयमा मापदण्ड निर्धारण पनि गरेको छ। त्यस्तै कुनै पनि सूचीकृत कम्पनीमा सञ्चालकको नियुक्त साधारणसभाले मात्रै गर्न पाउने व्यवस्थासमेत निर्देशिकामा गरिएको छ। अब सञ्चालकको भत्ता तथा अन्य सुविधासमेत साधारणसभाले पारित गरेपछि मात्रै लागू हुनेछ।

निर्देशिकामा सञ्चालकको अयोग्यता/आचरण, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा लेखापरीक्षणसम्बन्धी विभिन्न व्यवस्था रहेका छन्।

निर्देशिकाअनुसार सूचीकृत संस्थाले सूचना तथा जानकारी प्रवाह गर्दा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ढाँचाको अनुसरण गर्न प्रोत्साहित गर्दै संस्थाको पुँजी तथा शेयर संरचना, वित्तीय अवस्था तथा प्रचलित कानुनबमोमिज सार्वजनिक गर्नुपर्ने सूचना विवरण इत्यादि नियमितरूपमा सार्वजनिक गर्नुपर्ने भनिएको छ।

त्यस्तै सूचीकृत कम्पनीका सञ्चालकको कार्यकाल ४ वर्षभन्दा धेरै हुन नहुने तथा स्वतन्त्र सञ्चालक निर्वाचित गर्दा सम्बन्धित क्षेत्रमा ज्ञान प्राप्त भएको हुनुपर्ने नियम बनाएको छ। धितोपत्र निष्कासनसम्बन्धी ऐनअन्तर्गत सजाय पाएको व्यक्ति १० वर्षसम्म कुनै पनि कम्पनीको सञ्चालक हुन पनि नपाइने भएको छ।

सञ्चालक रहेको कम्पनीअन्तर्गतका अन्य कुनै पनि कम्पनीको समेत शेयर कारोबार गर्न पाइनेछैन। साथै शेयरधनीको कुनै पनि निजी सम्पत्ति भाडामा लिएर कारोबार गर्न नपाउने व्यवस्था गरिएको छ।

त्यसैगरी कम्पनीले परिपालन अधिकृत तोक्दा व्यवस्थापन, वाणिज्यशास्त्र, कानुन विषयमा कम्तीमा स्नातक गरी तथा ३ वर्षको अनुभव भएको कर्मचारीलाई तोक्न निर्देशन दिइएको छ। लेखापरीक्षणका लागि सर्वसाधारण शेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्ने गरी ३ जनाको एक स्वतन्त्र लेखापरीक्षण समिति गठन गर्नुपर्नेछ।

## विश्व बजार

### 'एनिमेसन किङ' वाल्ट डिज्नी



काठमाडौं, (नेस)

कार्टुन फिल्म र एनिमेसनको दुनियाँलाई मनोरञ्जनका क्षेत्रमा स्थापित गराउने श्रेय वाल्ट डिज्नीलाई जान्छ। सिनेमा जगत्मा फरक धार बोकेको एनिमेसन क्षेत्रलाई एक सफल उद्योगका रूपमा डिज्नीले नै परिचित गराएका हुन्।

'एनिमेसन किङ' वाल्टर इलिअस अर्थात् वाल्ट डिज्नीको जन्म ५ डिसेम्बर सन् १९०१ मा भएको हो। डिज्नी एक सफल चलचित्र निर्माता, निर्देशक, पटकथा लेखक, कार्टुनिस्ट, साहित्यकार र एक सफल सञ्चार व्यवसायी थिए।

डिज्नी १६ वर्षको उमेरमा नै सैनिक सेवामा प्रवेश गर्न चाहान्थे। तर कम उमेरका कारण उनलाई सैनिक सेवामा भर्ती गराइएन। त्यसपछि उनले १८ वर्षको उमेरमा रेडक्रसमा सवारी चालकका रूपमा जागिर शुरू गरेका थिए। एक वर्षसम्म फ्रान्समा एम्बुलेन्स चालकका रूपमा काम गरे।

फ्रान्सबाट फकिएपछि चित्रकलालाई व्यावसायिकरूपमा अगाडि बढाउने सोचअनुरूप उनले आफ्नो भाइ रोय डिज्नीसँग मिलेर 'लाफ्-ओ-ग्राम' नामक एनिमेटेड टेलिशृङ्खला बनाउन शुरू गरे। तर उक्त कम्पनीले उनलाई आर्थिकरूपमा टाट् पल्टायो। आर्थिक रूपमा निकै कमजोर भएपछि एक पुरानो सुटकेस र २० अमेरिकी डलर बोकेर हलिउड छिरेका डिज्नीले एलिज कमोडाइजमार्फत हलिउडमा प्रतिष्ठा कमाउन सफल भए। सन् १९५३ मा स्थापना भएको 'डिज्नील्यान्ड' कम्पनीले २१औं शताब्दीमा पनि एनिमेसनलाई एक सफल र व्यावसायिक उद्योगका रूपमा निरन्तरता दिइरहेको छ।

> 'मिक्की माउसमार्फत बीसौं शताब्दीमा संसार लाई प्रविधि र मनोरञ्जनलाई नयाँ धार दिएको उक्त कम्पनीका मिक्किमाउस, डिनाल्ड डक र गुफीजस्ता काल्पनिक पात्र अहिले पनि उत्तिकै चर्चित छन्।'

सन् १९३२ मा पहिलो रंगीन कार्टुन फ्लावरर्स एन्ड ट्रिज् बनेपछि एनिमेसनको दुनियाँ बदल्ने श्रेय डिज्नीले पाए। जसबाट उनलाई पहिलो एकेडेमी अवार्ड प्राप्त भयो।

उनले सन् १९२५ मा उनले आफ्नै कम्पनीमा कर्मचारीका रूपमा काम गर्ने लिलियन बाउन्डस्सँग बिहे गरे। बाल्यकालदेखि नै उनलाई चित्रकलामा पनि निकै रुचि थियो। आफूले कोरेका चित्रहरू उनले छिमेकीलाई बेचेर पैसा कमाउँथे। आफ्नो रुचिअनुरूप उनले सिकागोको म्याक्किन्ली हाईस्कुलमा फोटोग्राफी र चित्रकलाको अध्ययन गरेका थिए।

अहिलेको 'द वाल्ट डिज्नी कर्पोरेसन'मार्फत डिज्नीले अमेरिकामा मात्र नभई विश्वव्यापी रूपमा नै एनिमेसन उद्योगमार्फत मनोरञ्जन क्षेत्रमा नयाँ आयाम थपेका थिए। एनिमेटेड क्यारेक्टर मिक्की माउसमार्फत उनले बीसौं शताब्दीको मनोरञ्जन उद्योगलाई नयाँ प्रविधिमार्फत परिचित गराए। मिक्की माउसमार्फत बीसौं शताब्दीमा संसारलाई प्रविधि र मनोरञ्जनलाई नयाँ धार दिएको उक्त कम्पनीका मिक्किमाउस, डिनाल्ड डक र गुफीजस्ता काल्पनिक पात्र अहिले पनि उत्तिकै चर्चित छन्। शुरूमा मिक्किमाउस पात्रका लागि डिज्नी आफैले स्वर दिएका थिए। उनले आफ्नो जीवनकालमा ७ वटा एमी अवार्ड, २२ वटा एकेडेमी अवार्ड पाउन सफल भएका थिए। डिज्नीको सन् १९६६, डिसेम्बर १५ मा फोक्सोको क्यान्सरबाट क्यालिफोर्नियामा मृत्यु भयो।

यस अर्थमा पनि द वाल्ट डिज्नी कर्पोरेसन (डीआईसी) मनोरञ्जनको दुनियाँमा नयाँ अपरिचित नाम होइन। 'मिक्की माउस' मार्फत एनिमेसनको दुनियाँलाई मनोरञ्जनको क्षेत्रमा परिचित गराएको डीआईसी कम्पनीमा अहिले आफ्नो क्षेत्रलाई विभिन्न चार क्षेत्रमा विस्तार गरेको छ। मिडिया नेटवर्क, पार्क तथा रिसोर्ट, स्टुडियो इन्टरटेनमेन्ट र इन्टरएक्टिभ मिडियाका क्षेत्रमा लगानी रहेको छ। विश्व बजारमा मिडिया नेटवर्कमार्फत डीआसीले टेलिभिजन कार्यक्रम उत्पादन, स्थानीय टेलिभिजन नेटवर्क, केवल नेटवर्क, रेडियो स्टेसनहरू सञ्चालन गर्दै आएको छ। ब्लुमबर्ग इन्डेक्सका अनुसार डीआईसीको कुल सम्पत्ति १ अर्ब ५० करोड अमेरिकी डलरभन्दा बढी छ।

*(अन्तराष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*

# एनआईसी एसियाको दुई नयाँ शाखा

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले बझाङको जयपृथ्वी नगरपालिका चैनपुर र धादिङको नीलकण्ठ नगरपालिका धादिङबेसीमा शाखा विस्तार गरेको छ।

नयाँ शाखाको जयपृथ्वी नगरपालिकाका मेयर वीरेन्द्रबहादुर खड्का तथा नीलकण्ठ नगरपालिकाका मेयर भीमप्रसाद ढुंगानाले उद्घाटन गर्नुभयो। यी दुई शाखा कार्यालयको उद्घाटन सँगै एनआईसी बैंकले मुलुकभर १ सय ७० शाखा कार्यालयहरू,

NIC ASIA
एन आई सी एशिया बैंक लि.

१ सय ६८ एटीएम र ४ एक्स्टेन्सन काउन्टरहरूबाट उपभोक्तालाई सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले हरेक सम्भावित बजार क्षेत्रमा आफ्ना ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानहरूमा पनि थप शाखा सञ्चालन गर्ने योजना अगाडि सारेको छ।

# कर छली गर्न नदिने प्रतिबद्धता

लमजुङ, (नेस)

बेसीशहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले स्थानीयलाई कर छली गर्न नदिने प्रतिबद्धता गर्नुभएको छ। लमजुङ उद्योग वाणिज्य संघद्वारा आयोजित भ्याट र सफ्टवेयर तालिम कार्यक्रमको उद्घाटन गर्दै अर्यालले त्यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

राज्यले तोकेको कर छल्ने जो कोही पनि कानुनी दायरामा ल्याउने र कारबाहीबाट उम्किन नदिने मेयर अर्यालले प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो- 'थोरै नाफा भएको अडिट गराएर राज्यलाई तिर्नुपर्ने कर छलेको भेटिएको छ। अब त्यस्तो कार्यलाई उन्मुक्ति दिइनुहुँदैन।' केही ठूला व्यवसायीले फरक फरक अडिट गर्दै राज्यलाई तिर्नुपर्ने कर छल्ने गरेको र आजका दिनसम्म शहर बजारमा समेत घर कर तिर्नुपर्छ भन्ने मानसिकता नभएकाले त्यो बानीको विकास गर्नुपर्ने अर्यालको भनाइ छ। 'राज्यको कर छली गर्ने व्यवसायीहरू तथा अन्य जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याउने काम बेसीशहर नगरपालिकाले गर्नेछ। यसमा सबै ढुक्क भए हुन्छ।' -अर्यालको भनाइ छ।

लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष राजेश थापाले व्यवसायीले तिर्नुपर्ने करका बारेमा सबै व्यवसायीहरू जानकार नभएको धारणा राख्दै सचेतनाका कार्यक्रम गरिनु आवश्यक रहेको बताउनुभयो। उहाँले व्यवसायीको हितका लागि कर र सबै आय व्यय विवरणलाई व्यवस्थित बनाउन यो तालिमको आयोजना गरिएको बताउनुभयो। तालिमपश्चात् सहभागीहरूलाई उनीहरूको क्षमता, बजारको आवश्यकता र मागअनुसार रोजगारी पनि उपलब्ध गराइने थापाको भनाइ छ।

# ललितपुरका १० उद्योगलाई स्पष्टीकरण

काठमाडौं, (नेस)

नेपाल गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय बालाजुले ललितपुरका १० उद्योगलाई तीन दिनभित्र उपस्थित हुन पत्राचार गरेको छ।

तौलने यन्त्रको प्रयोग नियमित गराउन दिइएको जानकारी अहिलेसम्म अटेर गरेको भन्दै तीन दिनभित्र उपस्थित हुन पत्रचार गरेको हो। आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गत पुसमा ती उद्योगको अनुगमन गरेको थियो।

कार्यालयले शुक्रबार नेपलिज हेन्डिक्राफ्ट, केबी पेट, विजु प्लास्टिक उद्योग प्राली, वैकुण्ठ कलात्मक काष्ठ उद्योग, स्ट्रक्चर नेपाल प्राली, ताम्राकार युटेन्सिल उद्योग, सुपर क्वालिटी प्लास्टिक उद्योग, पूर्ण उड कार्भिङ, विरा फर्निचर र उड कार्भिङ उद्योगलाई तीन दिनभित्र उपस्थित हुन पत्र काटेको बुझिएको छ।

कार्यालयका प्रमुख शशीभूषणकुमार यादवले तौलने यन्त्र नियमित गराउन जानकारी गराएकोमा एक महिनासम्म पनि नियमित गराउने कार्य नगराएपछि उपस्थित हुन पत्र काटिएको जानकारी दिनुभयो। पत्रमा उपस्थित नहुनुको कारणसहित खुलाउनसमेत अनुरोध गरिएको छ।

# निर्माण व्यवसायीका समस्याबारे राज्य उदासिन

इलाम, (नेस)

निर्माण व्यवसायी संघ इलामको आठौं जिल्ला अधिवेशन शुक्रबारदेखि सदरमुकाममा शुरू भएको छ। शनिबारसम्म चल्ने अधिवेशनले २ वर्षका लागि नयाँ कार्यसमिति चयन गर्नेछ। अधिवेशनको उद्घाटन सत्र निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष विष्णुभाइ श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको थियो।

उद्घाटन सत्रमा बोल्दै अध्यक्ष श्रेष्ठले निर्माण व्यवसायमा देखिएका समस्या समाधान गर्न राज्यले उदासिनता देखाएको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो- 'विकास निर्माणमा ढिलाइ हुँदा निर्माण व्यवसायीलाई दोष लगाउने गरिएको छ, तर इन्जिनियरको डिजाइन फेलका कारण पनि थुप्रै विकास निर्माणका काममा ढिलाइ हुने गरेको छ।'

राजकुमार भक्तराजको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा बोल्ने अधिकांश वक्ताले निर्माण व्यवसायिले पेसा र व्यवसायलाई मर्यादित बनाउने हो भने व्यवसायीहरू स्वयम् मर्यादित हुनुपर्ने बताउँदै नियम र कानुनको परिधिभित्र रहेर व्यवसाय गर्नुपर्नेमा जोड दिएका थिए।

महासंघका अध्यक्ष विष्णुभाइ श्रेष्ठले गुण्डाहरूको आतंकका कारण व्यवसायीहरूले ढुक्क भएर व्यवसाय सञ्चालन गर्ने वातावरण नरहेको बताउनुभएको हो।

'गुण्डाहरूबाट अझै पनि चन्दाका लागि धम्की आउने क्रम जारी छ, यस्तो अवस्थामा व्यवसायीले कसरी व्यवसाय सञ्चालन गर्ने?' -अध्यक्ष श्रेष्ठको प्रश्न थियो। देशभरका निर्माण व्यवसायी र उनीहरूका अर्बौं मूल्य बराबरका निर्माण सामग्रीको सुरक्षाका लागि सरकारले भरपर्दो व्यवस्था मिलाउनुपर्ने उहाँको माग थियो।

विगत केही सातादेखि निर्माण सामग्रीमा निरन्तर मूल्यवृद्धि भइरहेका कारण व्यवसायी थप मारमा परेको श्रेष्ठको भनाइ थियो। अधिवेशनलाई सम्बोधन गर्दै महासंघका उपाध्यक्ष तेजबहादुर कुरुम्बाङ, महासचिव रामशरण देउजा, प्रवक्ता विष्णु बुढाथोकी, निर्माण व्यवसायी संघ इलामका अध्यक्ष राजकुमार भक्तराजलगायतका वक्ताहरूले व्यवसायीहरूका समस्या समाधान गर्न सरकारले ठोस पहल नगरेको बताउनुभयो।



शनिबार उद्घाटन हुने चमेलिया जलविद्युत् आयोजनको उत्पादन निरीक्षण गर्दै ऊर्जा सचिव अनुपकुमार उपाध्याय, आयोजना प्रमुख अजयकुमार दाहाल तथा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा अरविन्द्र मिश्र। आयोजनको उद्घाटन शनिबार प्रधानमन्त्रीले गर्नुहुने कार्यक्रम छ। आयोजना प्रदेश-७ को सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो।
तस्वीर : राजु श्रेष्ठ/दार्चुला

२०७४, माघ
शनिबार
२७

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. स्वर्णिम वाग्ले ले पहिलो दाता सम्मेलनबाट रु. ४ खर्बभन्दा बढी र कम प्रतिबद्धता आएकाले पुनर्निर्माणमा अपुग रकम व्यवस्थापनका लागि दोस्रो चरणको दाता सम्मेलन गर्नेबारे छलफल भइरहेको जानकारी दिनुभयो।




# खराब कर्जा घटाउँदै बैंकहरू

**नेपाल समाचारपत्र**

काठमाडौं

पछिल्लो समय वाणिज्य बैंकहरूले खराब कर्जा घटाउन थालेका छन्। वाणिज्य बैंकहरूले पछिल्लो दुई वर्षमा प्रकाशन गरेको वित्तीय विवरणले खराब कर्जादर घटाएर स्वस्थ बन्ने लयमा लागेका हुन्।

कुनै पनि बैंकमा कुल कर्जाको ५ प्रतिशतभन्दा बढी खराब कर्जा भएको अवस्थालाई जोखिमयुक्त मानिन्छ। चालू आवको वित्तीय विवरणअनुसार तीनवटा बैंकको खराब कर्जा ४ प्रतिशतभन्दा माथि छ। बाँकी बैंक भने उच्च खराब कर्जा न्यूनीकरण गर्दै जोखिमयुक्त बन्नबाट जोगिने प्रयासमा लागेका हुन्।

बैंकले निश्चित समयका लागि भनेर कुनै ऋृणीलाई दिइएको कर्जा समयमा नै उठाउन सकेन भने त्यस्तो कर्जालाई एनपीएल (नन पर्फमिङ लोन) अर्थात् खराब कर्जा भनिन्छ। ऋृण चुक्ता गर्नुपर्ने मितिले ९० दिनपछिसम्म पनि बैंकले ऋृण उठाउन नसकेमा उक्त ऋृणलाई खराब कर्जाअन्तर्गत राखिन्छ। सम्भव भएसम्म यस्तो कर्जा ऋृण लिँदा राखिएको धितो लिलाम गरेर उठाइन्छ।

वाणिज्य बैंकहरूले प्रकाशन गरेको चालू आवको दोस्रो त्रैमासम्मको वित्तीय विवरणमा १४ वटा वाणिज्य बैंकको खराब कर्जा घटेको देखिएको छ। यस अवधिमा १२ वटा बैंकको खराब कर्जादर बढ्दा बाँकी २ वटा बैंक भने खराब कर्जादर स्थिर राख्न सफल भएका छन्। चालू आवमा खराब कर्जा घटाउने बैंकमा एभरेस्ट बैंक, मेगा बैंक, लक्ष्मी बैंक, कुमारी बैंक र सिटिजन्स बैंक इन्टरनेसनल रहेका छन्।

त्यसैगरी नबिल बैंक, सिभिल बैंक, जनता बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकले पनि खराब कर्जा घटाउँदा बैंक अफ काठमाण्डु, सेञ्चुरी बैंक, कृषि विकास बैंक, नेपाल बैंक, प्राइम कमर्सियल बैंक र एनएमबी बैंकको पनि खराब कर्जा घटेको छ। अघिल्लो वर्षको तुलनामा खराब कर्जा यथावत् राख्ने बैंक ग्लोबल आईएमई बैंक र सिद्धार्थ बैंक हुन्। बाँकी बैंकको भने खराब कर्जा अघिल्लो वर्षको तुलनामा बढेको छ।

यसअघि अघिल्लो वर्ष पनि वाणिज्य बैंकहरूले खराब कर्जा अनुपात घटाएका थिए। सो अवधिमा वाणिज्य बैंकहरूको खराब कर्जा औसत शून्य दशमलव २९ प्रतिशतले घटाएका थिए। आर्थिक वर्ष २०७२/७३ पुसको तुलनामा आव २०७३/७४ पुसमा ७ वटा वाणिज्य बैंकको खराब कर्जा बढे पनि २१ वटाको घटेको थियो। चालू आर्थिक वर्षको ६ महिनामा सबैभन्दा कम खराब कर्जा (एनपीएल) सानिमा बैंकको छ भने सबैभन्दा बढी सिभिल बैंकको छ।

चालू आर्थिक वर्षको ६ महिनाको वित्तीय विवरणमा सानिमाले एनपीएल घटाएर शून्य दशमलव शून्य ३ प्रतिशत कायम गरेको छ। अघिल्लो वर्ष शून्य दशमलव शून्य १ प्रतिशत रहेको बैंकको खराब कर्जा एक वर्षको अवधिमा बढेको हो। यद्यपि, चालू आवको पहिलो त्रैमासमा सानिमाको खराब कर्जा शून्य दशमलव १४ प्रतिशत थियो।

त्यसैगरी सिभिल बैंकको ४ दशमलव ५२ प्रतिशत खराब कर्जा छ। पहिलो त्रैमासमा सिभिलको खराब कर्जा ४ दशमलव ६९ प्रतिशत थियो भने अघिल्लो वर्षको सोही अवधिमा बैंकको खराब कर्जा ४ दशमलव ४५ प्रतिशत रहेको थियो। सिभिलले पछिल्लो समय खराब कर्जा केही घटाएको उसको वित्तीय विवरणमा उल्लेख छ।

कम खराब कर्जा हुनेमा नेपाल एसबीआई बैंक दोस्रो स्थानमा छ। बैंकको खराब कर्जा शून्य दशमलव १३ प्रतिशत रहँदा स्ट्यान्डर्ड चार्टर्ड बैंकको खराब कर्जा पनि शून्य दशमलव १७ प्रतिशत छ। पहिलो त्रैमासमा एसबीआई बैंकको खराब कर्जा शून्य दशमलव १३ प्रतिशत रहँदा स्ट्यान्डर्ड चार्टर्ड बैंकको खराब कर्जा शून्य दशमलव १८ प्रतिशत थियो। अघिल्लो वर्ष यो तथ्यांक रहेको शून्य दशमलव १२ र शून्य दशमलव २६ प्रतिशत रहको थियो। एभरेस्ट बैंकको खराब कर्जा पनि शून्य दशमलव २५ प्रतिशत छ।

धेरै खराब कर्जा हुनेमा सिभिल बैंकलाई पछ्याउँदै प्रभु बैंक दोस्रो स्थानमा छ। बैंकको खराब कर्जा दर ४ दशमलव १२ प्रतिशत रहँदा एनसीसी बैंकको खराब कर्जा पनि ४ दशमलव शून्य ४ प्रतिशत रहेको छ। सरकारी स्वामित्वका कृषि विकास बैंक र नेपाल बैंकको खराब कर्जादर पनि ३ प्रतिशतभन्दा माथि रहेका छन्।

**अघिल्लो वर्ष पनि वाणिज्य बैंकहरूले खराब कर्जा अनुपात घटाएका थिए। सो अवधिमा वाणिज्य बैंकहरूको खराब कर्जा औसत शून्य दशमलव २९ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष २०७२/७३ पुसको तुलनामा आव २०७३/७४ को पुससम्ममा ७ वटा वाणिज्य बैंकको खराब कर्जा बढे पनि २१ वटाको घटेको थियो।**

### वाणिज्य बैंकहरूको खराब कर्जाको स्थिति

| बैंक | चालू आव | गत आव |
|---|---|---|
| एभरेस्ट बैंक | ०.२५ | ०.७ |
| ग्लोबल आईएमई बैंक | १.६१ | १.६१ |
| नेपाल बंगलादेश बैंक | १.४७ | ०.९९ |
| नेपाल एसबीआई बैंक | ०.१३ | ०.१२ |
| सानिमा बैंक | ०.०३ | ०.०१ |
| सिद्धार्थ बैंक | १.५० | १.५० |
| मेगा बैंक | ०.९६ | ०.६७ |
| लक्ष्मी बैंक | १.२९ | १.२७ |
| कुमारी बैंक | १.६१ | १.१४ |
| सिटिजन्स बैंक इन्टरनेसनल | १.९४ | १.३२ |
| हिमालयन बैंक | १.३२ | ०.९२ |
| नबिल बैंक | १.१३ | ०.९० |
| राष्ट्रिय वाणिज्य बैंक | २.११ | २.७५ |
| एनआईसी एसिया बैंक | ०.२६ | ०.७२ |
| सनराइज बैंक | १.६५ | १.४० |
| माछापुच्छ्रे बैंक | ०.३३ | ०.३५ |
| सिभिल बैंक | ४.५२ | ४.४५ |
| प्रभु बैंक | ४.१२ | ४.८८ |
| जनता बैंक | २.६५ | २.५७ |
| नेपाल इन्भेस्टमेन्ट बैंक | १.१२ | ०.७० |
| बैंक अफ काठमाण्डू | १.८६ | १.५१ |
| सेञ्चुरी बैंक | ०.९९ | ०.४७ |
| कृषि विकास बैंक | ३.९५ | ३.८२ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | ०.१७ | ०.२६ |
| नेपाल बैंक | ३.२३ | २.८५ |
| एनसीसी बैंक | ४.०४ | ४.८४ |
| प्राइम कमर्सिएल बैंक | १.४३ | १.३६ |
| एनएमबि बैंक | १.२० | १.८९ |

स्रोत : बैंकहरूले जारी गरेको दोस्रो त्रैयमासको वित्तीय विवरण

# दोस्रो किस्ता लिने अवधि थपियो

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले लाभग्राही सूचीमा परी अनुदान सम्झौता गरेकाले दोस्रो किस्ता लिने अवधि आगामी चैत मसान्तसम्म बढाउने निर्णय गरेको छ। प्राधिकरण निर्देशक समितिको शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको ११औं बैठकले सो निर्णय गरेको हो।

यसअघिको समितिको बैठकले विसं २०७३ पुस मसान्तसम्म पहिलो किस्ता लिएका भूकम्पपीडितले गत पुस मसान्तमै घरको जग निर्माण गरी दोस्रो किस्ता लिइसक्नुपर्ने निर्णय गरेको थियो। निर्देशक समितिका अध्यक्ष प्रधानमन्त्री शेरबहादुर देउवाको सभापतित्वमा बैठक बसेको थियो। बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले विभिन्न चुनौती भए पनि पुनर्निर्माणको काम सन्तोषजनक रूपमा अघि बढेको बताउनुभयो।

समितिका सदस्य एवम् अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भूकम्पपीडितका लागि पछिल्लो समय थप गरिएको रु. एक लाखको स्रोत व्यवस्थापनका लागि प्रयास भइरहेको जानकारी दिनुभयो। 'स्रोत अभावमा भूकम्पपीडितले आवास निर्माण गर्न नसकेकाले थप रु. एक लाख दिने निर्णय गरेको हो, यसका लागि विश्व बैंकले रु. ४० अर्ब दिने सहमति भएको छ।' -उहाँले भन्नुभयो।

समितिको उपाध्यक्ष रहेका नेकपा एमालेका नेता भीम रावलले भूकम्पपछिको पुनर्निर्माणका लागि सत्ता पक्ष र प्रतिपक्ष नभनी सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो। 'प्राधिकरणमा पटकपटक नेतृत्व परिवर्तन गर्दा भूकम्पपीडितको समस्यालाई सरकारले प्राथमिकता नदिएको हो कि भन्ने पीडितमा आशंका उत्पन्न भएको छ।' -उहाँले भन्नुभयो।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले पुनर्निर्माणमा अहिलेसम्म भएका प्रगति, बजेटको अवस्था, समयसीमा बढाउनुपर्ने आवश्यकतालगायतका विषयमा जानकारी गराउनुभयो। 'प्राविधिक जनशक्ति र निर्माणकर्मीको अभावका कारण पुनर्निर्माणमा चुनौती थपिए पनि तिनको सम्बोधन गर्दै निजी आवास पुनर्निर्माण लक्ष्यको करिब ५० प्रतिशत प्राप्त गर्ने अवस्थामा पुग्न लागेको छ।' -उहाँले भन्नुभयो।


## PRESS RELEASE

### भैरहवामा कैलाश विकास बैंकको नयाँ शाखा



काठमाडौं, (नेस)

कैलाश विकास बैंक लिमिटेडले रूपन्देही जिल्लाको भैरहवामा आफ्नो ४३औं शाखा स्थापना गरेको छ।

बैंकले शुक्रबारदेखि उक्त शाखामार्फत कारोबारको शुरू गरेको छ। उक्त शाखाको शुभारम्भ सञ्चालक समितिका अध्यक्ष्य नारायणप्रसाद पौडेलले गर्नुभयो। नयाँ शाखासहित बैंकको शाखा संख्या ४३ पुगेका छन् भने एटीएम संख्या २२ पुगेका छन्। बैंकले केही दिनभित्रै झापा जिल्लाको दमक, मोरङ जिल्लाको विराटनगर तथा पर्सा जिल्लाको वीरगन्जमा गरी थप तीन शाखाहरू सञ्चालन गर्ने तयारी गरिरहेको जनाएको छ।

कैलाश विकास बैंकको चुक्तापूँजी २ अर्ब ५२ करोड रुपियाँ रहेको छ। यस संस्थाले हालसम्म १९ अर्ब रुपियाँ निक्षेप संकलन तथा १७ अर्ब ६९ करोड रुपियाँ कर्जा प्रवाह गरेको जनाएको छ। बैंकले आधुनिक प्रविधिको उपयोग गर्दै समस्त आधारभूत बैंकिङ सेवाको अलावा मोबाइल बैंकिङ, एसएमएस बैंकिङ इन्टरनेट बैंकिङ सेवा, शेयर लगानीकर्ताका लागि सी-आस्बा सेवा, सुविधा भुक्तानी, रेमिटयान्स सेवालगायत सेवाहरू प्रदान गर्दै आएको छ।

### गुराँस र मुक्तिनाथबीच बैंकासुरेन्स सम्झौता




काठमाडौं, (नेस)

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र मुक्तिनाथ विकास बैंक लिमिटेडबीच बैंकासुरेन्स सेवासम्बन्धी सम्झौता भएको छ।

सम्झौताअनुरूप मुलुकभर रहेका सबै कार्यालयमार्फत गुराँस लाइफ इन्स्योरेन्सको वार्षिक नगद फिर्ता जीवनबीमा र एउटै योजनामा सावधिक, आजीवन र पेन्सन जीवन बीमा योजनासहित १२ वटा जीवनबीमा योजना बिक्री गर्ने सम्झौता भएको छ। अभिकर्ता तथा बीमितलाई छिटो, छरितो एवम् भरपर्दो सेवा पुऱ्याउने उद्देश्यले दुई संस्थाबीच बैंकासुरेन्स सम्झौता भएको हो।

सम्झौतामा इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायणकुमार भट्टराई र बैंकका तर्फबाट डेपुटी सीईओ प्रद्युम्न पोखरेलले हस्ताक्षर गर्नुभएको हो।

### शनिबार क्लोज अप लभ फेस्ट




काठमाडौं, (नेस)

हरेक वर्षजस्तै टुथपेस्ट ब्रान्ड क्लोज अपले 'भ्यालेन्टाइन्स् डे'मा युवा जोडीका लागि विशेष वातावरण बनाउन शनिबार सिभिल मलमा विभिन्न आकर्षक प्रतियोगिता तथा खेलहरू आयोजना गरेको छ।

क्लोज अप लभ फेस्टमा विभिन्न प्रतियोगितात्मक क्रियाकलापजस्तै ट्यारो कार्ड रिडिङ, फनकपल गेम्स्, लभ एक्स्प्रेसन, लभ लाउन्ज, मुभी मोमेन्ट्स तथा अन्य आकर्षणहरू हुनेछन्। यो वर्ष यहाँ आउने जोडीहरूलाई अझै मनोरञ्जन दिन लाहुरे (आशिस राना), स्वप्न सुमन, सविन राई विथ ब्यान्ड, श्रेया सोताङ, नितिशजंग कुँवर, सविन एन्ड द क्रु र ज्यावनभुजु, मायावी सुरज र द लोडिङ ब्यान्डले आफ्नो प्रस्तुति दिने आयोजक क्लोज अपले जनाएको छ।



## कर्णाली डेभलपमेण्ट बैंक लि.
## Karnali Development Bank Ltd.

Surkhet Road, Nepalgunj, Banke, Nepal
Tel: 081-415040/415074, Fax: 081-415104
Email: kdbl@ntc.net.np

### Unaudited Financial Results (Quarterly)
As at 2nd Quarter (30/09/2074) of Fiscal Year 2074/075

Rs. in '000'

| S. No. | Particulars | This Quarter Ending 2074/09/30 | Previous Quarter Ending 2074/06/30 | Corresponding Previous Year Quarter Ending 2073/09/30 |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities(1.1 to1.7)** | **2394370** | **2326085** | **2002076** |
| 1.1 | Paid Up Capital | 151000 | 151,000 | 151,000 |
| 1.2 | Call in Advance | 40177 | 40051 | - |
| 1.3 | Reserve and Surplus | 40289 | 36211 | 39842 |
| 1.4 | Debenture and Bond | - | - | - |
| 1.5 | Brrowings | - | - | - |
| 1.6 | Deposits (a+b) | 2148010 | 2086602 | 1799003 |
| | a. Domestic Currency | 2148010 | 2086602 | 1799003 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | 3109 |
| 1.7 | Other Liabilities | 14894 | 12221 | 9122 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **2394370** | **2326085** | **2002076** |
| 2.1 | Cash and Bank Balance | 246899 | 240466 | 200525 |
| 2.2 | Money at Call and Short Notice | 749194 | 736762 | 620322 |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans and Advances (a+b+c+d+e) | 1199634 | 1138944 | 984346 |
| | a. Real Estated Loan | - | - | - |
| | 1)Residential Real Estate Loan | - | - | - |
| | 2)Business Commerical Complex Loan | - | - | - |
| | 3)Income generating Commercial Complex Loan | - | - | - |
| | 4)Other Real Estate Loan | - | - | - |
| | b. Margin type Loan | - | - | - |
| | c. Trem Loan | 705703 | 713444 | 612990 |
| | d. Overdraft Loan/TR loan/WC Loan | 457830 | 394222 | 348501 |
| | e. Other | 36101 | 31278 | 22855 |
| 2.5 | Fixed Assets | 80460 | 80083 | 79965 |
| 2.6 | Non Banking Assets | 4000 | 6829 | |
| 2.7 | Other Assets | 114183 | 123001 | 116918 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest Income | 88888 | 28423 | 77494 |
| 3.2 | Interest Expenses | 67800 | 33753 | 45842 |
| | **A. Net Interest Income (3.1-3.2)** | **21088** | **-5330** | **31652** |
| 3.3 | Fees, Commission and Discount | 1125 | 563 | 991 |
| 3.4 | Other operating Income | 8188 | 4283 | 7766 |
| 3.5 | Foreign Exchange Gain (Loss) Net | - | - | - |
| | **B. Total Operating Income (A.+3.3+3.4+3.5)** | **30400** | **-484** | **40409** |
| 3.6 | Staff Expenses | 17886 | 9303 | 14214 |
| 3.7 | Other Operating (Office) Expenses | 12115 | 6202 | 14209 |
| | **C. Operating Profit Befor provision (B.-3.6-3.7)** | **399** | **-15989** | **11986** |
| 3.8 | Provision for Possible Losses | 12671 | 996 | 6214 |
| | **D. Operating Profit (C.-3.8)** | **-12272** | **-16985** | **5772** |
| 3.9 | Non Operating Income /Expenses (Net) | - | - | - |
| 3.1 | Write Back of Provision for possible Loss | | | |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **-12272** | **-16985** | **5772** |
| 3.11 | Extraordinary Income/ Expenses(Net) | - | - | - |
| | **F. Profit Befor Bonus and Taxes(E.+3.11)** | **-12272** | **-16985** | **5772** |
| 3.12 | Provision for Staff Bonus Exp. | - | - | 525 |
| 3.13 | Provision for Income Tax | - | - | 1574 |
| | **G. Net Profit /Loss(F.-3.12-3.13)** | **-12272** | **-16985** | **3673** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund to RWA | 14.78% | 14.47% | 14.00% |
| 4.2 | Non Performing Loan To Total Loan | 3.73% | 2.04% | 3.71% |
| 4.3 | Total Loan Loss Provision To Total NPL | 73.95% | 88.49% | 125.47% |
| 4.4 | Cost Of Fund | 6.50% | 6.52% | 5.16% |
| 4.5 | CD Ratio(calculated as per NRB Dire) | 51.86% | 49.70% | 51.02% |

*Note : If the statutory audit and supervisory authority notify any remarks to change the un-audited financial statement could change accordingly*

**DEPOSIT INTEREST RATE (IN DAILY BALANCE)**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | Saving Deposit | 4.00% | 9 | Karnali Sajilo Deposit | 4.00% |
| 2 | Special saving Deposit | 4.00% | 10 | Karnali Sp. Saving Deposit | 5.00% |
| 3 | Karnali Saving Deposit | 4.00% | 11 | CALL Acount | 6.00% |
| 4 | Senior Citizen Saving Deposit | 6.00% | | **Fixed Deposit** | |
| 5 | Cild/woman Saving Deposit | 6.00% | | Fixed Deposit 6 month | 12.25% |
| 6 | Dis/hand. Halping Deposit | 6.00% | | Fixed Deposit 9 month | 12.50% |
| 7 | Student Saving Deposit | 5.00% | | Fixed Deposit 1 Year | 13.00% |
| 8 | Karnali Naulo Deposit | 4.00% | | Fixed Deposit 2 Year | 13.50% |
| | | | | Fixed Deposit 3 Year | 13.50% |

**LOAN INTEREST**

| | | |
|---|---|---|
| 1 All Loan 11.00%-16.00% | 2 Fixed Deposited plus 2% | 3 Bank Guarantee 0.50%-2.00% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४**
*(नियम २६ को उपनियम (१) संग सम्बन्धित )*

### आ.व.२०७४/७५ को दोश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरणः**

((क) **त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरणः** यस बैंकको यस त्रैमासिक अवधिसम्मको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| | | |
|---|---|---|
| प्रति शेयर आम्दानी : रु. -८/३१ | मूल्य आम्दानी अनुपात : -३५.३१ | प्रति शेयर नेटवर्थ : रु. १५३.२९ |
| प्रति शेयर कूल सम्पत्तिको मूल्य : रु. १५/८६ | तरलता अनुपात : ४६.३७ | |

**२. व्यवस्थापकीय विश्लेषणः**

क) बैकले निक्षेपकर्ता, ऋणी, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको सर्वोतम हित संरक्षण गर्दै सबै पक्षलाई लाभान्वित हुने गरी बैकले व्यवसाय विकास र विस्तारको क्रममा तिन जिल्लाको विभिन्न स्थानहरुमा कूल प्रधान कार्यालय र १२ वटा शाखा कार्यालय गरी जम्मा १३ वटा कार्यालय सहितको संजाललाई पूर्णरुपमा उपयोग गरि कारोबारलाई गुणात्मक रुपमा विस्तार गर्ने विश्वास लिएको छ ।

ख) बैकले बैकिङ्ग विविधीकरण, वृहत्तर व्यवसायिक योजनाको विकास, नयाँ लगानीका क्षेत्रहरुको पहिचान गर्ने, गुणस्तरीय एवं भरपर्दो सेवा, ग्राहकमैत्री बैकिङ्ग सेवा सुलभ तरिकाले सर्वसाधारणको पहुच भित्र पुऱ्याउने बैकको लक्ष्य अनुरुप बैक अगाडी बढी रहेको छ ।

ग) बैकिङ्ग क्षेत्रमा कायम अधिक तरलता, लगानीको अवसरहरुको कमी, निकायबाट भएको नितिगत परिवर्तन र प्रतिस्पर्धाका कारण कार्यालय संचालनमा भएको परिवर्तन बैकको मुनाफामा प्रतिकुल असर परेको छ । साथै भविष्यमा नियामक निकायबाट हुन सक्ने नितिगत परिवर्तनहरुले पनि बैकको मुनाफा प्रभावित हुन सक्ने सम्भावना रहेको छ ।

घ) यस विकास बैंकको हाल सम्मको समग्र, व्यवसायिक तथा वित्तीय स्थिति व्यवस्थापनको योजना, निक्षेप, कर्जा, लगानी अन्य वित्तिय सुचकाँकहरुको वृद्धि भएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरणः**

(क) यस त्रैमास अवधीमा यस बैकले वा बैकको विरुद्ध कुनै मुद्दा दायर नगरेको अवस्था छ ।

(ख) हालसम्म बैकको संचालक तथा संस्थापकले वा संचालक तथा संस्थापकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संचालक तथा संस्थापक विरुद्ध अर्थिक अपराध गरको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः**

धितोपत्र बजारमा शेयर करोबारमा हुने उतार चढावमा खुल्ला बजारले तय गरेको मुल्यको आधारमा हुने भएकोले यसलाई बैंक व्यवस्थापन एवं यसका संचालकहरुको धारणा तटस्त रहेको छ । शेयर मूल्यलाई असर पार्न सक्ने कुनै निर्णय आदि केही भएमा सो को जानकारी तोकिएको समयमा उपलब्ध गराउने गरिएको छ । यस विकास बैंकको त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, आन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार उल्लेख गरिएको छ ।

नेपाल स्टक एकसचेन्जको वेवसाइट www.nepalstock.com अनुसार

| | | |
|---|---|---|
| शेयरको अधिकतम मूल्य : रु. २८७ | शेयरको न्यूनतम मूल्य : रु. २२७ | कारोबार भएको कूल सख्या : २२८४३६ |
| शेयरको अन्तिम मूल्य : रु. २३१ | कारोबार भएको कूल दिन : ५७ | |

**५. समस्या तथा चुनौतीः**

***(क) आन्तरिक समस्या तथा चुनौती :*** संचालन लागतमा वृद्धि हुनु, निक्षेप तथा कर्जाको व्याजदर परिवर्तनबाट आम्दानीमा प्रतिकूल असर पर्नु, प्रवाहित कर्जा समयमा असुल नहुनु, लगानी क्षेत्रको अभावमा अति तरलता व्यवस्थापनको समस्या, दक्ष जनशक्तिको अभावहरु प्रमुख आन्तरिक समस्याहरु रहेका छन ।

***(ख) बाह्य समस्या तथा चुनौती :*** मुद्रा स्फिती दरमा वृद्धि हुनु, अस्वस्थ प्रतिस्पर्धात्मक स्थिति, लगानी मैत्री वातावरणको संकुचन, मुद्रा बजार तथा पूँजी बजारमा आउने उतार चढाउको कारणबाट अति तरलता तथा कम तरलताको अवस्था सृजना हुनु, नियमनकारी निकायको निति तथा निर्देशिकामा परिवर्तन भई उत्पन्न हुने चुनौतीहरु बाह्वय समस्याका रुपमा रहेको छन ।

समिक्षा अवधिमा बैंकिंग क्षेत्रले व्यहोर्नु परेको उपरोक्त आन्तरिक समस्याहरुको निराकरणको लागि व्यवस्थापनले लिएको सजगता, अधिकतम संसाधनको प्रायेग, अर्चमा मितव्यीता, कर्जा लगानीमा विविधिकरण र मानव संसाधनको उचित प्रयोग एवं दक्षता अभिवृद्धि गर्ने नीति बैंक व्यवस्थापनले लिएको छ । यस्तै बाह्य समस्याको निराकरणको लागि वित्तिय बजारेको अवस्था अनुरुप उपयूक्त रणनीतिको तर्जुमा गरिदै आईएकोछ ।

**६. संस्थागत सुशासनः**

कम्पनीले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन र मार्गदर्शनहरुको पूर्ण रुपमा पालना गरि संस्था सुशासन अभिवृद्धिका लागी आवश्यक कार्य गरेको छ । कम्पनीको दैनिक कारोबारको रेकर्ड नियमकारी निकायहरुबाट निर्धारण भए बमोजिम परदर्शी एवं व्यवसायी रुपमा राखिएको छ । यसका लागि लेखा परिक्षण समिति लगायत विभिन्न उप(समितिहरुको गठन गरि सो समितिहरुले संस्थागत सुशासनको कार्यान्वन सम्बन्धमा नियमित रुपमा अनुगमन, निर्देशन दिने तथा व्यवस्थापनबाट सो को पालना गर्ने गराउने नीति लिइएकोछ ।

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्धोषणः**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व हुनेछु । म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई लगानी गर्ने सम्बन्धमा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# ब्याटिङ र बलिङ नचल्दा नेपाल पराजित

काठमाडौं, (नेस)

ब्याटिङ र बलिङ दुबै नचल्दा नेपालले आईसीसी विश्व क्रिकेट लिग डिभिजन २ मा हार आत्मसात गरेको छ।

शुक्रबार नामिबियाको विन्डहोएकमा भएको खेलमा नेपाल ओमानसँग ६ विकेटले पराजित भएको हो। नेपालले ओमानलाई मात्र १ सय ३९ रनको लक्ष्य दिएको थियो। जुन लक्ष्य सुरक्षित गर्न नसकेपछि नेपालले खेल गुमाउन बाध्य भयो। ओमानले ४ विकेटको क्षतिमा ८९ बल बाँकी राखेर सहजै जित दर्ता गरेको थियो। योसँगै नेपालले दुई खेलबाट एकमा जित र एकमा हार बेहोरेको छ। ओमानको भने यो पहिलो जित थियो।

नेपालले अघिल्लो खेलमा जसोतसो नामिबियालाई १ विकेटले हराएर सनसनी जित हात पारेको थियो। नेपालको ब्याटिङ सो खेलमा पनि खराब थियो। ओमानसँग पनि नेपालको ब्याटिङ ज्यादै नराम्रो बनेको थियो। नेपालले ४६ ओभरमा सबै विकेट गुमाएर १ सय ३८ रन जोडेको थियो। नेपालका लागि कोही पनि खेलाडीले ३० रन कटाउन सकेनन्। २२ रन नै सर्वाधिक व्यक्तिगत योगदान थियो। यति रन सरद भेषवाकरले बनाए।

यसैगरी ओपनर दिलीप नाथले १९ रन जोडे भने कप्तान पारस खड्काले १७ रन बनाएका थिए। यस्तै दिपेन्द्र सिंह ऐरीले २० रन बनाए भने सोमपाल कामी १७ रनमा नटआउट रहेका थिए। ओमानका बलरले नेपाली ब्याटसम्यानलाई पुरै बाँधेर राखेका थिए। ओमानको तर्फबाट कलीमुल्लाहले सर्वाधिक विकेट लिए। उनले २८ रन दिएर चार विकेट हात पारेका थिए।

नेपालको बलिङ पनि खासै जम्न सकेन। यद्दपि सोमपालले खाडेलाई शुरूवातमै विकेट लिएर नेपाललाई पहिलो सफलता दिलाए। तर अकिब इल्यास, जटिन्दर सिंह, वेटगाँवकरले रन बटुल्न थालेपछि नेपाली बलरको लागि निरीह हुनेबाहेक अर्को विकल्प रहेन। अकिबले ४६ रन बनाए भने वेटगावँकरले ३७ रन जोडेका थिए। जटिन्दरले २४ रन योगदान दिएका थिए। नेपाली बलरमा सन्दीप लामिछानेले २ विकेट लिए भने सोमपाल र वसन्त रेग्मीले एक-एक विकेट प्राप्त गरे।

# अन्तर्राष्ट्रिय महिला भलिबलको तयारी पूरा

काठमाडौं, (नेस)

सात राष्ट्र सहभागी हुने प्रथम मेयर कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला भलिबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको शुक्रबार आयोजकले पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ।

प्रतियोगिता संयोजक विष्णुराज महतोकाअनुसार भारतबाट हरियाणा पुलिस, बंगलादेशको राष्ट्रिय महिला भलिबल टिम पनि सहभागी हुने प्रतियोगितामा विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ क्लब, नेपाल पुलिस क्लब र नेपाल आर्मी क्लब र शिवम् न्यु डायमन्ड एकेडेमी र आयोजकको चितवन टाइगर्सको सहभागिता हुनेछन्।

लिगकम नकाउटका आधारमा संचालन हुने प्रतियोगिताका बिजेताले नगद २ लाख, उपविजेताले १ लाख, तृतीयले ५० हजार र सान्त्वना हुने टिमले २५ हजार ट्रफी, मेडल र प्रमाणपत्र पाउन आयोजकले पत्रकार सम्मेलनमा जानकारी गराएको छ। यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद १० हजार रुपियाँ प्राप्त गर्नेछ भने अन्य विभिन्न चार विद्यागत उत्कृष्ट हुने खेलाडीले जनही ५ हजार नगद प्राप्त गर्ने पुरस्कार पाउने प्रचारप्रसार संयोजक रामहरि सेढाईले जानकारी दिए। फागुन १ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन शनिबार भरतपुर महानगरपालिकाको स्थित पटिहानी आधारभूत विद्यालय धनौजीको खेलमैदानमा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले गर्नुहुने कार्यक्रम रहेको छ।

# दुई कोरियाको संयुक्त मार्चपास

सियोल, (एजेन्सी)



प्योंगचांगमा भएको हिउँदे ओलम्पिक शुत्रबारबाट शुरू भएको छ। उद्घाटन समारोहमा आयोजक दक्षिण कोरियाले छिमेकी राष्ट्र उत्तर कोरियासँग एकताको नमुना पेश गरेको छ। उनीहरूका खेलाडीले दुबै कोरियाबीचको तनावमा पनि एउटै झण्डामुनि मार्च पास गरेका छन्। उत्तर कोरियाको आइस हकी खेलाडी चुंग गुम ह्वांग र दक्षिण कोरियाका बबस्लेडर वोन युन जोंगले सँगै झण्डा बोकेका थिए। यो विषयमा प्रतिक्रिया दिंदै ओलम्पिक अध्यक्ष थोमस बचले विभाजित गर्ने चाहेका शक्तिभन्दा हामी बलिया भएको बताएका छन्। ओलम्पिक रंगशालाभित्र ३५ हजार दर्शकले २ घण्टा अवधिको उद्घाटन समारोह रमाइलो गरेर हेरेको पनि सोल मिडियाले जनाएको छ।

उत्तर कोरियाले दक्षिण कोरियामा आयोजना हुने ओलम्पिकमा ५ खेलका लागि २२ खेलाडीलाई पठाएको छ। जसमा महिलाको आइस हकी खेलाडीले संयुक्त कोरियन टोलीबाट सहभागीता जनाउँदै छन्। संयुक्त रुपमा उनीहरूले गत आइतबार स्वीडेनविरुद्ध अभ्यास म्याच पनि खेलेका थिए। जसमा उनीहरू ३-१ ले पराजित भएका थिए।

ओलम्पिक उद्घाटन समारोहमा १ हजार २ सय १८ ड्रोन प्रयोग गरिएको थियो। जुन नयाँ गिनिज वर्ल्ड रेकर्डसमेत बनेको छ। १८ दिनसम्म चल्ने यस प्रतियोगितामा २ हजार ९ सय २५ खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। जसअन्तर्गत १ सय २ स्वर्ण पदकका लागि हिउँसँग सम्बन्धित १५ खेलहरू खेलाइनेछ। कुल ९३ झन्डामुनि हुने उक्त प्रतियोगितामा यसपटक इक्वेडोर, इरिटिरिया, कोसोभो, मलेसिया, नाइजेरिया र सिंगापुरले पहिलो पटक प्रतिस्पर्धा गर्दै छन्।

### ८६ जना नोरो भाइरसबाट संक्रमित

जारी हिउँदे ओलम्पिकको चुनौतीका रुपमा नोरो भाइरसलाई लिइएको छ। बिहीबारसम्म नोरो भाइरसबाट ८६ जना संक्रमित भएको पुष्टि गरिएको छ। तर तीमध्ये कोही पनि खेलाडी परेका छैनन्। केसीडीपीका अनुसार संक्रमित ८६ मध्ये ५८ जना सुरक्षा दलका सदस्य रहेको बताइएको छ। त्यस्तै १२ जना प्रहरी र ७ जना ओलम्पिक कमिटीको कार्यसमितिका सदस्य रहेको जनाइएको छ। नोरो भाइरस खाध सामाग्रीको कारणबाट फैलिएको आशंका गरिएको छ।

### रसियाली खेलाडी तटस्थ झण्डामुनि

ओलम्पिकबाट प्रतिबन्धित भएका रसियन खेलाडीले तटस्थ ओलम्पिक झण्डामुनि मार्च पास गरेका छन्। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले खेलकुदका लागि १ सय ६९ जना रसियालीहरूलाई निमन्त्रणा दिएको थियो। कोरिया पुगेका ती सबै रसियाली खेलाडीका लागि उचित बन्दोबस्तसमेत गरिएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले डोपिंगमा दोषी करार गर्दै रसियालाई यस प्रतियोगिता खेल्नबाट प्रतिबन्ध लगाएको थियो। तर अन्तर्राष्ट्रिय अदालत कोर्ट अफ आर्बिटेसन फर स्पोर्ट्स (कास) ले डोपिंग गरेको प्रमाण अपुग भएको कारण उनीहरूलाई क्लिन चिट दिएको थियो। जसका कारण तटस्थ ओलम्पिक झन्डामुनि उनीहरूले प्रतिस्पर्धा गर्ने अनुमति पाएका हुन्।

## धरहरा

# संकेत राम्रो !



नेता र गाडी एकले अर्कोलाई चिनाउने पर्यायावाची शब्द झैं बनेका छन्।

अर्थात् गाडी मोह मुलुकका नेताहरूको पुरानै 'कल्चर' हो। राज्यको सुविधाबाट होस या अन्य स्रोतबाट गाडी चाहिँ नेताले चढ्नैपर्ने। गाडी नभएका नेता त के नेता।

कुनै नेताले गाडी मोह त्याग्छ र आदर्शको कुरा गर्छ भने ऊ 'फ्लप नेता' को सूचीमा पर्ने सम्भावना उच्च रहन्छ। त्यही कारणले अहिले केन्द्रीय स्तरका नेता मात्रै होइन, क्षेत्रीय र स्थानीय स्तरका नेतामा समेत गाडी मोह बढेको छ।

नगरपालिका मात्रै होइन, धेरै गाउँपालिका गाडी खरिद गर्न जुटेका छन्। 'फ्लप' को सूचीमा पर्नु पनि त भएन।

त्यही भएर हो क्यार धनुषाको गणेशमान चारनाथ नगरपालिकाकी उप-मेयर मीनाकुमारी यादवले गाडीकै विषयलाई लिएर नगर बैठकको माइन्युट नै च्यातेकी छिन्। बैठकको प्रस्तावमा आफूलाई गाडी सुविधा दिने विषय उल्लेख नगरेको भन्दै उनले माइन्युट च्यातेको धरहराले बुझ्यो। जिल्ला धेरै नगरका उप-मेयरले गाडी सुविधा पाएको तर पनि आफूलाई भने कार्यकारी अधिकृतले वेवास्ता गरेको यादवको तर्क छ।

नगर क्षेत्रको अनुगमन गर्न स्कुटीमा निस्किँदा गाह्रो भयो रे म्याडमलाई। कार्यकारीले बाल हान्दै गरुन् म्याडम, यस्तो लक्षण त राष्ट्रिय नेता बन्ने संकेत हो।

विगतमा सडकमा ढुंगा हान्ने, गाडी फोड्ने, संसद्मा माइक तोड्ने, कुर्ची भाँच्ने र हानाहान गर्नेहरू नै त अहिलेका चल्तीका नेता हुन् नि!

# माउन्ट ग्लोरीलाई उपाधि




नेपाल समाचारपत्र

काठमाडौं

माउन्ट ग्लोरीले दोस्रो नेफ-साइपाल यु-१६ फाइभ ए साइड उपत्यकाव्यापी छात्र फुटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेको छ।

उत्तरभेगीय शैक्षिक मञ्च (नेफ) र साइपाल एकेडेमीद्वारा संयुक्त आयोजित प्रतियोगिताको फाइनलमा माउन्ट ग्लोरीले नेपालयलाई ७-० गोलले पराजित गऱ्यो। आयुश घलानले ह्याट्रिक गरे भने प्रीतम तामाङ र दिपेश गुरुङले २-२ गोल गरे। चुच्चेपाटीमा भएको प्रतियोगितामा विज्ञानले तेस्रो स्थानमा चित्त बुझायो। माउन्ट ग्लोरीका ह्याट्रिक कर्ता आयुश उत्कृष्ट खेलाडी घोषित भए भने विज्ञानका सागर अधिकारी उत्कृष्ट गोलरक्षक चुनिए।

प्रतियोगिताबाट उत्कृष्ट १६ खेलाडी छनोट गरी फिलिपिन्समा मैत्रीपूर्ण प्रतियोगिताका लागि अवसर दिइने नेफका अध्यक्ष नारायण रोकाले जानकारी गराए। त्यस्तै अन्य १० उत्कृष्टलाई साइपालले प्लस टु अध्ययनका लागि ६० हजारबराबरको छात्रवृत्ति प्रदान गर्नेछ।

# एपिएफ अन्तिम आठमा

बारा, (नेस)। नवजनजागृती यूवा क्लब सिमरालाई २-० गोल अन्तरले हराउँदै सशस्त्र प्रहरीको एपीएफ क्लब शुक्रबार सिमरा गोल्डकपको क्वाटर फाइनलमा प्रवेश गरेको छ।

घरेलु मैदानमा प्रतिस्पर्धा गरेको नवजनजागृतीलाई पाखा लगाउँदै एपीएफले क्वाटर फाइनलमा त्रिभुवन आर्मी क्लबसँगको भेट पक्का गरेको हो। एपीएफको जितमा रवि थिङ र रञ्जन विष्टले समान एक-एक गोल गरे। एपीएफको पहिलो रोजाइका युवराज खड्काको स्थानमा खेलको ६२औं मिनटमा मैदान प्रवेश गरेका रवि थिङले एपीएफका लागि खाता खोले। खेलको ७२औं मिनेटमा नवीन लामाको क्रसमा रविले उत्कृष्ट गोल गर्दै टिमलाई अग्रता दिलाए।

दोस्रो हाफको इन्जुरी समयमा रञ्जन विष्टले अर्को गोल गर्दै एपीएफलाई २-० को जित दिलाए। वन भर्सेस वनको स्थितिलाई सदुपयोग गर्दै रञ्जनले शानदार गोल गरे।

बाराका स्थानीय खेलाडी सहभागी नवजनजागृतीले पहिलो हाफमा एपीएफलाई कडा टक्कर दिए पनि नवजनजागृतीले गोलको अवसर सृजना गर्न सकेन। एपीएफले खेल अवधिभर सिर्जना गरेका अवसरलाई सदुपयोग गर्न नसक्दा जितका लागि अन्तिमसम्म कडा संघर्ष गऱ्यो।

# इनोभेटिभको विजयी शुरूआत




काठमाडौं, (नेस)

आयोजक इनोभेटिभ इङलिस स्कुलले सातौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्समा शुक्रबार विजयी शुरूआत गरेको छ।

शंखमूलस्थित घरेलु कोर्टमा इनोभेटिभले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए) लाई २९-३ ले सहजै पराजित गऱ्यो। सिनियर गर्ल्समै श्रीदिवाले ग्रिनल्यान्डलाई १३-१०, स्वप्न वाटिकाले ग्यालेक्सी पब्लिक स्कुललाई १६-६ तथा भ्याली पब्लिकले रातो बंगलालाई २४-१४ ले हराए। सिनियर ब्वाइजमा रेडिअन्टले काठमाडौं जेभियरलाई ४८-२० ले पन्छायो। विजेताका सुजन थपलियाले १४ स्कोर गरे। तेन्जिङ राईको १२ अंक सहयोगमा एचएचसीएले हिमालयलाई ३९-१५ ले निराश पाऱ्यो। एआईए विरुद्धको खेलमा बाबा ३३-२५ ले विजयी भयो। बाबाका गोकुल मोक्तानले ११ अंक जोडे।

# शिवरामको यस सिजनमा पाँचौ उपाधि




काठमाडौं, (नेस)

शिवराम श्रेष्ठले यस सिजनमा पाँचौ उपाधि जितेका छन्। शिवरामले गोकर्ण गल्फ क्लबमा भएको गल्फर पाइलट्स एनपीजीए क्लासिकको उपाधि शुक्रबार जितेका हुन्। सुर्य नेपाल गल्फ टुर २०१८-१९ अन्तर्गत छैटौं इभेन्टमा नेपालका नम्बर एक गल्फरले कूल ८ अन्डर २ सय स्कोर गरेका थिए। उनले अन्तिम दिन ७ अन्डर १ सय २९ स्कोर गरेपछि नै उपाधि पक्का भएको थियो। उनले ५५ हजार नगद प्राप्त गरे। दोस्रो स्थानमा रहेका भुवन नगरकोटीले ३७ हजार नगद हासिल गरेका थिए। तेस्रोमा रहेका रामे मगरले २५ हजार रुपियाँ प्राप्त गरे।

# चाँदबाग र निम्स सेमिफाइनलमा

काठमाडौं, (नेस)

द चाँदबाग स्कुल र आयोजक निम्स सातौं जितेन ठकुरी स्मृति अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्समा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्। चाँदबागले एपेक्स लाइफ स्कुललाई १७-१४ ले पराजित गऱ्यो। विजेताकी रिन्चेन डोल्कभ शेर्पाले ११ अंक जोडिन्। डिफेन्डिङ च्याम्पियन निम्सले सिद्धार्थ बनस्थलीलाई २९-२५ ले हरायो। टोलीकी डोल्मा तामाङले १० अंक जोडिन्। त्यस्तै सिद्धार्थ पनि उपविजेता हुँदै अन्तिम चारमा पुग्यो।

# ओडिसीको दोस्रो जित

काठमाडौं, (नेस)

ओडिसी इन्टरनेसनल एकेडेमीले प्रथम एक्टिभ अन्तरविद्यालय जुनियर ब्वाइज बास्केटबल प्रतियोगितामा शुक्रबार लगातार दोस्रो जित हात पारेको छ। ओडिसीले ज्ञानमालालाई १२-८ ले पराजित गऱ्यो। एक्टिभ स्कुलद्वारा आयोजित प्रतियोगिताको अन्य खेलमा पृथ्वीले आयोजक एक्टिभलाई २०-१२, मञ्जरीले प्रशान्तीलाई २५-१८ तथा लिटिल मुनले निब्सलाई २५-१६ ले हराए।

# विनायक अन्तिम चारमा

काठमाडौं, (नेस)

विनायक र न्यु स्टार पोल तेस्रो अर्किड कप अन्तरविद्यालय छात्र सेभेन ए साइड फुटबल प्रतियोगितामा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्। विनायकले बेस्ट ग्रुप भिजनलाई १-० गोलले पराजित गऱ्यो। सतिश थापाले निर्णायक गोल गरे। न्यु स्टारले आयोजक अर्किडलाई सडन डेथ (८-७) मा हरायो। हाइली क्रिएटिभ र डिफेन्डिङ च्याम्पियन नेक्ससले अन्तिम आठको यात्रा तय गरे।



# बार्सिलोना फाइनलमा

लन्डन, (एजेन्सी)

बार्सिलोना भ्यालेन्सियाको चुनौती समाप्त गरेर स्पेनिस कोपा डेल रे को फाइनलमा प्रवेश गरेको छ।

बिहीबार राति भ्यालेन्सियाको घरेलु मैदानमा भएको सेमिफाइनल खेलको दोस्रो लेगमा बार्सिलोनाले भ्यालेन्सियालाई २-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो। डिफेन्डिङ च्याम्पियन बार्सिलोनाको यो लगातार पाँचौं कोपा डेल रे फाइनल हो। बार्सिलोना समग्रमा ३-० ले विजयी भएको हो। पहिलो लेग बार्सिलोनाले आफ्नै घरेलु मैदानमा १-० ले जितेको थियो।

बार्सिलोनाले दुवै गोल दोस्रो हाफमा गरेको थियो। खेलको ४९औं मिनेटमा फिलिप कोउटिन्होले गोल गर्दै बार्सिलोनालाई शुरूवाती अग्रता दिलाएका थिए। यसैगरी खेलको ८२औं मिनेटमा इभान राकिटिचले गोल गर्दै बार्सिलोनाको जित २-० ले पक्का गरे। पछिल्लो तीन सिजन उपाधि जितेको बार्सिलोनाले यो चौथो पटक फाइनल खेल्न लागेको हो। बार्सिलोनाले उपाधि भिडन्तका लागि सेभियाको चुनौती पाएको छ। यसअघि बुधबार भएको खेलमा सेभियाले लेगानेसलाई समग्रमा ३-१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ